# लिङ्ग्वा फ्राङ्का नोभाको व्याकरण

२० मार्च २०२१

http://www.elefen.org/vici/gramatica/ne/xef

# विषयसूची


हिज्जे र उच्चारण . . . . . . . . . . ३

वाक्य . . . . . . . . . . ११

नाम . . . . . . . . . . १३

निर्धारक . . . . . . . . . . १७

सर्वनाम . . . . . . . . . . २४

विशेषण . . . . . . . . . . ३०

क्रियाविशेषण . . . . . . . . . . ३२

क्रियापद . . . . . . . . . . ३७

सम्बन्ध कारक . . . . . . . . . . ४४

संयोजक . . . . . . . . . . ५९

प्रश्न . . . . . . . . . . ६३

उपवाक्य . . . . . . . . . . ६६

गणनाक्रम . . . . . . . . . . ७१

शब्दरचना . . . . . . . . . . ७७

सङ्क्षेपक चिह्न . . . . . . . . . . ८७

लेख्य चिह्न . . . . . . . . . . ८९

# हिज्जे र उच्चारण

## *वर्णमाला*

एलेफेनले विश्वमा सर्वाधिक प्रयोग गरिने दुई लिपिहरूको प्रयोग गर्छ – रोमन र सिरिलिक ।

- रोमन (लघ्वक्षर)
  **a b c d e f g h i j l m n o p r s t u v x z**

- रोमन (बृहदाक्षर)
  **A B C D E F G H I J L M N O P R S T U V X Z**

- रोमन (लघ्वक्षर)
  **а б к д е ф г х и ж л м н о п р с т у в ш з**

- रोमन (बृहदाक्षर)
  **А Б К Д Е Ф Г Х И Ж Л М Н О П Р С Т У В Ш З**

सामान्य शब्दहरूमा K, Q, W र Y को प्रयोग गरिँदैन । व्यक्तिवाचक नाम र गैर-एलेफेन शब्दका मैलिकता जोगाउन मात्र ती अक्षरहरूको प्रयोग गरिन्छ । यही नियम सिरिलिकका अक्षरहरूमा पनि लागु गरिएको छ ।

H पनि केही पारिभाषिक तथा सांस्कृतिक शब्दहरूमा बाहेक अन्य शब्दहरूमा कम नै देखिन्छ ।

## *बृहदाक्षर*

वाक्यको पहिलो शब्दको सुरुवातमा बृहदाक्षरको प्रयोग गरिन्छ ।

बृहदाक्षरलाई व्यक्तिवाचक नामको सुरुवातमा पनि प्रयोग गरिन्छ । कुनै पनि व्यक्तिवाचक नाममा एकभन्दा बढी शब्दहरू छन् भने **la** र **de** जस्ता सानातिना शब्दहरूबाहेक अरू सबै शब्दको सुरुवातमा बृहदाक्षरको प्रयोग गरिन्छ :

- वास्तविक वा काल्पनिक व्यक्ति तथा मानवीकृत वस्तु वा पशुधन
  **Maria, San Paulo, Barack Obama, Jan de Hartog, Seniora Braun, Oscar de la Renta, Mickey Mouse**

- आयोजना, सङ्गठन, सङ्घसंस्था तथा समाज
  **Ikea, Nasiones Unida, Organiza Mundal de Sania**

- महादेश, देश, सहर, गाउँ तथा अन्य राजनीतिक एकाइ
  **Frans, Atina, Site de New York, Statos Unida de America**

- हिमाल, पहाड, महासागर, सागर, नदी, ताल तथा अन्य भौगोलिक स्थल
  **la Alpes, Rio Amazon, Mar Atlantica**

- एकल स्वरवर्ण तथा व्यञ्जनवर्ण
  **E, N**

यद्यपि, कलात्मक तथा साहित्यिक रचनाका नाममा केवल पहिलो शब्दको सुरुवातमा बृहदाक्षरको प्रयोग गरिन्छ :

- **Un sonia de un note de mediaestate** – *अ मिडसमर नाइट्स ड्रिम*

- **La frates Karamazov** – *द ब्रदर्ज कारामाजोभ*
- **Tocata e fuga en D minor** – *तोकाता एन्ड फुगा इन डी माइनर*

कहिलेकाहीँ, चेतावनीमा झैँ सम्पूर्ण शब्द वा उपवाक्यमा जोड दिनलाई त्यसलाई बृहदाक्षरमा लेखिन्छ।

केही भाषामा बृहदाक्षरको प्रयोग गरिने स्थितिमा पनि एलेफेनमा लघ्वक्षरकै प्रयोग गरिन्छ :

- बार
  **lundi, jovedi** – सोमबार, बिहीबार

- महिना
  **marto, novembre** – मार्च, नोभेम्बर

- चाडपर्व वा सार्वजनिक बिदाको दिन
  **natal, ramadan, pascua** – क्रिसमस, रमजान, इस्टर

- शताब्दी
  **la sentenio dudes-un** – एक्काइसौँ शताब्दी

- भाषा तथा समुदाय
  **catalan, xines** – कातालान, चिनियाँ

- सङ्क्षेपक चिह्न
  **lfn, pf**

## *अक्षरका नाम*

कुनै शब्दको हिज्जे वाचन गर्दा वा सामान्य रूपमा एलेफेन वर्णमालाको वाचन गर्दा निम्न शब्दांश वा लगभग उस्तै तरिकाले उच्चारण गरिने नेपालीमा अनुपस्थित शब्दांशको प्रयोग गरिन्छ :

- **a be ce de e ef ge hax i je ka el em en o pe qua er es te u ve wa ex ya ze**

यी नाम हुन् र यिनीहरूलाई बहुवचन बनाउन सकिन्छ : **as, bes, efes.**

लेख्दाखेरि अक्षरको एकल रूपलाई बृहदाक्षरमा प्रस्तुत गर्न सकिन्छ र बहुवचनमा **-s** प्रत्यय लगाउन सकिन्छ :

- **La parola "matematica" ave tre As, du Ms, e un E.** –
  "matematica" शब्दमा तीनवटा "A", दुइटा "M" र एउटा "E" हुन्छ।

## *स्वरवर्ण*

A, E, I, O र U लाई स्पेनिया भाषामा जस्तै गरी उच्चारण गरिन्छ :

| | | | | |
|---|---|---|---|---|
| **A** | [a] | आ | अग्र, खुला, अगोलित स्वरवर्ण | **ambasada** |
| **E** | [e] | ए | अग्र, आधाबन्द, अगोलित स्वरवर्ण | **estende** |
| **I** | [i] | इ / ई | अग्र, बन्द, अगोलित / दीर्घ स्वरवर्ण | **ibridi** |
| **O** | [o] | ओ | पश्च, आधाबन्द, गोलित स्वरवर्ण | **odorosa** |
| **U** | [u] | उ / ऊ | पश्च, बन्द, गोलित / दीर्घ स्वरवर्ण | **cultur** |

स्वरवर्णको उच्चारणमा केही हदसम्म भिन्नतालाई स्विकारिन्छ। उदाहरणका लागि कुनै प्रकारको भ्रान्ति पैदा नगरी A लाई "आ", E लाई "ए" वा हिन्दी तरिकाले "ऐ" र O लाई "अ" वा "ओ" वा हिन्दी तरिकाले "औ" उच्चारण गर्न सकिन्छ।

### *सन्ध्यक्षर*

दुइटा स्वरवर्णलाई क्रमशः प्रयोग गर्दा ती स्वरवर्णलाई छुट्टाछुट्टै उच्चारण गरिन्छ।

यद्यपि, क्रममा दोस्रो स्वरवर्ण I वा U हो भने त्यसले एउटा सन्ध्यक्षर बनाउँछ :

| | | | | |
|---|---|---|---|---|
| **AI** | [aj] | आइ | "सोसाइटी" को "आइ" जस्तो उच्चारण | **pais** |
| **AU** | [aw] | आउ | "साउन" को "आउ" जस्तो उच्चारण | **auto** |
| **EU** | [ew] | एउ | "देउता" को "एउ" जस्तो उच्चारण | **euro** |
| **OI** | [oj] | ओइ | "पोइ" को "ओइ" जस्तो उच्चारण | **seluloide** |

उपसर्गको प्रयोग गरेर सन्ध्यक्षर बन्दैन : **reuni** [re-uni], **supraindise** [supra-indise]। समान कारणले गर्दा केही अन्य शब्दहरूमा पनि दुइटा भिन्न शब्दांशको उच्चारण गरिन्छ : **egoiste** [ego-iste], **proibi** [pro-ibi]। त्यस्ता शब्दलाई शब्दकोशमा सङ्केत गरिएको हुन्छ, जस्तै – "proibi (o-i)"।

EI को प्रयोग पनि थोरै नै हुन्छ। उक्त स्वरानुक्रमलाई भिन्न स्वरका रूपमा उच्चारण गरिन्छ : **ateiste** [ate-iste], **feida** [fe-ida], **reinventa** [re-inventa]। तथापि, यसरी भिन्न स्वरको उच्चारण गर्न गाह्रो मान्ने व्यक्तिहरूले यस स्वरानुक्रमलाई [ej] वा [e] को रूपमा पनि उच्चारण गर्न सक्छन्।

जब I वा U लाई कुनै स्वरवर्णको अगाडि प्रयोग गरिन्छ, तब निम्न अवसरहरूमा त्यसलाई अङ्ग्रेजी Y वा W को रूपमा उच्चारण गरिन्छ :

- शब्दको सुरुवातमा
  **ioga** [joga], **ueste** [weste]

- दुइटा स्वरवर्णको बिचमा
  **joia** [ʒoja], **ciui** [kiwi], **veia** [veja]

- दुइटा स्वरवर्णको बिचमा LI वा NI को प्रयोग हुँदा
  **folia** [folja], **anio** [anjo] – तर शब्दको पहिलो अंशमा प्रयोग हुँदा चाहिँ होइन

- स्वरवर्णको अगाडि CU वा GU को प्रयोग हुँदा
  **acua** [akwa], **cual** [kwal], **sangue** [sangwe]

अन्य अवसरहरूमा I र U लाई पूर्ण स्वरको रूपमा नै उच्चारण गरिन्छ, जस्तै – **emosia**, **abitual**, **plia**।

सन्ध्यक्षरका उचित उच्चारणका लागि यी नियम बनाइए पनि यिनको पालनामा खासै जोड दिइँदैन।

### *व्यञ्जनवर्ण*

निम्न अक्षर एलेफेनमा व्यञ्जनवर्ण हुन् :

| | | | | |
|---|---|---|---|---|
| **B** | [b] | ब | ओष्ठ्य, स्पर्शी, सघोष, अल्पप्राण व्यञ्जनवर्ण | **bebe** |
| **C** | [k] | क | कण्ठ्य, स्पर्शी, अघोष, अल्पप्राण व्यञ्जनवर्ण | **clica** |
| **D** | [d] | द | दन्त्य, स्पर्शी, अघोष, अल्पप्राण व्यञ्जनवर्ण | **donada** |
| **F** | [f] | फ | दन्तोष्ठ्य, स्पर्शी, अघोष, महाप्राण व्यञ्जनवर्ण | **fotografi** |
| **G** | [g] | ग | कण्ठ्य, स्पर्शी, सघोष, अल्पप्राण व्यञ्जनवर्ण | **garga** |
| **H** | [h] | ह | कण्ठ्य, सङ्घर्षी, सघोष, महाप्राण व्यञ्जनवर्ण | **haicu** |
| **J** | [ʒ] | ज (फ्रेन्च उच्चारण) | तालव्य, सङ्घर्षी, सघोष, अल्पप्राण व्यञ्जनवर्ण | **jeolojia** |
| **L** | [l] | ल | दन्त्य, स्पर्शी, सघोष, अल्पप्राण व्यञ्जनवर्ण | **lingual** |
| **M** | [m] | म | ओष्ठ्य, अनुनासिक, सघोष, अल्पप्राण व्यञ्जनवर्ण | **mesma** |
| **N** | [n] | न | दन्त्य, अनुनासिक, सघोष, अल्पप्राण व्यञ्जनवर्ण | **negante** |
| **P** | [p] | प | ओष्ठ्य, स्पर्शी, अघोष, अल्पप्राण व्यञ्जनवर्ण | **paper** |
| **R** | [r] | र | मूर्धन्य, अन्तःस्थ, सघोष, अल्पप्राण व्यञ्जनवर्ण | **rubarbo** |
| **S** | [s] | स | दन्त्य, सङ्घर्षी, अघोष, महाप्राण व्यञ्जनवर्ण | **sistemes** |
| **T** | [t] | त | दन्त्य, स्पर्शी, अघोष, अल्पप्राण व्यञ्जनवर्ण | **tota** |
| **V** | [v] | व | दन्तोष्ठ्य, अन्तःस्थ, सघोष, अल्पप्राण व्यञ्जनवर्ण | **vivosa** |
| **X** | [ʃ] | श | तालव्य, सङ्घर्षी, अघोष, महाप्राण व्यञ्जनवर्ण | **xuxa** |
| **Z** | [z] | 'ज' र 'झ' को बिच | दन्त्य, सङ्घर्षी, सघोष, अल्पप्राण व्यञ्जनवर्ण | **zezea** |

निम्नलिखित बुँदाहरूमा ध्यान दिनुहोस् :

- **C** लाई जहिले पनि 'क' उच्चारण गरिन्छ, कहिले पनि 'स' उच्चारण गरिँदैन ।
- **G** लाई जहिले पनि 'ग' उच्चारण गरिन्छ, कहिले पनि 'ज' उच्चारण गरिँदैन ।
- **J** लाई फ्रेन्च वा पोर्तगालीमा झैँ उच्चारण गरिन्छ, जुन अङ्ग्रेजी शब्द treasure को S सँग मिल्दोजुल्दो हुन्छ ।
- **N** लाई **longa** वा **ance** मा झैँ G वा C को अगाडि प्रयोग गर्दा त्यसलाई 'ङ' उच्चारण गरिन्छ ।
- **R** लाई स्पेनिया वा इटालेलीमा झैँ जिभ्रो बटारी उच्चारण गरिन्छ ।
- **V** लाई जहिले पनि 'व' उच्चारण गरिन्छ, स्पेनिया वा नेपालीमा झैँ कहिल्यै 'ब' उच्चारण गरिँदैन ।
- **X** लाई जहिले पनि 'श' उच्चारण गरिन्छ, कहिले पनि 'क्स' वा 'क्ष' उच्चारण गरिँदैन ।
- **Z** लाई अङ्ग्रेजी शब्द zoo को Z झैँ उच्चारण गरिन्छ, अर्थात् त्यसको उच्चारण 'ज' र 'झ' को बिचमा हुन्छ ।

केही वक्तालाई केही व्यञ्जनवर्णको उच्चारणमा विभिन्न प्रकारका समस्या हुने भएकाले एलेफेनको उच्चारणमा निम्न विविधतालाई स्विकारिएको छ :

- **J**

  J लाई 'ज' उच्चारण पनि गर्न सकिन्छ ।

- **R**

  R को उच्चारण स्पष्ट भएसम्म त्यसलाई जिभ्रो नबटारी पनि उच्चारण गर्न सकिन्छ ।

- **X**

  X लाई 'च' उच्चारण पनि गर्न सकिन्छ ।

- **Z**

  Z लाई 'त्स' उच्चारण पनि गर्न सकिन्छ ।

- **haicu, bahamas**
  H लाई वक्ताको इच्छाअनुसार मूक छोड्न सकिन्छ : [aicu], [ba-amas] ।

- **blog, club**
  केही अन्तर्राष्ट्रिय शब्दहरू असामान्य व्यञ्जनवर्णमा टुङ्गिन्छन् । त्यस्ता स्थितिहरूमा शब्दको अन्त्यमा E जोड्न सकिन्छ : [bloge], [klube] ।

- **spada, strada**
  धेरै शब्दहरूको सुरुवातमा S र त्यसपछि कुनै व्यञ्जनवर्णको प्रयोग गरिन्छ । त्यस्ता शब्दका उच्चारणमा समस्या परेमा शब्दको सुरुवातमा E जोड्न सकिन्छ : [espada], [estrada] ।

- **gnostica, psicolojia**
  केही पारिभाषिक शब्दहरू FT, GN, MN, PS वा PT जस्ता असामान्य व्यञ्जन समूहबाट सुरु हुन्छन् । त्यस्ता शब्द बोल्ने बेला पहिलो व्यञ्जनवर्णको उच्चारण नगर्दा पनि हुन्छ ।

- **ambargis, esflue, fortres, rontgen**
  केही शब्दहरूमा तीन वा तीनभन्दा बढी व्यञ्जनवर्णलाई क्रमशः प्रयोग गरिन्छ । त्यस्ता शब्दका उच्चारणमा समस्या परेमा शब्दको बिचमा श्वा (अ) थप्न सकिन्छ : [ambarəgris], [esəflue], [forətres/fortəres], [rontəgen] ।

## *गैर-एलेफेन वर्ण*

कुनै पनि शब्दमा गैर-एलेफेन वर्णको प्रयोग गरिएको छ भने तिनलाई निम्न प्रकारले उच्चारण गरिन्छ :

| | | |
|---|---|---|
| **K** | [k] | क |
| **Q** | [k] | क |
| **W** | [u] वा [w] | उ / ऊ / व |
| **Y** | [i] वा [j] | इ / ई / य |
| **Ё** | [jo] | इओ |
| **Й** | [i] वा [j] | इ / ई / य |
| **Ц** | [ts] | त्स |
| **Ч** | [tʃ] | त्श |
| **Щ** | [ʃtʃ] | श्त्श |
| **Ы** | [i] | इ / ई |
| **Э** | [e] | ए |
| **Ю** | [ju] | इउ / इऊ |
| **Я** | [ja] | इअ |

## *स्वराघात*

एकभन्दा बढी स्वरवर्ण रहेको शब्दमा एउटा स्वरवर्णमा अर्कोभन्दा बढी स्वराघात हुन्छ । निम्न भागमा स्वराघात भएका स्वरवर्ण चिनाउन सो वर्णमा सर्कमफ्लेक्स चिह्न (ˆ) को प्रयोग गरिएको छ ।

सामान्यतया शब्दको उपान्त अंशमा स्वराघात हुन्छ :

- **fâlda**

- **intêgra**
- **matematîca**
- **albatrôs**
- **ranûr**

शब्दमा प्रत्यय जोड्दा स्वराघातमा परिवर्तन हुन सक्छ :

- **matematîca → matematicâl**
- **radiogrâf → radiogrâfia** (अपरिवर्तित)
- **radiogrâf → radiografîste**

यद्यपि, शब्दलाई बहुवचन बनाउने **-s** प्रत्यय जोड्दा स्वराघातमा कुनै परिवर्तन हुँदैन :

- **un fâlda → du fâldas**
- **un jovên → tre jovênes**
- **âmbos —** बहुवचन सरह स्वराघात हुने एक विशेष शब्द

स्वराघातको स्थितिमा सन्ध्यक्षरका I वा U लाई व्यञ्जनवर्ण झैँ व्यवहार गरिन्छ :

- **abâia**
- **cîui**
- **bonsâi**
- **cacâu**

अन्तिम व्यञ्जनवर्णको अगाडि कुनै स्वरवर्णको प्रयोग गरिएको छैन भने पहिलो स्वरवर्णमा स्वराघात हुन्छ :

- **trâe**
- **fêa**
- **tîo**
- **prôa**
- **jûa**

केही शब्दहरूमा अन्तिम व्यञ्जनवर्णको पछाडि पनि एकभन्दा बढी स्वरवर्णको प्रयोग गरिन्छ। ती स्वरवर्ण IA, IE, IO, UA, UE वा UO हुन् भने पनि अन्तिम व्यञ्जनवर्णको अगाडि रहेको स्वरवर्णमा नै स्वराघात हुन्छ :

- **asêntua**
- **jelôsia**
- **rîtuo**
- **âlio**

यद्यपि, अन्त्यमा प्रयोग भएका स्वरवर्णहरू AE, AO, EA, EO, OA, OE वा UI हुन् भने उक्त स्वरवर्णको जोडीको पहिलो स्वरवर्णमा स्वराघात हुन्छ :

- **conêo**
- **idêa**
- **sutrâe**
- **prodûi**

तर अर्को नियमले गर्दा **estîngui** मा U लाई अर्धस्वर मानिन्छ ।

**Ala**, **asi**, **agu**, **ami**, **enemi**, **perce**, **alo** र **ura** मा धेरैजसो उपान्तमा भन्दा पनि अन्तिम स्वरवर्णमा जोड दिइन्छ । दुवै उच्चारणलाई स्विकारिन्छ ।

**Parario** र **mediadia** जस्ता समासमा दोस्रो भागको स्वराघातलाई कायम राखिन्छ ।

एलेफेनमा शब्द उच्चारण गरिने सुरले शब्दको अर्थमा कुनै परिवर्तन हुँदैन । यद्यपि, वाक्यको अन्त्यमा सुरको उच्चताले प्रश्नको सङ्केत गर्छ :

- **Tu parla portuges? —** अन्तिम शब्दमा उच्च सुर
- **Tu no parla portuges. —** अन्तिम शब्दमा अपरिवर्तित सुर

### *स्वरसन्धान*

एलेफेनमा सामान्य शब्दरचनालाई निश्चित नियमहरूले बाँध्छ ।

**Reenvia** र **coopera** जस्ता शब्दहरूमा झैँ उपसर्गको प्रयोग गरेर दोहोरिएको स्थितिमा मात्रै एउटै स्वरवर्णलाई क्रमशः प्रयोग गर्न सकिन्छ । यस्ता स्थितिमा दुवै स्वरवर्णलाई छुट्टछुट्टै उच्चारण गरिन्छ ।

**ei** र **ou** स्वरानुक्रमलाई मान्यता दिइँदैन । यद्यपि, **reincarne** जस्ता **re-** बाट सुरु हुने शब्दहरूमा **ei** को प्रयोग गरिन्छ । यी दुवै स्वरवर्णलाई छुट्टछुट्टै उच्चारण गरिन्छ ।

**ei** सामान्यतया **preistoria** र **reincarne** जस्ता **e** मा अन्त्य हुने उपसर्ग लागेका शब्द र **fein** र **veida** जस्ता **i** बाट सुरु हुने प्रत्यय लागेका शब्दमा प्रयोग गरिन्छ । **ei** मा मानक रूपमा दुवै स्वरवर्णलाई छुट्टै उच्चारण गरिए पनि वक्ताको इच्छाअनुसार [ej] र [e] लाई पनि स्विकारिन्छ ।

**ou** स्वरानुक्रमलाई सामान्यतया स्विकारिँदैन ।

प्रत्यय जोड्दा एलेफेनमा अस्वीकृत स्वरानुक्रम बन्छ भने उक्त स्वरानुक्रमको दोस्रो स्वरवर्णलाई हटाइन्छ :

- **comedia + -iste** → (comediiste) → **comediste —** हास्य कलाकार

शब्दांशको सुरुमा निम्नलिखित २२ व्यञ्जन समूहलाई मात्र प्रयोग गर्न मिल्छ :

- **bl-, cl-, fl-, gl-, pl-**
- **br-, cr-, dr-, fr-, gr-, pr-, tr-**
- **sc-, sf-, sl-, sp-, st-**
- **scl-, scr-, spl-, spr-, str-**

शब्दांशको अन्त्यमा निम्नलिखित व्यञ्जनवर्णलाई मात्र प्रयोग गर्न मिल्छ र तिनीहरूको अगाडि एउटा स्वरवर्ण हुनुपर्छ :

- **-f, -s, -x**
- **-m, -n, -l, -r**

शब्दको बिचमा रहेको व्यञ्जन समूहलाई दुइटा स्वीकृत व्यञ्जन समूहमा छुट्ट्याउन सकिन्छ भने त्यसलाई स्विकारिन्छ :

- **encontrante = en-con-tran-te**
- **mostrablia = mo-stra-bli-a**
- **instinto = in-stin-to**

व्यक्तिवाचक नाम, पारिभाषिक शब्द, अन्तर्राष्ट्रिय शब्द र सांस्कृतिक शब्दमा यी नियमहरूको पालना नगर्न पनि सकिन्छ ।

# वाक्य

एलेफेनमा धेरैजसो **वाक्य**मा एउटा क्रियारूपायित वाक्यांश हुन्छ जसले कुनै काम गरेको वा कुनै घटना घटेको बुझाउँछ । क्रियारूपायित वाक्यांशमा एउटा क्रिया र क्रियाविशेषण वा सम्बन्ध कारक जस्ता विशेषक हुन्छन् ।

धेरैजसो वाक्यमा कम्तीमा पनि एउटा नामिक पद हुन्छ जसले कुनै व्यक्ति वा वस्तुलाई जनाउँछ । नामिक पदमा एउटा नाम र निर्धारक, विशेषण वा सम्बन्ध कारक जस्ता विशेषक हुन्छन् ।

## *कर्ता र कर्म*

नामिक पदमा दुई महत्त्वपूर्ण भाग हुन् **कर्ता** र **कर्म** । तिनीहरूको ठिक अर्थ त वाक्यमा भर पर्छ तर सामान्य रूपमा भन्दा क्रियाव्यापारको प्रमुख सञ्चालक अर्थात् काम गर्ने व्यक्ति वा वस्तुलाई कर्ता भनिन्छ र कर्ताले गरेको कामको प्रत्यक्ष असर पर्ने व्यक्ति वा वस्तुलाई कर्म भनिन्छ ।

एलेफेनमा कर्ता जहिले पनि क्रियापदको अगाडि आउँछ र कर्म जहिले क्रियापदको पछाडि :

- **La gato** xasa **la scural.** — बिरालो (*कर्ता*) ... लखेट्छ (*क्रिया*) ... लोखर्के (*कर्म*) ।
- **La xica** gusta **la musica.** — केटी (*कर्ता*) ... मन पराउँछिन् (*क्रिया*) ... सङ्गीत (*कर्म*) ।
- **La can** dormi. — कुकुर (*कर्ता*) ... सुत्छ (*क्रिया*) ।

धेरैजसो क्रियालाई कर्ता चाहिन्छ तर कर्म चाहिँदैन ।

## *पूरक*

वाक्यको अर्को महत्त्वपूर्ण अंश हो **पूरक** । यो **es** (हुनु), **deveni** (बन्नु), **pare** (देखिनु) र **resta** (रहनु) जस्ता अपूर्ण वा पूरकापेक्षी क्रियापद प्रयुक्त वाक्यमा जोडिई क्रियापदको अर्थलाई पूरा गराउन सहयोग गर्छ :

- Computadoras es **macinas.** — कम्प्युटर (*कर्ता*) ... हुन् (*क्रिया*) ... मेसिन (*पूरक*) ।
- La aira pare **umida.** — हावा (*कर्ता*) ... देखिन्छ (*क्रिया*) ... आर्द्र (*पूरक*) ।
- La comida deveni **fria.** — खाना (*कर्ता*) ... हुन्छ (*क्रिया*) ... चिसो (*पूरक*) ।
- La patatas ia resta **calda.** — आलुहरू (*कर्ता*) ... रहे (*क्रिया*) ... ताता (*पूरक*) ।
- Nosa taxe es **reconstrui la mur.** — हाम्रो काम (*कर्ता*) ... हो (*क्रिया*) ... भित्ताको पुनर्निर्माण गर्नु (*पूरक*) ।
- La idea es **ce tu canta.** — योजना (*कर्ता*) ... हो (*क्रिया*) ... चाहिँ तिमीले गाउने (*पूरक*) ।

केही भाषाहरूमा कर्मको पनि पूरक हुन सक्छ, जस्तै – "जनताले उनलाई *राष्ट्रपति* बनाए" । त्यस्तो प्रकारको पूरक एलेफेनमा हुँदैन ।

## *सम्बन्ध कारक*

वाक्यको अर्को महत्त्वपूर्ण अंश हो **सम्बन्ध कारक**, जसले अगाडि रहेको नाम वा क्रियापद वा पूरै वाक्यमा विवरण थप्छ :

- La om ia cade **tra sua seja.** — पुरुष (*कर्ता*) ... लडे (*क्रिया*) ... आफ्नो कुर्सीबाट (*सम्बन्ध कारक*) ।
- **En la note,** la stelas apare. — राति (*सम्बन्ध कारक*) ... ताराहरू (*कर्ता*) ... देखिन्छन् (*क्रिया*) ।

- Me dona esta poma **a tu.** — म (*कर्ता*) ... दिन्छु (*क्रिया*) ... यो स्याउ (*कर्म*) ... तिमीलाई (*सम्बन्ध कारक*)।
- Tu no aspeta **como tua foto.** — तिमी (*कर्ता*) ... देखिँदैनौ (*क्रिया*) ... तिम्रो फोटो जस्तो (*सम्बन्ध कारक*)।

### *उपवाक्य*

वाक्यांशका साथै केही वाक्यहरूमा उपवाक्य हुन्छन् जुन हेर्नमा ठुलो वाक्यभित्र रहेको सानो वाक्य जस्तो देखिन्छ। उपवाक्यले नामिक पद, क्रियारूपायित वाक्यांश वा सम्पूर्ण वाक्यको अर्थमा परिवर्तन ल्याउन सक्छ :

- La om **ci ia abita asi** ia vade a Nu Iorc. — यहाँ बस्ने पुरुष न्युयोर्क गए।
- El va visita en julio, **cuando la clima es bon.** — उनी जुलाईमा आउने छन्, जब हावापानी सुहाउँदो हुन्छ।
- On no ia permete fa la cosas **como me ia desira.** — मलाई जे मन लाग्यो, त्यही गर्ने अनुमति थिएन।
- Me pensa **ce el es bela.** — मलाई लाग्छ कि उनी सुन्दर छिन्।

# नाम

सामान्यतया निर्धारकले वाक्यमा **नाम**को परिचय गराउँछ र नामको पछाडि विशेषण वा सम्बन्ध कारकको प्रयोग गर्न सकिन्छ, जसले गर्दा नामिक पदको रचना हुन्छ । सामान्य नामले व्यक्ति, वस्तु वा स्थान जस्ता भौतिक चिजलाई जनाउँछ तर नामले व्याकरणात्मक दृष्टिले समान भावना तथा अवधारणालाई समेत बुझाउन सक्छ ।

## *बहुवचन*

नामको पछाडि **-s** प्रत्यय जोड्दा उक्त नाम बहुवचन हुन्छ । एकवचन नामको अन्तिममा व्यञ्जनवर्ण छ भने सो नामको अन्त्यमा **-es** प्रत्यय लगाउनुपर्छ । बहुवचन प्रत्ययले शब्दको स्वराघातमा कुनै परिवर्तन ल्याउँदैन :

- **gâto, gâtos —** बिरालो, बिरालाहरू
- **ôm, ômes —** पुरुष, पुरुषहरू

नाम बहुवचन भए पनि उक्त नामको गुण वा विशेषता जनाउने विशेषणमा कुनै परिवर्तन हुँदैन । यद्यपि, विशेषणलाई नामको रूपमा प्रयोग गर्दा सो विशेषणलाई बहुवचनमा बदल्न सकिन्छ :

- **la bones, la males, e la feas —** राम्रा, नराम्रा र कुरूप (व्यक्तिहरू)
- **multe belas —** धेरै सौन्दर्य

केही भाषाहरूमा बहुवचन मानिने केही वस्तुहरूलाई एलेफेनमा एकवचन मानिन्छ :

- El regarda un **sisor** con un **binoculo. —** उसले दूरबिनको प्रयोग गरी कैँचीलाई हेर्दै छ ।
- On usa un **bretela** per suporta sua **pantalon. —** पाइन्टलाई झर्न नदिन सस्पेन्डरको प्रयोग गरिन्छ ।
- Me ia compra esta **oculo** de sol en **Nederland. —** मैले यो धूपको चस्मा नेदरल्यान्डमा किनेकी थिएँ ।

## *गणनीय र अगणनीय नाम*

धेरै भाषाहरूमा जसरी नै एलेफेनमा पनि नामलाई **गणनीय** र **अगणनीय** गरी दुई भागमा छुट्ट्याइन्छ । गणनीय नामलाई सङ्ख्याको आधारमा परिवर्तन गर्न सकिन्छ र त्यस्ता नामले बहुवचन प्रत्यय **-s** स्विकार्छन् । सामान्य गणनीय नामले विशिष्ट एकाइलाई जनाउँछ :

- **un** auto; la auto**s**; **cuatro** auto**s —** कार; कारहरू; चारवटा कारहरू
- **un** gato; multe **gatos;un milion** gato**s —** बिरालो; धेरै बिरालाहरू; दस लाख बिरालाहरू

गणनीय नामका विपरीत अगणनीय नामले बहुवचन प्रत्यय **-s** स्विकार्दैनन् । सामान्य अगणनीय नामले तरल पदार्थ, धुलो पदार्थ, द्रव्य, भावना र अवधारणा जस्ता अविशिष्ट एकाइलाई जनाउँछ । अगणनीय नामको अगाडि परिमाणबोधक विशेषणको प्रयोग गर्दा स्पष्टताका लागि नापतौलको एकाइ पनि राखिन्छ :

- la acua; alga acua; **tre tases de** acua **—** पानी; थोरै पानी; तीन कप पानी
- lenio; multe lenio; **du peseos de** lenio **—** काठ; धेरै काठ; दुई टुक्रा काठ

यद्यपि, विशेष स्थितिहरूमा अगणनीय नामलाई गणनीय नामका रूपमा पनि प्रयोग गर्न सकिन्छ :

- Du **cafes,** per favore. **—** कृपया दुइटा कफी पाऊँ ।

- Me ia proba multe **cesos.** — मैले धेरै चिजहरू चाखेको छु ।
- On no pote compara la **belias** de Paris e Venezia. — पेरिस र भेनिसका सुन्दरताका तुलना गर्न सकिँदैन ।

## *लिङ्ग*

सामान्यतया एलेफेनमा नामले आफूले चिनाएको वस्तुको लिङ्ग जनाउँदैन । नामको लिङ्ग जनाउन **mas** र **fema** विशेषणहरूको प्रयोग गरिन्छ :

- **un cavalo mas** — घोडा
- **un cavalo fema** — घोडी

यद्यपि, पारिवारिक सम्बन्ध जनाउने केही शब्दहरूको अन्त्यमा **-a** भए स्त्रीलिङ्ग र **-o** भए पुलिङ्ग भन्ने बुझिन्छ :

- **ava, avo** — हजुरआमा, हजुरबुबा
- **fia, fio** — छोरी, छोरा
- **neta, neto** — नाति, नातिनी
- **sobrina, sobrino** — भतिजी / भान्जी, भतिजा / भान्जा
- **sposa, sposo** — पत्नी, पति
- **tia, tio** — काकी / माइजू, काका / मामा
- **xica, xico** — केटी, केटो

केही शब्दहरू सुन्नमा भिन्न भए पनि तिनीहरूले एउटै धारणाका भिन्न लिङ्गलाई चिनाउँछन् :

- **dama, cavalor** — बेगम, बादसाह
- **diva, dio** — भगवती, भगवान्
- **fem, om** — महिला, पुरुष
- **madre, padre** — आमा, बुबा
- **rea, reo** — रानी, राजा
- **seniora, senior** — श्रीमती, श्रीमान्
- **sore, frate** — दिदी / बहिनी, दाइ / भाइ

कहिलेकाहीँ ऐतिहासिक सामाजिक भूमिकाका पदको नाममा **-esa** प्रत्यय लगाई सो पदलाई स्त्रीलिङ्गी बनाइन्छ :

- **abade, abadesa** — मठाधीश (पुलिङ्गी), मठाधीश (स्त्रीलिङ्गी)
- **baron, baronesa** — ब्यारन, ब्यारोनेस
- **conte, contesa** — काउन्ट, काउन्टेस
- **duxe, duxesa** — डचुक, डचेस
- **imperor, imperoresa** — सम्राट्, सम्राज्ञी
- **marci, marcesa** — मार्केस, मार्सनेस
- **prinse, prinsesa** — राजकुमार, राजकुमारी
- **tsar, tsaresa** — जार, जारिना

## *नामिक पद*

नामिक पदमा नाम र त्यसका विशेषकलाई समावेश गरिन्छ । यी विशेषकअन्तर्गत नामको अगाडि आउने निर्धारक र पछाडि आउने विशेषण र सम्बन्ध कारक पर्दछन् ।

वाक्यका दुई अत्यन्तै महत्त्वपूर्ण नामिक पद हुन् **कर्ता** र **कर्म**। कर्ता क्रियापदको अगाडि आउँछ भने कर्म क्रियापदको पछाडि। वाक्यमा सम्बन्ध कारकले अन्य नामिक पदको परिचय गराउँछ।

नामिक पदमा सामान्यतया एउटा निर्धारक वा बहुवचन प्रत्यय **-s** लागेको नाम हुनुपर्छ। तथापि, यो नियम व्यक्तिवाचक नाम, बार, महिना वा भाषाका नाम तथा अगणनीय नामको अवस्थामा लागु हुँदैन :

- **Desembre** es calda en **Australia.** — अस्ट्रेलियामा डिसेम्बरमा न्यानो हुन्छ।
- **Nederlandes** es me lingua orijinal. — डच मेरो मातृभाषा हो।
- Me gusta **pan.** — मलाई पाउरोटी मन पर्छ।

विशेषतः सामान्य उखान तथा टुक्काहरूमा सम्बन्ध कारकको पछाडि नामिक पद आउँदा सो नियमको पालना अनिवार्य छैन :

- El es la comandor **de polisia.** — उनी प्रहरी महानिरीक्षक हुन्।
- Me no gusta come **bur de aracide.** — मलाई पिनट बटर खान मन पर्दैन।
- Nos vade **a scola.** — हामी विद्यालय जाँदै छौँ।
- Acel es un problem **sin solve** en matematica. — त्यो गणितको एक अनुत्तरित प्रश्न हो।
- Un virgula pare nesesada **per claria.** — स्पष्टताका लागि एउटा अल्पविराम आवश्यक देखिन्छ।

विशेषण वा निर्धारकमाथि अगाडिको क्रियाविशेषणले प्रभाव पार्न सक्छ। क्रियाविशेषण पनि विशेषण जस्तै देखिने हुनाले वाक्यमा प्रयोग भएका विशेषणहरूलाई अल्पविराम वा **e** को प्रयोग गरी छुट्ट्याइन्छ। बोल्ने बेला स्वरको उतार-चढाउले विशेषण तथा क्रियाविशेषणको बिच फरक छुट्टिन्छ :

- **Sola un** poma **multe putrida** ia resta. — एउटा अत्यन्तै कुहिएको स्याउ मात्रै बाँकी रह्यो।
- Me ia encontra un fem **bela intelijente.** — मैले एक राम्रो प्रवृत्तिकी बुद्धिमान् महिला भेटेँ।
- Me ia encontra un fem **bela, joven, e intelijente.** — मैले एक सुन्दर, तरुणी र बुद्धिमान् महिला भेटेँ।

कहिलेकाहीँ एउटा नामले सम्पूर्ण वर्गलाई बुझाउँछ। त्यस्ता स्थितिहरूमा **la** वा **un** को प्रयोग अथवा नाम एकवचन वा बहुवचनमा छ भन्ने कुराले खासै असर गर्दैन :

- **La arpa** es un strumento musical. — हार्प एक वाद्ययन्त्र हो।
- **Un arpa** es un strumento musical. — हार्प एक वाद्ययन्त्र हो।
- **Arpas** es strumentos musical. — हार्पहरू वाद्ययन्त्र हुन्।

सर्वनाम नामिक पदको विशेष अवस्था हो। सामान्यतया सर्वनामको विकार गर्न सकिँदैन।

## *समानाधिकरण*

उही अर्थलाई स्पष्ट र राम्रो पार्न आउने एकै जातको वा समानार्थक अर्को शब्दलाई **समानाधिकरण** भनिन्छ। एलेफेनमा सामान्यतया दोस्रो शब्द वा वाक्यांशले अर्थ स्पष्ट पार्छ :

- la rio **Amazon** — अमेजन नदी
- la mar **Pasifica** — प्रशान्त महासागर
- la isola **Skye** — स्काईको द्वीप

- la Universia **Harvard** — हार्भर्ड विश्वविद्यालय
- la Funda **Ford** — फोर्ड संस्थान
- Re **George 5** — राजा जोर्ज पाँचौँ
- San **Jacobo major** — सन्त जेकब महान्
- Piotr **la grande** — पिटर महान्
- mea ami **Simon** — मेरो साथी सिमोन
- la parola **"inverno"** — "inverno" शब्द
- la libro **La prinse peti** — *सानो राजकुमार* किताब
- un arbor **eucalipto** — युकलिप्टसको रूख

नामको पछाडि आएको सङ्क्षेपक चिह्न वा एकल अक्षरले उक्त नाममाथि प्रत्यक्ष प्रभाव पार्न सक्छ :

- La disinario es ance disponable como un fix **PDF.** — शब्दकोश पिडिएफ फाइलको रूपमा पनि उपलब्ध छ ।
- El ia porta un camisa **T** blu de escota **V.** — उनले निलो रङको भी गला भएको टिसर्ट लगाएकी थिइन् ।

कहिलेकाहीँ एउटै व्यक्ति वा वस्तुलाई चिनाउन दुइटा नामलाई सँगै प्रयोग गरिन्छ । त्यस्तो बेलामा ती दुई नामलाई योजक चिह्नको प्रयोग गरी जोडिन्छ :

- un produor-dirijor — निर्माता-निर्देशक
- un primador-scanador — प्रिन्टर-स्क्यानर

सबै स्थितिमा दुवै नाममा बहुवचन प्रत्यय **-s** वा **-es** लगाइन्छ :

- la statos membros — सदस्य राज्यहरू
- produores-dirijores — निर्माता-निर्देशकहरू

एक विशेष अवस्थामा **nomi** (नाम राख्नु / बोलाउनु) क्रियापदको प्रयोग गरिन्छ :

- Nos ia nomi el **Orion.** — हामीले उसको नाम ओरियोन राख्यौँ ।
- Me nomi esta forma **un obelisce.** — म यस आकारलाई स्तम्भाकार भन्छु ।

# निर्धारक

नामको पहिचान तथा परिमाण वा नामको सन्दर्भको निर्धारण गर्ने शब्द **निर्धारक** हो। एलेफेनमा निर्धारक मानिने बहुवचन प्रत्यय **-s** बाहेक अरू सबै निर्धारकलाई नामको अगाडि प्रयोग गरिन्छ।

निर्धारकका पनि विभिन्न वर्गहरू छन्। **Tota**, **la**, **esta**, **cual**, **cada**, **mea**, **multe** र **otra** प्रत्येक वर्गका निर्धारकका एक-एक उदाहरण हुन्।

## *पूर्वनिर्धारक*

**Tota** को अर्थ "सबै" हो। यसले नामले बुझाएको सम्पूर्ण परिमाणलाई जनाउँछ, जुन गणनीय नामको स्थितिमा बहुवचन हुनुपर्छ। **Cada** को विपरीत **tota** ले नामअन्तर्गत पर्ने प्रत्येक एकाइको सट्टामा नामले समग्र रूपमा चिनाउने वस्तुलाई बुझाउँछ :

- **Tota linguas** es asurda. — सबै भाषाहरू असङ्गत हुन्छन्।
- Me va ama tu per **tota tempo.** — म तिमीलाई सधैँ माया गर्ने छु।
- La lete ia vade a **tota locas.** — दुध जतातत‍ै पोखियो।

**Ambos** को अर्थ "दुवै" हो। नामले बुझाउने वस्तुको समग्र परिमाण दुई हो भन्ने थाहा भएको बेला यसलाई **tota** को सट्टामा प्रयोग गर्न सकिन्छ। यसको पछाडि आउने नाम बहुवचन हुनुपर्छ :

- **Ambos gamas** es debil. — दुइटै खुट्टा दुर्बल छन्।

अर्थका आधारमा **tota** तथा **ambos** र सङ्ख्याबोधक तथा परिमाणबोधक विशेषणबिच केही फरक छैन। यद्यपि, विन्यासका आधारमा यिनीहरू **la** लगायत नामिक पदका अन्य सबै निर्धारकका अगाडि आउने हुनाले यिनीहरूलाई एक भिन्न वर्ग मानिन्छ।

यिनीहरूलाई सर्वनामका रूपमा पनि प्रयोग गर्न सकिन्छ।

## *प्रविशेषण*

एलेफेनमा दुइटा प्रविशेषण छन् : निश्चित प्रविशेषण **la** र अनिश्चित प्रविशेषण **un**। यहाँ "निश्चित" भन्नाले सो प्रविशेषण नामको नयाँ सन्दर्भको परिचय गराउने निर्धारक होइन तर पहिलेदेखि नै परिभाषित सन्दर्भबारे कुरा उठाउने निर्धारक हो भन्ने बुझिन्छ।

**La** ले श्रोतालाई पहिलेदेखि ज्ञान भएको सन्दर्भलाई बुझाउँछ। उक्त निर्धारकलाई निम्न स्थितिहरूमा प्रयोग गरिन्छ :

- पहिले नै उल्लिखित वस्तुलाई फेरि उल्लेख गर्दा
  Me ia compra un casa. **La casa** es peti. — मैले एउटा घर किनेँ। घर सानो छ।

- श्रोतालाई सो वस्तु वा चिजको अस्तित्वबारे स्वाभाविक ज्ञान हुँदा
  Me ia compra un casa. **La cosina** es grande. — मैले एउटा घर किनेँ। भान्सा ठुलो छ।

- वाक्यको दोस्रो भागले नै सन्दर्भलाई स्पष्ट पार्दा

El ia perde **la numeros** de telefon de sua amis. — उनले आफ्ना साथीका फोन नम्बर हराइन् ।

- श्रोताले सो वस्तु वा चिजलाई प्रत्यक्ष अनुभव गर्न सक्दा
  **La musica** es bela, no? — सङ्गीत राम्रो छ है ?

- शैक्षिक विषय तथा भाववाचक नाम जस्तै सबैलाई थाहा भएको कुराबारे कुरा गर्दा
  **La luna** es multe distante de la tera. — चन्द्रमा पृथ्वीभन्दा धेरै टाढा छ ।
  Me no comprende **la matematica.** — म गणित बुझ्दिनँ ।
  El ama **la cafe.** — उनलाई कफी मन पर्छ ।
  La felisia es plu importante ca la **ricia.** — हर्ष धनभन्दा महत्त्वपूर्ण छ ।

**Un** ले श्रोतालाई हालसम्म ज्ञान नभएको एकवचन नामको परिचय गराउँछ । "एक" बुझाउने सङ्ख्याबोधक विशेषणको रूपमा पनि प्रयोग गर्न सकिने उक्त निर्धारकलाई बहुवचन वा अगणनीय नामसँग प्रयोग गर्न मिल्दैन ।

- Me vole leje **un libro.** — म एउटा किताब पढ्न चाहन्छु ।
- **Un gato** ia veni en la sala. — कोठामा एउटा बिरालो आयो ।

केही भाषाहरूमा अगणनीय नामको अनिश्चित परिमाण बुझाउनका लागि एक विशेष प्रकारको प्रविशेषणको प्रयोग गरिन्छ । त्यस्ता स्थितिमा एलेफेनमा कि त **la** को प्रयोग गरिन्छ कि त कुनै पनि प्रविशेषणको प्रयोग गरिँदैन :

- Me gusta **la cafe.** — मलाई कफी मन पर्छ ।
- Me gusta **cafe.** — मलाई कफी मन पर्छ ।
- Me bevi **cafe.** — म कफी पिउँछु ।

## *दर्शक सर्वनाम*

**दर्शक सर्वनाम**ले नामको विशेषकलाई तोकेर देखाउँछ ।

**Esta** को अर्थ "यो" हो । यसले **la** जस्तै काम गर्छ तर यसले भौतिक वा साहित्यिक अर्थमा वक्ताको नजिकै रहेको व्यक्ति वा पदार्थलाई औँल्याउँछ :

- Me posese **esta casa.** — यो घर मेरो हो ।
- **Esta libros** es merveliosa. — यी किताबहरू उदेकलाग्दा छन् ।
- Me gusta **esta cafe.** — मलाई यो कफी मन पर्छ ।
- **Esta mense** ia es dificil. — यो महिना गाह्रो थियो ।
- **Esta frase** conteni sinco parolas. — यस वाक्यमा पाँच शब्द छन् ।

**Acel** को अर्थ "त्यो" हो । यसले पनि **la** जस्तै काम गर्छ तर यसले वक्ताभन्दा टाढा रहेको व्यक्ति वा पदार्थलाई औँल्याउँछ :

- **Acel xico** regarda **acel xica.** — त्यो केटोले ती केटीहरूलाई हेर्दै छ ।
- Atenta denova en **acel modo.** — फेरि त्यो तरिकाले प्रयास गर ।
- **Acel torta** es noncomable. — त्यो केक अखाद्य छ ।

**Esta** र **acel** लाई सर्वनामका रूपमा पनि प्रयोग गर्न सकिन्छ ।

## *प्रश्नवाचक सर्वनाम*

**प्रश्नवाचक सर्वनाम** प्रश्न उठाउन प्रयोग गरिने एक निर्धारक हो ।

**Cual** ले "कुन" वा "के" भन्ने प्रश्न गर्छ :

- **Cual animal** es acel? — त्यो कुन जनावर हो ?
- **Cual vejetales** es la plu bon? — कुनकुन तरकारीहरू असाध्यै राम्रा हुन्छन् ?
- Tu veni de **cual pais**? — तिमी कुन देशबाट आएका हौ ?
- **Cual fenetras** es rompeda? — कुनकुन झ्यालहरू चर्केका छन् ?
- **Cual pinta** tu prefere? — तिमी कुन रङ रुचाउँछ्यौ ?

**Cuanto** ले "कति" भन्ने प्रश्न गर्छ :

- **Cuanto casas** es en tua strada? — तिम्रो टोलमा कतिवटा घरहरू छन् ?
- **Cuanto pan** tu pote come? — तपाईं कति पाउरोटी खान सक्नुहुन्छ ?

**Cual** र **cuanto** लाई सर्वनामका रूपमा पनि प्रयोग गर्न सकिन्छ ।

## *निर्वाचक निर्धारक*

कुनै वर्ग वा समूहबाट कुनै एक निश्चित व्यक्ति वा वस्तुलाई औँल्याउन वा तोक्नका लागि **निर्वाचक निर्धारक**को प्रयोग गरिन्छ :

- **cada** — प्रत्येक
- **cualce** — जुनसुकै, जेसुकै
- **alga** — कुनै, केही
- **no** — होइन
- **sola** — मात्र

**Cada** को अर्थ "प्रत्येक" हो । यसको प्रयोगमा सबै व्यक्ति वा वस्तुलाई एक निश्चित एकाइ मानिन्छ । त्यसैले यसको विशेष्य नाम गणनीय र एकवचन हुनुपर्छ :

- **Cada can** ave un nom. — प्रत्येक कुकुरको नाम छ ।
- Me no ia leje **cada parola.** — मैले प्रत्येक शब्द पढिनँ ।
- Tu fa la mesma era a **cada ves.** — तिमी प्रत्येक पल्ट उही गल्ती गर्छौ ।

**Cualce** को अर्थ "जुनसुकै" हो । यससँग प्रयोग गरिने नाम सामान्यतया गणनीय हुन्छ । विशेष्य नाम अगणनीय भयो भने cualce को सट्टा alga को प्रयोग गरिन्छ :

- Prende **cualce carta.** — जुनसुकै कार्ड छान्नुहोस् ।
- **Cualce contenadores** va sufisi. — जुनसुकै भाँडोले काम चल्छ ।

**Alga** को अर्थ "कुनै" वा "केही" हो । विशेष्यको पहिचानका थाहा नभएको अवस्थामा यसको प्रयोग गरिन्छ :

- Me ia leje acel en **alga libro.** — मैले त्यो कुनै किताबमा पढेकी थिएँ ।
- Cisa me va reveni a **alga dia.** — सायद म कुनै दिन फर्कन्छु ।
- **Alga cosa** es rompeda. — केही भाँचिएको छ ।

अगणनीय नाम वा गणनीय नामको नै बहुवचनका साथ alga को प्रयोग गर्दा विशेष्यको पहिचानका साथै त्यसको सङ्ख्या वा परिमाण पनि थाहा छैन भन्ने बुझिन्छ । यद्यपि, यसले **multe** र **poca** बिच पर्ने थोरै परिमाणलाई जनाउँछ :

- Me va leje **alga libros.** — म केही किताबहरू पढ्ने छु ।
- **Alga polvo** ia cade de la sofito. — छानाबाट केही धुलो खस्यो ।
- El ave **alga pan** en sua susto. — उनको टोकरीमा केही पाउरोटी छ ।

**No** को अर्थ "होइन" हो । यसले विशेष्यको अभावलाई बुझाउँछ :

- Me ave **no arbores** en me jardin. — मेरो बारीमा एउटा पनि रूख छैन ।
- Tu va senti **no dole.** — तिमीले अलिकति पनि पीडा महसुस गर्ने छैनौ ।
- **No arbor** es plu alta ce la tore Eiffel. — कुनै पनि रूख एफेल टावरभन्दा अग्लो छैन ।
- Me ia encontra **no person** en la parce. — मैले पार्कमा कसैलाई पनि भेटिनँ ।

**Sola** को अर्थ "मात्र" हो । यसले केवल एक वस्तु वा व्यक्तिलाई औँल्याउँछ :

- El es **la sola dotor** en la vila. — उनी यस सहरका एक मात्र डाक्टर हुन् ।
- Estas es **la sola du parolas** cual nos no comprende. — यी दुई मात्र हामीले नबुझेका शब्दहरू हुन् ।
- Me va destrui la mur con **un sola colpa.** — म एक चोटी मात्र हानेर यो भित्ता भत्काइदिन्छु ।

**No** र **sola** बाहेक अरू सबै निर्वाचक निर्धारकलाई सर्वनामको रूपमा प्रयोग गर्न सकिन्छ । यी निर्धारकबाट व्यक्तिलाई औँल्याउन प्रयोग गरिने **cadun**, **cualcun**, **algun** र **nun** जस्ता विशेष सर्वनामका रचना गर्न सकिन्छ । वस्तुलाई औँल्याउनका लागि सरल रूपमा निर्धारकपछि **cosa** को प्रयोग गरिन्छ ।

## *भेदक विशेषण*

एलेफेनमा **mea**, **tua**, **nosa** र **vosa** लाई **भेदक विशेषण**का रूपमा प्रयोग गरिन्छ :

- **Mea gato** ia come un mus. — मेरो बिरालोले एउटा मुसा खाएछ ।
- Me gusta multe **tua dansa.** — मलाई तिम्रो नाच असाध्यै मन पर्छ ।
- **Nosa ecipo** va gania la premio. — हाम्रो टोलीले पुरस्कार पाउने छ ।

**De me** जस्ता वाक्यांशले पनि स्वामित्व जनाउँछ :

- Acel es **la casa de tu.** — त्यो तिम्रो घर हो ।

**El**, **lo**, **los**, **on** वा **se** का स्वामित्वमा रहेका वस्तुलाई जनाउनका लागि **sua** को प्रयोग गरिन्छ :

- La ipopotamo abri **sua boca.** — जलगैँडाले आफ्नो मुख खोल्छ ।
- Nos regarda **sua dentes.** — हामीले त्यसका दाँत हेर्छौं ।

## *सङ्ख्याबोधक तथा परिमाणबोधक विशेषण*

**सङ्ख्याबोधक विशेषण** तथा **परिमाणबोधक विशेषण**ले नामको निश्चित वा अनिश्चित सङ्ख्या अथवा वस्तुको मात्रा वा परिमाण बुझाउँछ :

- **-s** — हरू (बहुवचन प्रत्यय)
- **un** — एक
- **du, tre, cuatro…** — दुई, तीन, चार…
- **multe** — धेरै
- **poca** — थोरै
- **plu** — धेरै (तुलनात्मक)
- **la plu** — अधिकतम
- **min** — थोरै (तुलनात्मक)
- **la min** — न्यूनतम

बहुवचन जनाउन प्रयोग गरिने **-s** प्रत्यय सबैभन्दा सामान्य परिमाणबोधक विशेषण हो । बहुवचन नाम रहेको नामिक पदमा अन्य कुनै निर्धारकको आवश्यकता पर्दैन :

- Me va leje **libros.** — म किताबहरू पढ्ने छु ।
- Me va leje **la libros.** — म ती किताबहरू पढ्ने छु ।

अनिश्चित प्रविशेषण हुनुका साथै **un** लाई "एक" को अर्थमा पनि प्रयोग गरिन्छ । यसले विशेष्यको एकल परिणाम बुझाउँछ । तसर्थ, यस विशेषणको विशेष्यका रूपमा प्रयोग गरिएको नाम गणनीय र एकवचन हुनुपर्छ :

- Me ave **un frate** e **du sores.** — मेरो एउटा भाइ र दुइटी दिदी छन् ।

त्यसैगरी **du**, **tre**, **cuatro** आदि निश्चित अङ्कलाई सङ्ख्याबोधक विशेषणको रूपमा प्रयोग गर्न सकिन्छ :

- Me ave **tre gatos** obesa. — मसँग तीन मोटा बिरालाहरू छन् ।
- Me ave **cuatro plu anios** ca mea frate. — म मेरो भाइभन्दा चार वर्ष जेठो छु ।

**Multe** को अर्थ "धेरै" हो । यसले कुनै पनि वस्तुको प्रशस्ततालाई बुझाउँछ :

- Esta casa ia sta asi per **multe anios.** — यो घर धेरै वर्षदेखि यहाँ खडा छ ।
- La pijones come **multe pan.** — परेवाहरूले धेरै पाउरोटी खान्छन् ।

**Poca** को अर्थ "थोरै" हो । **Multe** को विपरीतार्थी शब्दको रूपमा प्रयोग गरिने यस विशेषणले कुनै पनि वस्तुको कमीलाई बुझाउँछ :

- Me reconose **poca personas.** — म थोरै जनालाई चिन्छु ।
- El pote dona **poca aida.** — उनले थोरै सहयोग गर्न सक्छन् ।

**Plu** को अर्थ पनि "धेरै" नै हो तर यसलाई तुलनात्मक रूपमा प्रयोग गरिन्छ । यसलाई बहुवचनीय अगणनीय नामका साथ प्रयोग गर्न सकिन्छ । **La plu** ले कुनै पनि नामको अधिकतम परिमाणलाई बुझाउँछ :

- Tu ave **plu libros** ca me. — तिमीसँग मभन्दा धेरै किताबहरू छन् ।
- **La plu linguas** es bela. — धेरैजसो भाषाहरू सुन्दर हुन्छन् ।
- **Plu pan** es en la cosina. — भान्सामा अझै पाउरोटी छ ।
- **La plu fango** es repulsante. — धेरैजसो हिलो घिनलाग्दो हुन्छ ।

**Min** को अर्थ पनि "थोरै" नै हो तर यसलाई तुलनात्मक रूपमा प्रयोग गरिन्छ । **Plu** को विपरीतार्थी शब्दको रूपमा प्रयोग गरिने यस विशेषणलाई बहुवचनीय अगणनीय नामका साथ प्रयोग गर्न सकिन्छ । **La min** ले कुनै पनि नामको अधिकतम परिमाणलाई बुझाउँछ :

- Me desira **min vejetales** ca el. — मलाई उसलाई भन्दा थोरै तरकारी चाहिन्छ ।
- Tu ia leje **la min libros** de cualcun ci me conose. — मैले चिनेका मान्छेहरूमध्ये तिमीले सबैभन्दा थोरै किताबहरू पढेको छौ ।
- El ave **min interesa** a cada dia. — सधैं उसलाई थोरै रुचि लाग्छ ।

**No** बाहेक अन्य सबै सङ्ख्याबोधक तथा परिमाणबोधक विशेषणलाई सर्वनामको रूपमा प्रयोग गर्न सकिन्छ ।

## *तुलनात्मक निर्धारक*

माथि उल्लिखित निर्धारकहरूबाहेक एलेफेनमा चारवटा अलग निर्धारकहरूको प्रयोग गरिन्छ जसले दुई व्यक्ति वा वस्तुबिच रहेका समानता तथा भिन्नतालाई औंल्याउँछन् ।

**La mesma** को अर्थ "उही" वा "त्यही" हो । यसको प्रयोग गर्दा **la** लाई छुटाउन त मिल्दैन तर त्यसको सट्टा **esta** वा **acel** को प्रयोग गर्न सकिन्छ :

- Tu porta **la mesma calsetas** como me. — तिमीले र मैले उही मोजा लगाएका छौं ।
- La gera ia comensa en **la mesma anio.** — त्यही साल युद्धको आरम्भ भयो ।
- Nos va reveni a **esta mesma tema** pos un semana. — हामी एक हप्तामा यही विषयको चर्चा गर्ने छौं ।

**Otra** को अर्थ "अरू" वा "अन्य" हो :

- Nos ave aora esta **tre other problemes.** — हाम्रा अहिले यी अन्य तीन समस्याहरू छन् ।
- **La otra solve** ia es plu bon. — अर्को उपाय झन् राम्रो थियो ।
- Tu ave **otra pan**? — के तपाईंसँग अर्को पाउरोटी छ ?

**Tal** को अर्थ "यस्तो" वा "त्यस्तो" हो :

- Me construi un macina de tempo. — म एक कालयन्त्र बनाउँदै छु ।
  **Tal cosas** es nonposible. — त्यस्ता कुराहरू सम्भव छैनन् ।

- Me xerca un abeor. — म एउटा मौरीपालकको खोजमा छु ।
  Me no conose **un tal person.** — म त्यस्तो कुनै मान्छेलाई चिन्दिनँ ।

- Tu vole jua futbal con nos? — के तिमी हामीसँग फुटबल खेल्न चाहन्छौ ?
  Me prefere evita **tal eserse.** — म त्यस्तो व्यायाम गर्दिनँ ।

- Tu ave plu libros como estas? — के तिमीसँग यस्ता अन्य किताबहरू छन् ?
  Si, me ave du otra **tal libros.** — हजुर, मसँग यस्तै अन्य दुइटा किताबहरू छन् ।

**Propre** को अर्थ "आफ्नै" हो । यसले स्वामित्वमा बढी जोड दिन्छ । सामान्यतया निजवाचक अर्थ बुझाउनका लागि **sua** पछि प्रयोग गरिने यस निर्धारकले वर्णित नामको स्वामी वाक्यको कर्ता नै हो भन्ने कुरा जनाउँछ :

- **Mea propre idea** es an plu strana. — मेरो आफ्नै योजना झन् विचित्र छ ।
- El ia trove la xarpe de sua sposa e ia pone lo sirca **sua propre colo.** — उनले आफ्ना श्रीमान्को गलबन्दी भेटाइन् र आफ्नै घाँटीमा बेरिन् ।

## *निर्धारकहरूको क्रम*

वाक्यमा निर्धारकहरूलाई एक निश्चित क्रममा राखिन्छ :

- वाक्यमा **tota** र **ambos** जस्ता पूर्वनिर्धारकलाई सबभन्दा अगाडि राखिन्छ।
- त्यसपछि प्रविशेषण, दर्शक सर्वनाम, प्रश्नवाचक सर्वनाम, निर्वाचक निर्धारक वा भेदक विशेषणको प्रयोग गरिन्छ। सामान्यतया नामिक पदमा त्यस्तो प्रकारको एउटा निर्धारक मात्र हुन्छ।
- त्यसपछि एक वा एकभन्दा बढी सङ्ख्याबोधक वा परिमाणबोधक विशेषण अथवा तुलनात्मक निर्धारकको प्रयोग गरिन्छ।
- **Bon** र **mal** विशेषणहरू निर्धारक त होइनन् तर तिनीहरूलाई सामान्यतया अन्य निर्धारकको पछाडि, नामको अगाडि प्रयोग गरिन्छ।

उदाहरणका लागि,

- El ia colie **sua poca posesadas** e parti. **—** उनले आफ्ना थोरै सामानहरू लिइन् र गइन्।
- Nos no ia tradui ancora **acel otra cuatro frases. —** हामीले अझै ती चार वाक्यलाई अनुवाद गरेका छैनौँ।
- **Tota lo omes** ia vade a la costa. **—** सब पुरुष तटमा गए।

# सर्वनाम

नाम, नामिक पद तथा वाक्यको सट्टामा प्रयोग गरिने शब्दलाई **सर्वनाम** भनिन्छ ।

## *पुरुषवाचक वा व्यक्तिवाचक सर्वनाम*

- **me** – म
- **tu** – तँ, तिमी, तपाइँ
- **el** – ऊ, उनी, उहाँ
- **lo** – त्यो
- **nos** – हामी
- **vos** – तिमीहरू, तपाइँहरू
- **los** – उनीहरू, उहाँहरू

सबै आदरार्थी स्थितिका लागि **tu** ले एकवचनीय द्वितीय पुरुषवाचक सर्वनाम र **vos** ले बहुवचनीय द्वितीय पुरुषवाचक सर्वनामलाई जनाउँछ ।

**El** लाई मानिस, स्तनधारी जनावर तथा चराका नामको सट्टामा प्रयोग गरिन्छ । यसलाई साहित्यिक अर्थमा यन्त्रमानव, चन्द्रमा, आँधी तथा विभिन्न जीवका लागि पनि प्रयोग गर्न सकिन्छ ।

**Lo** लाई वस्तु, सामान्य तथा सरल प्राणी, अवधारणा तथा विचारलाई व्यक्त गर्ने क्रममा प्रयोग गरिन्छ ।

**Los** दुवै **el** र **lo** को बहुवचन हो ।

एलेफेनमा सामान्यतया लिङ्गको भेद गरिँदैन । यद्यपि, कहिलेकाहीँ एउटै सन्दर्भमा दुवै पुरुष र महिलाको कुरा गर्दा पुरुषका लागि **elo** र महिलाका लागि **ela** को प्रयोग गर्न सकिन्छ ।

वाक्यमा व्यक्तिवाचक सर्वनामलाई सम्बन्धवाचक उपवाक्यले पछ्याउन सक्छ । वाक्यको अर्थ त्यसै पनि स्पष्ट हुन्छ भने सम्बन्धवाचक सर्वनामलाई दुइटा काम गर्न दिई अर्को सर्वनामलाई छोड्न सकिन्छ :

- El recorda sempre la nomes de **los ci** el ia encontra. – उसलाई सधैँ आफूले भेटेको सबैजनाको नाम याद हुन्छ ।
- Me respeta **tu, ci** es tan saja. – म तपाइँ, जो अत्यन्त ज्ञानी हुनुहुन्छ, को सम्मान गर्छु।
- **El si** osa, gania. – उसले जित्छ, जसले साहस गर्छ ।
- **Ci** osa, gania. – जसले साहस गर्छ, जित्छ ।

**On** फ्रेन्च on र जर्मन man झैँ एक सामान्य अनिश्चित सर्वनाम हो । यसले सामान्य रूपमा व्यक्ति वा जनसमूहलाई जनाउँछ । यसको प्रयोग गर्दा कर्मप्रधान क्रियाको प्रयोग आवश्यक हुँदैन :

- **On** dice ce tu va parti. – उनीहरूले जाने कुरा गर्दै छन् ।
- **On** debe repeta la verbe. – क्रियापदलाई दोहोर्‍याउनुपर्छ ।

**Se** दुवै एकवचन र बहुवचन तृतीय पुरुषवाचक सर्वनाममा प्रयोग गरिने निजवाचक सर्वनाम हो । यसले क्रियापदको कर्तालाई जनाउँछ तर कहिल्यै वाक्यको नै कर्तालाई भने जनाउँदैन :

- El limpi **se.** – त्यो आफैँ सफा हुन्छ ।
- Los lava **se.** – उनीहरूले आफूलाई सफा गर्छन् ।

अधिकारवाचक सर्वनाम भनेको **la** लागेका भेदक विशेषण नै हुन् :

- Me ia trove me libros, ma tu no ia trova **la tuas.** — मैले त मेरा किताबहरू भेटेँ तर तिमीले तिम्रा चाहिँ भेटेका छैनौ ।
- Lo es ance plu grande ca **la mea.** — त्यो मेरोभन्दा पनि ठुलो छ ।
- No toca acel jueta! Lo no es **la tua.** — त्यो खेलौना नछोऊ ! त्यो तिम्रो होइन ।

## *निर्धारक सर्वनाम*

जसरी विशेषणलाई नाममा परिणत गर्न सकिन्छ, त्यसरी नै अधिकतम निर्धारकलाई सर्वनाममा परिणत गर्न सकिन्छ । **Esta**, **acel** र **otra** सर्वनामहरू बहुवचन हुँदा तिनीहरूमा जहिले पनि **-s** प्रत्यय लाग्छ । अन्य केही सर्वनामहरूमा पनि अर्थको स्पष्टीकरणका लागि **-s** प्रत्यय लगाउन सकिन्छ ।

- **tota,totas** — सब
- **ambos** — दुवै
- **esta, estas** — यो, यी
- **acel, aceles** — त्यो, ती
- **cualce, cualces** — जुनसुकै, जेसुकै
- **cada** — प्रत्येक
- **alga, algas** — केही
- **cual** — जुन
- **multe, multes** — धेरै
- **poca, pocas** — थोरै
- **plu** — धेरै (तुलनात्मक)
- **la plu** — अधिकतम
- **min** — थोरै (तुलनात्मक)
- **la min** — न्यूनतम

उदाहरणका लागि,

- **Estas** aspeta bela! — यी राम्रा देखिरहेका छन् !
- Prende **cualce.** — जुनसुकै लेऊ ।
- Me no vole judi, car me gusta egal **cada.** — मलाई समालोचना गर्न मन छैन किनभने मलाई सबै समान रूपमा मन पर्छ ।
- Me vole grasia **cada de esta persones.** — म यहाँका प्रत्येक व्यक्तिलाई धन्यवाद दिन चाहन्छु ।
- **Alga(s)** pensa ancora ce la mundo es plata. — केही व्यक्तिहरू अझै पनि पृथ्वी समतल छ भन्ने विश्वास गर्छन् ।
- Tu ia versa mal la vino. **Alga** es sur la table. — तिमीले नराम्ररी वाइन पोखायौ । अलिकति वाइन टेबुलमा समेत पोखिएको छ ।
- **Multe(s)** de nos es programores. — हामीमध्ये धेरैजसो मानिसहरू प्रोग्रामर हुन् ।
- Me no ia regarda **multe(s) de acel filmas.** — मैले यीमध्ये धेरैजसो चलचित्र हेरेको छैन ।

- Me reconose **poca(s)** de la persones en la fola. — म भिडमा रहेका केही व्यक्तिहरूलाई चिन्छु।
- **Plu** va ariva pronto. — छिटै अझै आउने छन्।
- **Alga** parolas es clar, ma on no pote leje fasil **la plu.** — केही शब्दहरू स्पष्ट छन् तर धेरैजसो सजिलै पढ्न सकिँदैन।
- Tu ave **min** ca me. — तिमीसँग मभन्दा थोरै छ।
- Me vole bonveni **tota(s) de vos.** — म तपाईंहरू सबको स्वागत गर्न चाहन्छु।
- Me ia compra sinco libros nova, ma me ia lasa **tota(s)** en la bus. — मैले पाँचवटा नयाँ किताबहरू किनें तर मैले सबै बसमा नै छोडेछु।
- **Ambos** de la enfantes jua felis. — दुवै बालबालिका खुसी भई खेलिरहेका छन्।

निश्चित अङ्कलाई निश्चित मात्रा वा परिमाणको समूह बुझाउने सर्वनामको रूपमा प्रयोग गर्न सकिन्छ। यी सर्वनाममा सामान्यतया न त **-s** प्रत्यय लाग्छ न त यिनलाई निर्धारकको नै आवश्यकता पर्छ :

- **Tre** de mea amis va ariva a esta sera. — मेरा तीन जना साथीहरू आउने छन्
 ।

- Cuanto pizas tu ia come? — तिमीले कतिवटा पिज्जा खायौ ?
 **Cuatro**! — चारवटा !

- La **cuatro** de nos va come en junta. — हामी चार जना सँगै खान्छौँ।

- **Un** de mea gatos manca. — मेरो एउटा बिरालो हराएको छ।

- La **tre** ia abita en la mesma aparte. — उनीहरू तीन जना एउटै अपार्टमेन्टमा बस्थे।

**Sento**, **mil** वा **milion** जस्ता सङ्ख्याका अनिश्चित गुणालाई जनाउनका लागि ती सङ्ख्यामा **-s** प्रत्यय थपिन्छ :

- On ia vide **miles** de persones a la conserta. — कन्सर्टमा हजारौं मानिसहरू थिए।
- A cada anio, **miliones** migra a otra paises. — प्रत्येक वर्ष लाखौं मानिसहरू अन्य देशमा बसाइ सर्छन्।
- On ia vacui **miles de plu** persones de locas inondada par la deluvias. — थप हजार मानिसहरू बाढीले ग्रस्त क्षेत्रबाट सुरक्षित क्षेत्रमा सरे।
- On ia pote fatura **plu sentos** per servi. — सेवाका लागि तिमीले थप सयौं रुपियाँ तिर्नुपर्ने हुन सक्छ।

**La** लाई सर्वनामको रूपमा प्रयोग गर्न मिल्दैन। त्यसको सट्टामा **el**, **lo** र **los** को प्रयोग गरिन्छ :

- La casa de mea padre es plu grande ca **lo** de mea frate. — मेरा बुबाको घर मेरा दाजुको घरभन्दा ठुलो छ।
- Lo es ance plu grande ca **lo** cual me intende compra. — त्यो मैले किन्न खोजेकोभन्दा ठुलो छ।

**No** लाई पनि सर्वनामको रूपमा प्रयोग गर्न मिल्दैन तर त्यसबाट **nun** र **no cosa** सर्वनामहरू बन्छन् । **Zero** अङ्कलाई पनि सर्वनामको रूपमा प्रयोग गर्न सकिन्छ ।

**La un la otra** वा **lunlotra** मुहावराको अर्थ "एकअर्का" हो । यसका भिन्न स्वरूपअन्तर्गत **la un o la otra** (एक नभए अर्को), **la un pos la otra** वा **pos lunlotra** (एकपछि अर्को) र **la un sur la otra** वा **sur lunlotra** (एकमाथि अर्को) पर्दछन् :

- La xicos colpa **la un la otra / lunlotra.** — केटाहरूले एकअर्कालाई हान्दै छन् ।
- Me pila me crepes **la un sur la otra / sur lunlotra.** — म मेरा प्यानकेकलाई एकमाथि अर्को गरी राख्छु ।

केही वाक्यहरूमा सर्वनामको ठ्याक्क पछाडि क्रियापदको प्रयोग गरिएको हुन सक्छ, जसकारण सो सर्वनामलाई निर्धारकसँग भ्रमित हुन सकिन्छ । उदाहरणका लागि, सन्दर्भको अभावमा, **acel veni de Italia** को अर्थ "इटालीबाट आउने क्रिया" पनि हुन सक्छ, "इटालीबाट आएको व्यक्ति वा वस्तु" पनि हुन सक्छ । सामान्यतया सन्दर्भले नै वाक्यको अर्थलाई स्पष्ट पार्छ । यद्यपि, नवीन एलेफेन वक्तालाई समस्यामा नपार्नका लागि निर्धारकलाई सर्वनाममा परिवर्तन गर्नुको सट्टामा सो निर्धारकपछि **person** वा **cosa** जस्ता सामान्य नाम थप्न सकिन्छ :

- **Acel cosa** veni de Italia. — इटालीबाट आएको वस्तु ।
- Recorda ce **alga persones** (o **algas**) abita en sua auto. — याद राख कि केही मानिसहरू आफ्ना कारमा नै बसोबास गर्छन् ।

कहिलेकाहीँ क्रियारूपी नाम क्रियापद होइन भनेर स्पष्ट पार्नका लागि **alga**, **multe** र **poca** जस्ता शब्दहरूका साथ निर्धारक र नामका बिचमा **de** राख्न सकिन्छ, जसले गर्दा निर्धारक त सर्वनाम बन्छ तर नाम भने क्रियापद बन्दैन । **Esta** र **acel** जस्ता अन्य निर्धारकका साथ भने निर्धारकको अगाडि **la** राख्न सकिन्छ :

- La profesor ia demanda **alga de atende.** — प्रोफेसरले थोरै अवधानको माग गरे ।
- **Multe de labora** pote es evitada. — टन्नै काम टार्न सकिन्छ ।
- **La esta deside** no es un bon resulta. — यो निर्णय एक राम्रो नतिजा होइन ।

## *प्रश्नवाचक सर्वनाम*

एलेफेनमा प्रत्यक्ष प्रश्न बनाउनका लागि दुइटा सर्वनामको प्रयोग गरिन्छ :

- **cual** — कुन, के
- **ci** — को

**Ci** लाई केवल सर्वनामको रूपमा प्रयोग गरिन्छ, कहिले पनि निर्धारकको रूपमा प्रयोग गरिँदैन ।

**Cual** लाई खासगरी निर्धारकको रूपमा प्रयोग गरिए पनि यसलाई सर्वनामको रूपमा पनि प्रयोग गर्न सकिन्छ ।

उदाहरणका लागि,

- **Cual** tu gusta? — तिमीलाई कुन चाहिँ मन पर्छ ?
- **Cual** tu prefere, la rojas o la verdes? — तिमी कुन थरी रुचाउँछौ, रातो कि हरियो ?
- **Ci** vole es un milionor? — को करोडपति बन्न चाहन्छ ?
- Tu vade a la sinema con **ci**? — तिमी कोसँग सिनेमा घर जाँदै छौ ?

- **Cual** es en la caxa? — बक्सामा के छ ?
- Vos prefere **cual**? — तिमी कुन चाहिँ रुचाउँछौ ?

**Ci** र **cual** लाई अप्रत्यक्ष कथित प्रश्नमा पनि प्रयोग गरिन्छ ।

## *सम्बन्धवाचक सर्वनाम*

**Ci** र **cual** ले सम्बन्धवाचक उपवाक्यको परिचय गराउनका लागि सम्बन्धवाचक सर्वनामका समेत भूमिका निर्वाह गर्छन् :

- **cual** — जुन, जे
- **ci** — जो

मानिस तथा जनावरका कुरा गर्दा सम्बन्धवाचक सर्वनामको रूपमा **ci** को प्रयोग गरिन्छ । अन्य स्थितिमा सम्बन्धवाचक सर्वनामको रूपमा **cual** को प्रयोग गरिन्छ :

- Esta es la fem de **ci** me ia compra me auto. — यी ती महिला हुन् जसबाट मैले मेरो कार किनेकी थिएँ ।
- La fem de **ci** me ia oblida sua nom es denova a la porte. — ती महिला, जसको नाम मलाई याद छैन, फेरि ढोकाअगाडि छिन् ।
- Me no vole judi, car me gusta egal **cada**. — मलाई समालोचना गर्न मन छैन किनभने मलाई सबै समान रूपमा मन पर्छ ।
- A, vide la patetas **ci** segue sua madre! — ए, ती चल्लाहरूलाई हेर जसले आफ्नी आमालाई पछ्याइरहेका छन् !
- La libro **cual** me leje es tro longa. — त्यो किताब, जुन म पढ्दै छु, अत्यन्तै लामो छ ।
- La casa en **cual** nos abita es tro peti. — त्यो घर, जसमा हामी बस्छौँ, असाध्यै सानो छ ।
- La superstisios – me gusta esta parola! – **cual** me ia investiga es riable. — ती अन्धविश्वासहरू – मलाई त्यो शब्द मन पर्छ ! – जसका बारेमा मैले अनुसन्धान गरेँ, हावादार छन् ।
- El esperia un sonia cual el teme. — उनले एउटा सपना देख्छिन् जसबाट उनी तर्सन्छिन् ।
- **तुलना गर्नुहोस् :** El esperia un sonia ce el teme. — उनले एउटा सपना देख्छिन् जसमा उनी तर्सन्छिन् ।

केही सम्बन्धवाचक उपवाक्यहरूमा मुख्य उपवाक्यमा सो उपवाक्यले सम्बन्ध जनाउने नामलाई पछि छोडिन्छ । सो नामको सट्टामा सम्बन्धवाचक सर्वनामको प्रयोग गरिन्छ । त्यस्ता स्थितिमा, स्पष्टताका लागि, **cual** को ठाउँमा **lo cual** र **ci** को ठाउँमा **el ci** को पनि प्रयोग गर्न सकिन्छ :

- Acel es **lo cual** me ia comprende. — मैले बुझेको कुरो यो हो ।
- Me comprende **lo sur cual** on ia instrui me. — मैले मलाई पढाइएको कुरा बुझेँ ।
- Me no recorda **(el) ci** me ia vide. — मैले जसलाई देखेँ, त्यो व्यक्ति मलाई याद छैन ।

- Me no recorda **(el) a ci** me parla. — मैले जोसँग कुरा गरेँ, त्यो व्यक्ति मलाई याद छैन ।

## *अन्य सर्वनाम*

मानिसलाई जनाउनका लागि पाँच विशेष सर्वनामको प्रयोग गर्न सकिन्छ । ती सर्वनामलाई एकवचनमा मात्रै प्रयोग गर्न सकिन्छ :

- **algun (alga un)** — कोही
- **cualcun (cualce un)** — जोसुकै
- **cadun (cada un)** — सबैजना
- **nun (no un)** — कोही होइन
- **lunlotra (la un la otra)** — एकअर्का

उदाहरणका लागि,

- **Algun** entre nos es la asasin. — हामीमध्ये कोही हत्यारा हो ।
- Dise acel broma a **cualcun**, e el va rie. — त्यो चुट्किला जोसुकैलाई सुनाऊ र ऊ हाँस्ने छ ।
- **Cadun** debe reseta un premio. — सबैजनाले पुरस्कार पाउनुपर्छ ।
- Me senta en la atrio per un ora, e **nun** ia parla a me. — म एक घण्टादेखि प्रतीक्षालयमा बसिरहेको छु र मसँग कोही पनि बोलेको छैन ।
- Los sposi **lunlotra.** — उनीहरूले एकअर्कासँग बिहे गरे ।

वस्तुहरूको स्थितिमा **algun**, **cualcun**, **cadun** र **nun** का ठाउँमा **alga cosa** (केही), **cualce cosa** (जुनसुकै, जेसुकै), **cada cosa** (सब) र **no cosa** (केही होइन) को प्रयोग गरिन्छ ।

## *सार्वनामिक पद*

सामान्यतया निर्धारक वा विशेषणले सर्वनामको रूपान्तरण नगरे पनि सम्बन्ध कारकले सर्वनामको रूपान्तरण गर्न सक्दछ :

- **Nos en la sindicato** esijo plu diretos. — सङ्घमा रहेका हामी थप अधिकारका माग गर्छौं ।
- **Tota de la lenio** es danada. — सबै काठ नष्ट भए ।
- **La plu de esta linguas** es difisil. — यीमध्ये अधिकतम भाषाहरू कठिन छन् ।

# विशेषण

नामको अर्थको रूपान्तरण गर्ने शब्दलाई **विशेषण** भनिन्छ । सामान्य विशेषणले नामको गुण, दोष, सङ्ख्या, मात्रा आदि विशेषता बुझाउँछ ।

एलेफेनमा सङ्ख्या वा लिङ्गलाई बुझाउनका लागि विशेषणको रूपमा कुनै परिवर्तन हुँदैन ।

## *अवस्थिति*

सामान्यतया विशेषणलाई त्यसले रूपान्तरण गर्ने नामको पछाडि प्रयोग गरिन्छ । यद्यपि, **bon** ("राम्रो") र **mal** ("नराम्रो") लाई ती आफैँ अन्य विशेषणद्वारा रूपान्तरित नभएसम्म नामको अगाडि प्रयोग गरिन्छ :

- un **bon** can — राम्रो कुकुर
- un can plu **bon** — झनै राम्रो कुकुर
- la **mal** enfante — नराम्रो बच्चा
- un **mal** can bon instruida — राम्ररी प्रशिक्षित नराम्रो कुकुर
- **bon** enfantes mal comprendeda — राम्ररी नबुझिएका राम्रा बालबालिका

सामान्यतया नामको पछाडि एकभन्दा बढी विशेषणको प्रयोग गर्दा पनि वाक्यको अर्थ स्पष्ट नै रहन्छ । यद्यपि, कहिलेकाहीँ कोही कुनै एक विशेषणलाई आगामी विशेषणको विशेषता जनाउने क्रियाविशेषणसँग भ्रमित हुन सक्छ । त्यसैले स्पष्टताका लागि विशेषणका बिचमा **e** को प्रयोग गर्न सकिन्छ :

- la nara **vera longa** — असाध्यै लामो कथा (*vera* = *क्रियाविशेषण*)
- la nara **vera e longa** — लामो तथा साँचो कथा (*vera* = *विशेषण*)
- la om **grande, forte, e stupida** — ठुलो, बलवान्, मूर्ख पुरुष (*तीनवटा विशेषण*)

कहिलेकाहीँ, विशेष गरेर काव्य तथा साहित्यमा अथवा उस्तै किसिमका दुइटा विशेषणको प्रयोग हुँदा, विशेषणलाई नामको अगाडि प्रयोग गर्न सकिन्छ :

- la **peti** casa bela — सानो, मनोरम घर
- un **fea** arbor vea — भद्दा, प्राचीन रूख

**Bela**, **fea**, **nova**, **vea**, **grande** र **peti** जस्ता छोटा विशेषणलाई नामको अगाडि प्रयोग गरेको राम्रो मानिन्छ ।

## *तुलना*

**Plu** ("धेरै") र **min** ("थोरै") क्रियाविशेषणहरूको प्रयोग गरी तुलनात्मक विशेषणको रचना गर्न सकिन्छ । तुलनात्मक रूपमा "भन्दा" लाई **ca** भनिन्छ :

- La cosina es **plu calda ca** la jardin. — भान्सामा बगैँचाभन्दा धेरै तातो छ ।
- Esta leto es **min comfortosa ca** me ia previde. — यो खाट सोचेभन्दा कम आरामदायक रहेछ ।

**La plu** ("अधिकतम") र **la min** ("न्यूनतम") क्रियाविशेषणहरूको प्रयोग गरी अतिशयोक्ति विशेषणको रचना गर्न सकिन्छ :

- La sol es lo ojeto **la plu calda** en la sistem solal. — सूर्य सूर्यमण्डलको सबभन्दा तातो वस्तु हो ।

- El ia ave un fia **la plu bela** en la mundo. — मसँग संसारकै सबभन्दा सुन्दर छोरी छिन् ।

अतिशयोक्ति विशेषणका साथमा क्रमसूचक सङ्ख्याको प्रयोग गर्न सकिन्छ :

- Vega es la stela **sinco la plu briliante** en la sielo de note. — अभिजित् राति आकाशमा देखिने पाँचौं सबभन्दा चम्किलो तारा हो ।
- El ia deveni la om **tre de la plu ricas** en la mundo. — उनी विश्वको तेस्रो सबभन्दा धनी व्यक्ति बने ।

उही स्तरका वस्तुबिच तुलना गर्दा **tan... como...** ("जति") को प्रयोग गरिन्छ :

- La ia arbor es **tan** alta **como** un casa. — रूख घर जति नै अग्लो थियो ।
- On es **tan** joven **como** on senti. — तिमी आफूले महसुस गरे जति नै जवान छौ ।

## *नामका रूपमा विशेषण*

कुनै पनि विशेषणको स्वरूपमा कुनै फेरबदल नगरी नामको रूपमा प्रयोग गर्दा सो नामले सो विशेषणको विशेषता भएको व्यक्ति वा वस्तुलाई बुझाउँछ । परिणामस्वरूप रचना गरिएको नामले सामान्य नामका नियमहरूको पालना गर्छ – त्यसलाई बहुवचन बनाउन **-s** प्रत्ययको प्रयोग गरिन्छ, त्यसको अगाडि निर्धारकको प्रयोग आवश्यक हुन्छ र त्यसलाई अन्य विशेषणद्वारा रूपान्तरित गर्न सक्छ :

- Esta anelo es perfeta sirculo. Lo es **un sirculo perfeta.** — यो वलय पूर्णतः गोलाकार छ । यो एक पूर्ण चक्र हो ।
- Marilyn es un blonde, e seniores prefere **blondes.** — म्यारिलिनको कपाल खैरो छ र सज्जनहरूलाई खैरो कपाल मन पर्छ ।

# क्रियाविशेषण

विशेषणले जसरी नामको विशेषता जनाउँछ, त्यसरी नै क्रियाविशेषणले क्रियापद, विशेषण, अन्य क्रियाविशेषण, निर्धारक, सम्बन्ध कारक, नामिक पद र कहिलेकाहीँ सम्पूर्ण वाक्यको नै विशेषता जनाउँछ। सामान्यतया क्रियाविशेषणले स्थान, समय, रीति, परिमाण तथा कारणका बारेमा जानकारी दिन्छ।

## *अवस्थिति*

एलेफेनमा विशेषण तथा क्रियाविशेषणमा कुनै गोचर भिन्नता हुँदैन। तसर्थ, अवस्थितिबाट नै वाक्यमा विशेषणको प्रयोग गरिएको हो कि क्रियाविशेषणको प्रयोग गरिएको हो भन्ने स्पष्ट हुन्छ – विशेषणलाई नामको पछाडि प्रयोग गरिन्छ भने क्रियाविशेषणलाई क्रियापदको पछाडि र अन्य शब्दहरूको अगाडि प्रयोग गरिन्छ :

- La om **ia studia atendosa** la testo. — पुरुषले ध्यानपूर्वक पाठ पढे। (*क्रियापदको विशेषता बुझाउँदै*)
- Me ia veni asi en un tren **riable** lenta. — म यहाँ एउटा असाध्यै ढिलो रेलमा आइपुगे। (*विशेषणको विशेषता बुझाउँदै*)
- La tren ia move **asurda** lenta. — रेल असाध्यै ढिलो चल्यो। (*अर्को क्रियाविशेषणको विशेषता बुझाउँदै*)
- Me no **oia multe bon** tu. — मैले तिमीलाई खासै राम्ररी सुन्न सकिरहेको छैन। (*"multe" ले "bon" को विशेषता बुझाउँदै, "multe bon" ले "oia" को विशेषता बुझाउँदै*)
- **Cuasi** sento persones ia espeta sur la plataforma. — मञ्चमा झन्डै सय जना मान्छेहरू पर्खदै थिए। (*सङ्ख्याबोधक विशेषणको विशेषता बुझाउँदै*)
- On ia escava un buco **direta** ante mea porta. — उनीहरूले ठ्याक्क मेरो ढोकाअगाडि खाडल खनेका छन्। (*सम्बन्ध कारकको विशेषता बुझाउँदै*)
- **Sola** la manico es rompeda. — ह्यान्डल मात्रै भाँचिएको छ। (*नामिक पदको विशेषता बुझाउँदै*)
- **Strana,** el ia porta un balde de pexes. — अनौठो रूपले उसले माछाको बाल्टिन बोकेको थियो। (*वाक्यको विशेषता बुझाउँदै*)

क्रियापद वा सम्पूर्ण वाक्यको विशेषता बुझाउने क्रियाविशेषण वा क्रियायोगी पदलाई वाक्यको सुरुवातमा राख्न सकिन्छ। कुनै प्रकारको भ्रान्ति नहुने भए क्रियाविशेषणलाई क्रियापदको कर्मको पछाडि वा वाक्यको अन्त्यमा पनि राख्न सकिन्छ :

- El dansa **bon.** — उनी राम्ररी नाच्छन्।
- **Pronto** el va cade. — उनी चाँडै लड्छन्।
- **Surprendente,** el es un xico **multe** bon. — ऊ आश्चर्यजनक रूपमा एक असाध्यै ज्ञानी केटो हो।
- Me no oia tu **multe bon.** — मैले तिमीले भनेको राम्ररी सुन्न सकिरहेको छैन।
- **तर** : Me leje **felis** la libro. — मैले खुसीका साथ पुस्तक पढेँ।

कहिलेकाहीँ विशेषणको अगाडि क्रियाविशेषणलाई स्पष्टताका लागि योजक चिह्नले जोड्न सकिन्छ :

- la parolas **nova-creada** — नव-निर्मित शब्दहरू

क्रियाविशेषणको अर्थलाई थप स्पष्ट पार्नका लागि **en modo** वा **a grado** को पनि प्रयोग गर्न सकिन्छ :

- La melodia es bela **en modo** surprendente. — यो धुन आश्चर्यजनक ढङ्गले राम्रो छ ।

### *तुलना*

क्रियाविशेषणको तुलनाका लागि विशेषणको तुलनामा प्रयोग गरिने नियमहरूको नै पालना गरिन्छ ।

### *प्राथमिक क्रियाविशेषण*

विशेषणबाट व्युत्पन्न भएका कयौँ क्रियाविशेषणहरूबाहेक एलेफेनमा केही यस्ता शब्दहरू पनि छन् जसलाई केवल क्रियाविशेषणको रूपमा प्रयोग गरिन्छ :

- **cisa** — सायद
- **cuasi** — झन्डै
- **tan** — अति
- **tro** — ज्यादै
- **asi** — यहाँ
- **ala** — त्यहाँ
- **an** — सुद्ध
- **ance** — पनि
- **ancora** — फेरि
- **aora** — अहिले
- **alora** — उहिले
- **ja** — पहिल्यै
- **nunca** — कहिल्यै होइन
- **sempre** — सधैँ
- **ier** — हिजो
- **oji** — आज
- **doman** — भोलि

**Tan** लाई उद्गार जनाउनका लागि प्रयोग गरिन्छ :

- Un vista **tan** bela! — कति राम्रो दृश्य !
- **Tan** stonante! — कस्तो गजबको !

### *परिमाणबोधक क्रियाविशेषण*

केही परिमाणबोधक विशेषणलाई क्रियापदको कार्यको परिमाण वा मात्रा बुझाउने क्रियाविशेषणको रूपमा प्रयोग गर्न सकिन्छ ।

- **no** — सुन्ना
- **alga** — अलि
- **multe** — धेरै
- **poca** — थोरै
- **plu** — धेरै (तुलनात्मक)
- **min** — थोरै (तुलनात्मक)

- **la plu** — अधिकतम
- **la min** — न्यूनतम

क्रियाविशेषणको रूपमा **no** लाई "सुन्ना" वा केही नभएको स्थितिको अर्थमा प्रयोग गरिन्छ। यसले आफ्नो विशेष्यलाई नकार्छ। क्रियापदको विशेषता जनाउने विशेष स्थितिमा यसलाई क्रियापदको *अगाडि* प्रयोग गरिन्छ :

- Los **no** va comprende. — उनीहरूले बुझ्दैनन्।
- Nos ave **no** sola un orania, ma ance du bananas. — हामीसँग एउटा जुनार मात्र होइन, दुइटा केराहरू पनि छ।
- O, **no** esta problem denova! — हीँ! फेरि यो समस्या नाइँ!

क्रियाविशेषणको रूपमा **alga** लाई "अलि" वा "केही हदसम्म" को अर्थमा प्रयोग गरिन्छ :

- Acel es un caso **alga** special. — त्यो अलि विशेष मुद्दा हो।
- **Alga** confusada, el ia cada en la lago. — अलि विमूढ, उनी तलाउमा झरे।

क्रियाविशेषणको रूपमा **multe** लाई "धेरै", "अत्यन्तै" वा "धेरै हदसम्म" को अर्थमा प्रयोग गरिन्छ :

- Me es **multe** coler. — म अत्यन्तै क्रोधित छु।
- El ama **multe** la femes. — ऊ महिलाहरूलाई धेरै मन पराउँछ।

क्रियाविशेषणको रूपमा **poca** लाई "थोरै", "अलिकति" वा "थोरै हदसम्म मात्रै" को अर्थमा प्रयोग गरिन्छ :

- Me es **poca** interesada. — मलाई थोरै मात्रै रुचि लागेको छ।
- El core **poca**. — उनी अलिकति मात्रै दौडन्छन्।

क्रियाविशेषणका रूपमा **plu** र **min** लाई तुलनात्मक रूपमा "धेरै" र "थोरै" को अर्थमा प्रयोग गरिन्छ :

- Tu aspeta **plu** joven ca me. — तिमी मभन्दा जवान देख्छौ।
- No parla **plu**. — झन् धेरै नबोल।
- Me es **min** contente con la resulta ca me ta prefere. — म नतिजादेखि अपेक्षा गरेकोभन्दा कम सन्तुष्ट छु।

क्रियाविशेषणका रूपमा **la plu** र **la min** लाई "अधिकतम" र "न्यूनतम" को अर्थमा प्रयोग गरिन्छ :

- "Pardona" es la parola **la plu** difisil. — "क्षमस्व" सबभन्दा गाह्रो शब्द हो।
- El es la om **la min** interesante en la mundo. — ऊ संसारकै सबभन्दा अरुचिकर व्यक्ति हो।
- A **la min**, nos ave ancora la un la otra. — कमसेकम हामीसँग एकअर्का त छौँ।

## *प्रश्नवाचक तथा सम्बन्धवाचक क्रियाविशेषण*

निम्न क्रियाविशेषणहरूलाई विभिन्न तरिकाले प्रयोग गर्न सकिन्छ :

- **cuando** — कहिले, जब
- **do** — कता, कहाँ, जता, जहाँ
- **como** — कसरी, जसरी, जस्तै, झैं
- **cuanto** — कति, जति

- **perce** – किन

यी क्रियाविशेषणले प्रत्यक्ष तथा अप्रत्यक्ष प्रश्न पनि बनाउँछन् र सम्बन्धवाचक उपवाक्यको पनि परिचय गराउँछन् । सम्बन्ध बुझाउने अर्थमा प्रयोग गर्दा यिनीहरूले क्रियायोगी उपवाक्यको परिचय गराउन प्रयोग गरिने सापेक्ष संयोजकको पनि भूमिका निभाउँछ – उदाहरणका लागि, **cuando**, तसर्थ **a la tempo cuando** को लघु स्वरूप हो । यिनीहरूलाई सम्बन्ध कारकको प्रयोग गरेर पनि परिचय गराउन सकिन्छ ।

**Cuando** को अर्थ "कहिले" वा "जब" हो :

- **Cuando** nos va come? – हामी कहिले खाने छौँ ?
- La enfante demanda **cuando** nos va come. – बाबुले हामी कहिले खाने भनेर सोध्दै छ ।
- En la anio **cuando** me ia nase, la clima is es multe calda. – जुन सालमा म जन्मेकी थिएँ, तब असाध्यै गर्मी थियो ।
- **Cuando** nos ariva, me va dormi. – जब हामी आइपुग्छौँ, तब म सुत्छु ।
- Nos va canta **ante cuando** nos dansa. – हामी नाच्नुअघि गाउने छौँ ।
- Nos va dansa **pos cuando** nos canta. – हामी गाएपछि नाच्ने छौँ ।
- Nos va dansa **asta cuando** nos adormi. – हामी नसुतुन्जेल नाच्ने छौँ ।

**Do** को अर्थ "कहाँ" वा "जहाँ" हो :

- **Do** es la can? – कुकुर कहाँ छ ?
- Me no sabe **do** nos vade. – हामी कता जाँदै छौँ भन्ने मलाई थाहा छैन ।
- En la pais **do** me ia nase, la clima es multe calda. – म जहाँ जन्मेकी थिएँ, त्यहाँ अत्यन्तै गर्मी हुन्छ ।
- El ia dormi **do** el sta. – ऊ जहाँ उभिएको थियो, त्यहीँ निदायो ।
- Me veni **de do** tu ia visita me. – म त्यहाँबाट आइरहेकी छु जहाँ तिमीले मलाई भेटेको थियौ ।
- La polisior ia desinia un sirculo **sirca do** el ia trova la clave. – प्रहरीले त्यहाँ घेरा लगाइन् जहाँ उनले साँचो भेट्टाएकी थिइन् ।

**Como** को अर्थ "कसरी" वा "जसरी" हो । यसलाई "जस्तो" वा "झैँ" को अर्थमा सम्बन्ध कारकको रूपमा पनि प्रयोग गरिन्छ :

- **Como** tu conose mea nom? – तिमीलाई मेरो नाम कसरी थाहा भयो ?
- Me no comprende **como** tu conose mea om. – तिमीलाई मेरो नाम कसरी थाहा छ भन्ने कुरो मैले बुझिनँ ।
- La manera **como** tu pasea es riable. – तिमी जसरी हिँड्छौ, त्यो हास्यास्पद छ ।
- Me parla **como** me pensa. – म जसरी सोच्छु, त्यसरी नै बोल्छु ।
- La descrive ia difere multe **de como** la loca aspeta vera. – ठाउँ जस्तो देखिन्छ, त्यसको वर्णन त्यस्तो छँदै छैन ।
- Tua oios es **como** los de un falcon. – तिम्रा आँखा बाजका आँखा झैँ छन् ।

**Cuanto** को अर्थ "कति" वा "जति" हो । यसलाई समानार्थी परिमाणबोधक विशेषणको रूपमा पनि प्रयोग गरिन्छ :

- **Cuanto** la orolojo custa? – यो घडीको कति पर्छ ?

- **Cuanto** tu ia compra? — तिमीले कति किन्यौ ?
- **Cuanto** tu desira esta torta? — तिमीलाई कत्तिको यो केक चाहिन्छ ?
- Me va demanda **cuanto** ia ariva. — म कति जना आए भनेर सोध्छु ।
- Nos va aida **cuanto** nos pote. — हामी जति सक्छौँ, त्यति सहयोग गर्छौँ ।
- Tu sabe **cuanto** me ama tu? — तिमीलाई म तिमीलाई कति माया गर्छु भन्ने थाहा छ ?

**Perce** को अर्थ "किन" हो । यसअनुरूप **car** ("किनभने") र **afin** ("का लागि", "हेतु") गरी दुइटा संयोजकको प्रयोग गरिन्छ । एलेफेनमा जहिले पनि **perce** को प्रयोग गरिन्छ, **per cual** को गरिँदैन ।

- **Perce** tu core? — तिमी किन दगुर्दै छयौ ?
- La fem ia demanda **perce** la fenetra es rompeda. — महिलाले झ्याल किन चर्केको छ भनेर सोधिन् ।

# क्रियापद

सामान्य क्रियापदले कर्ताले गरेको काम (दौडनु, रोक्नु), घटेको घटना (उभिनु, पग्लनु) अथवा वस्तुको अवस्था वा स्थिति (हुनु, हराउनु) लाई बुझाउँछ। एलेफेनमा काल तथा भाव बुझाउनका लागि क्रियाको विकार हुँदैन। क्रियापदमा परिवर्तन गर्नुको सट्टामा क्रियाविशेषणको प्रयोग गरिन्छ, विशेष गरी **ia**, **va** र **ta** को। कुनै पनि क्रियापदमा कुनै परिवर्तन नगरी त्यसलाई नामको रूपमा प्रयोग गर्न सकिन्छ।

*काल*

एलेफेनमा भविष्यत्काल जनाउनका लागि फ्रेन्च मूलको **va** र भूतकाल तथा पूर्ण वर्तमानकाल जनाउनका लागि चावाकानो मूलको **ia** क्रियाविशेषणको प्रयोग गरिन्छ। यी विशेष शब्द हुन् जसलाई क्रियापदको अगाडि राखिन्छ। सामान्य तथा अपूर्ण वर्तमानकाल जनाउन कुनै विशेष शब्दको प्रयोग गरिँदैन :

- Me **canta.** — म गाउँछु / म गाउँदै छु।
- Me **va canta.** — म गाउने छु।
- Me **ia canta.** — मैले गाएँ / म गाउँदै थिएँ / मैले गाएको थिएँ / मैले गाएको छु।

कथाहरूमा प्रायः वास्तविक वा काल्पनिक विगतका घटनाहरूको वर्णन गरिएको हुन्छ किंवा समयावधिको खास वास्ता हुँदैन। त्यस्ता स्थितिहरूमा **ia** को प्रयोग नगर्दा पनि हुन्छ।

एलेफेनमा "मैले खाएँ", "म खान्थेँ", "मैले खाएको छु" र "मैले खाएको थिएँ" जस्ता कालका पूर्ण तथा अपूर्ण पक्षहरूमा फरक छुट्टयाइँदैन। यद्यपि, **ja** ("पहिल्यै") को प्रयोग गरी क्रियाका क्रमको स्पष्टीकरण गर्न सकिन्छ :

- Cuando tu ia encontra nos, nos **ia come ja.** — तिमीले हामीलाई भेट्दा हामीले खाइसकेका थियौँ।
- Si tu reveni doman, me **va fini ja** la labora. — तपाईं भोलि आउनुहुन्छ भने मैले काम सिद्धयाइसकेकी हुने छु।
- Sempre cuando me ateni la fini de un capitol, me **oblida ja** la titulo. — पाठको अन्त्यसम्म पुग्नुसम्म मैले पाठको शीर्षक बिर्सिसकेको हुने छु।

सामयिक क्रमको स्पष्टीकरणका लागि निम्न उपायहरू अपनाउन सकिन्छ :

- Me ia come **ante aora.** — मैले अघि भर्खर खाएँ।
- Me ia come **plu temprana.** — मैले अघि नै खाएँ।
- Me ia **fini** come. — मैले खाने काम सिद्धयाएँ।
- Me va come **pronto.** — म छिटै खाने छु।
- Me **comensa** come. — म खान सुरु गर्छु।
- Me va come **pos acel.** — म त्यसपछि खान्छु।
- Me va come **plu tarda.** — म पछि खान्छु।
- Me ia **abitua** come la note. — म राति खान्थेँ।
- Me ia come **abitual** en la note. — म राति खान्थेँ।

एलेफेनमा सङ्केतार्थ वाक्यका लागि हाइतेली मूलको **ta** को प्रयोग गरिन्छ, जसले कुनै वाक्यमा बताइएको कुरा अवास्तविक, काल्पनिक वा इच्छित हो भन्ने कुरा जनाउँछ। **Ta** लगाइएको वाक्यले वैकल्पिक वास्तविकताको सङ्केत गर्छ। **Si** ("यदि") भएको वाक्यमा मुख्य उपवाक्यमा प्रायः **ta** जोडिन्छ। यद्यपि, "यदि" रहेको उपवाक्यमा **ta** को प्रयोग त गरिँदैन तर गरे पनि फरक भने पर्दैन। त्यसो गर्दा **va** ले जनाउनेभन्दा कम सम्भव भविष्यको वर्णन हुन्छ। **Ta** लाई विनम्र अनुरोधका लागि पनि प्रयोग गर्न सकिन्छ। अन्य भाषामा ससर्त

तथा सङ्केतार्थ भाव बुझाउनका लागि प्रयोग गरिने क्रियापद झैँ एलेफेनमा **ta** को प्रयोग गरिन्छ र सामान्यतया यसलाई नेपालीमा "हुन्थ्यो" को अर्थमा अनुवाद गरिन्छ :

- Si me **ta rena** la mundo, cada dia ta es la dia prima de primavera. — मैले संसारमा राज गरेको भए प्रत्येक दिन वसन्तको प्रथम दिन झैँ हुन्थ्यो ।
- Si lo no esiste, on **ta debe** inventa lo. — त्यसको अस्तित्व नरहेको भए तिमीले त्यसको आविष्कार गर्नुपर्ने हुन्थ्यो ।
- Si tu canta, me va escuta. — तिमीले गाए म सुन्छु ।
- Si tu va canta, me **ta escuta.** — तिमीले गाए म सुन्ने छु ।
- Si tu canta, me **ta escuta.** — तिमीले गाए म सुन्थेँ ।
- Si tu **ta canta,** me **ta escuta.** — तिमीले गाउने भए मैले सुन्ने थिएँ ।
- Me duta ce tu **ta dise** acel. — तिमीले त्यसो भन्छौ भन्ने मलाई सन्देह लाग्छ ।
- Tu **ta dona** la sal, per favore? — के तपाईं कृपया मलाई त्यो नुन दिन सक्नुहुन्छ ?

सामान्यतया एउटा क्रियापदसँग **va**, **ia** र **ta** मध्ये एउटा मात्र क्रियाविशेषणको प्रयोग गर्न सकिन्छ । यस नियमको एक मात्र अपवाद **ia ta** हो, जसलाई रोमान्स भाषाहरूमा झैँ भूतकालीन ससर्त वाक्यको अर्थमा प्रयोग गरिन्छ । भूतपूर्व अमेरिकाली राष्ट्रपति रिचर्ड निक्सनद्वारा कथित निम्न चुट्किलालाई यसको उदाहरण मान्न सकिन्छ :

- Me **ia ta** es un bon pape. — म एउटा राम्रो पोप हुने थिएँ ।

एलेफेनमा नेपालीमा झैँ अप्रत्यक्ष कथनमा पनि प्रत्यक्ष कथनको काललाई कायम राखिन्छ :

- El ia dise ce la sala **es** fria. = El ia dise: "Oji, la sala **es** fria." — उसले कोठा चिसो छ भन्यो । = उसले भन्यो, "आज कोठा चिसो छ ।"
- El ia demanda esce la sala **es** fria. = El ia demanda: "Esce la sala **es** fria?" — उनले कोठा छ कि भनेर सोधे । = उनले सोधे, "कोठा चिसो छ ?"
- El ia pensa ce la sala **ia es** fria. = El ia pensa: "Ier, la sala **ia es** fria." — उहाँले कोठा चिसो थियो भन ठान्नुभयो । = उहाँले ठान्नुभयो, "हिजो कोठा चिसो थियो ।"

### *आज्ञार्थ*

आज्ञार्थ वाक्यहरू अचिह्नित हुन्छन्, अर्थात् वाक्य आज्ञार्थ हो भनेर बुझाउन कुनै विशेष शब्द वा वाक्यांशको प्रयोग गर्नुपर्दैन । यसमा भने सामान्य वर्तमानकालीन वाक्यको विपरीत कर्तालाई नकारिन्छ । सामान्यतया आज्ञार्थ वाक्यमा द्वितीय पुरुषवाचक सर्वनाम, अर्थात् **tu** वा **vos**, नै कर्ताका भूमिकामा प्रस्तुत हुन्छन् । कर्ताको प्रयोग गर्नै परेमा **ta** वा **ta ce** को प्रयोग गर्न सकिन्छ :

- **Para**! — रोक !
- **Pardona** me. — माफ गर्नुहोला ।
- **Toca** la tecla de spasio per continua. — अघि बढ्नका लागि स्पेसबार थिच्नुहोस् ।
- **Vade** a via, per favore! — कृपया उता जानुहोस् !
- Ta ce tua rena **veni**! — तिम्रो राज चिरञ्जीवी होस् !
- Ta ce nos **dansa**! — नाचौँ !

### *निषेध*

क्रियापदको अर्थको निषेध गर्नका लागि **no** क्रियाविशेषणको प्रयोग गरिन्छ, जुन दुवै क्रियापद र **va**, **ia** वा **ta** को *अगाडि* राखिन्छ :

- Me **no labora** oji, e me **no va labora** doman. — म आज काम गरिरहेको छैन र म भोलि पनि काम गर्ने छैन ।
- El **no ia pensa** ce algun es asi. — उसलाई त्यहाँ कोही उपस्थित थियो जस्तो लागेन ।
- **No traversa** la strada sin regarda. — नहेरी बाटो नकाट ।

## *कृदन्त*

विशेषण वा क्रियाविशेषणको रूपमा प्रयोग गरिने क्रियापदलाई **कृदन्त** भनिन्छ । क्रियामा **-nte** प्रत्यय जोडेर सक्रिय कृदन्त र **-da** प्रत्यय जोडेर निष्क्रिय कृदन्त बनाइन्छ । यसरी बनेका कृदन्त विशेषण हुन् जसलाई क्रियाविशेषण र नामका रूपमा पनि प्रयोग गर्न सकिन्छ । सामान्यतया सक्रिय कृदन्तले वर्तमानमा घटिरहेको घटनालाई बुझाउँछ भने निष्क्रिय कृदन्तले विगतमा घटेको घटनालाई बुझाउँछ :

- Un ruido **asustante** ia veni de la armario. — अलमारीबाट भयानक आवाज आयो । (*विशेषण*)
- La om **creante** scultas es amirable. — मूर्ति निर्माण गरिरहेको व्यक्ति सराहनीय छ । (*विशेषण*)
- El ia sta **tremante** en la porta. — ऊ दैलोमा काम्दै उभिइन् । (*क्रियाविशेषण*)
- Nos ia colie tota de la **composantes.** — हामीले सब पुर्जा जम्मा गर्‍यौँ । (*नाम*)
- Per favore, no senta sur la seja **rompeda.** — कृपया भाँचिएको कुर्सीमा नबस्नुहोस् । (*विशेषण*)
- El ia cade **embarasada** tra la seja. — उनी लाजमर्दो ढङ्गले कुर्सीबाट लडे । ( *क्रियाविशेषण*)
- Sua novela va es un **bonvendeda.** — उनको उपन्यास सबभन्दा बढी बिक्री हुने रचना हुने छ । (*नाम*)

सक्रिय कृदन्तको कर्म हुन सक्छ । यसबाहेक यसलाई गतिशीलताको अर्थ जनाउनका लागि **es** क्रियापदको पूरकको रूपमा प्रयोग गर्न सकिन्छ :

- Me **es** lenta **asorbente** la informa. — म बिस्तारै जानकारी लिँदै छु ।
- Me no ia disturba tu, car tu **ia es laborante.** — मैले तिमीलाई विक्षुब्ध गरिनँ किनभने तिमी काम गर्दै थियौ ।

यद्यपि, कृदन्तको प्रयोग प्रायः आवश्यक हुँदैन किनभने उही अर्थ बुझाउनका लागि विभिन्न तरिकाले वाक्यको रचना गर्न सकिन्छ :

- Me **asorbe lenta** la informa. — म बिस्तारै जानकारी लिँदै छु ।
- Vade a via, me **labora.** — उता जाऊ, म काम गर्दै छु ।
- Me **continua** come. — म खाने कामलाई निरन्तरता दिन्छु ।
- Me come **continual.** — म निरन्तर रूपमा खान्छु ।
- Me come **tra la dia intera.** — म दिनभर खान्छु ।

निष्क्रिय कृदन्तलाई **es** वा **deveni** को पूरकको रूपमा प्रयोग गरी कर्मवाच्य वा भाववाच्य वाक्यको रचना गर्न सकिन्छ । **Par** ("बाट", "द्वारा") को प्रयोग गरी वाक्यामा कर्तालाई गौण र कर्मलाई प्रधान बनाइन्छ :

- Esta sala **ia es pintida** par un bufon. — यो कोठामा एउटा उल्लुद्वारा रङ लगाइएको थियो ।
- La sala **deveni pintida.** — कोठामा रङ लगाइँदै छ ।
- Acel ponte **ia es desiniada par** un injenior famosa. — त्यो पुल एउटा प्रसिद्ध इन्जिनियरद्वारा निर्माण गरिएको थियो ।
- Lo **ia deveni conoseda** ce el ia es un om perilosa. — ऊ एक खतरनाक मान्छे हो भनेर थाहा भइयो ।

कर्मवाच्य वा भाववाच्य वाक्यका विकल्पका रूपमा **on** वा **algun** लागेका कर्तृवाच्य वाक्यको पनि प्रयोग गर्न सकिन्छ :

- **On** pinti la sala. — एक जनाले कोठामा रङ लगाउँदै छ ।
- **On** no conose cuanto persones teme aranias. — कति जनालाई माकुरादेखि डर लाग्छ भन्ने थाहा छैन ।
- **Algun** ia come lo. — कसैले खाइदियो ।

**Es** को सक्रिय कृदन्त **esente** हो :

- **Esente** un bufon, el ia senta sur la seja rompeda. — उल्लु भएको हुनाले ऊ भाँचिएको कुर्सीमा बस्यो ।

## *कर्मकता*

सम्बन्ध कारकको प्रयोग नगरी नै नामिक पदलाई कर्मको रूपमा स्विकार्ने क्रियालाई **सकर्मक क्रिया** भनिन्छ । **अकर्मक क्रिया**ले भने कर्म नलिई वाक्यलाई पूरा गर्न सक्छ । उदाहरणका लागि,

- Me **senta.** — म बस्दै छु । (***senta*** *अकर्मक क्रिया हो*)
- La patatas **coce.** — आलु पाक्दै छ । (***coce*** *अकर्मक क्रिया हो*)
- El **usa** un computador. — उनी कम्प्युटर चलाउँदै छिन् । (***usa*** *सकर्मक क्रिया हो*)
- Los **come** bananas. — उनीहरू केरा खाँदै छन् । (***come*** *सकर्मक क्रिया हो*)

एलेफेनमा कर्मकतासम्बन्धी कडा नियमहरू छैनन् । उदाहरणका लागि, अकर्मक क्रियाको पछाडि कुनै कर्म राखेमा सो क्रिया सकर्मक बन्छ । उक्त कर्मले भने अकर्मक क्रियासँग नै मेल खान्छ र फलस्वरूप सो क्रिया प्रेरणार्थक बन्छ :

- Me **senta** la enfantes. — म बच्चाहरूलाई बसाउँछु । (= *Me causa ce la enfantes senta*)
- Me **coce** la patatas. — म आलु पकाउँछु । (= *Me causa ce la patatas coce*)

निश्चित प्रसङ्गमा आफैँ वाक्यको अर्थ स्पष्ट हुने अवस्थामा सकर्मक क्रियाको कर्मलाई पनि नकार्न सकिन्छ :

- El **canta** un melodia. — उनी एक धुन गाउँदै छिन् । > El **canta.** — उनी गाउँदै छिन् । (= *El canta alga cosa*)

क्रियाको कर्ता र कर्म एउटै भएको अवस्थामा कर्मको रूपमा निजवाचक सर्वनामको प्रयोग गर्न सकिन्छ :

- Me **senta** me. — म आफैँ बस्छु । (= *Me deveni sentante*)

- La porte **abri se.** — ढोका आफैं खुल्छ। (= *La porte abri — तर आफैं खुलिरहेको कुरामा जोड दिँदै*)

यसका साथै क्रियालाई प्रेरणार्थक अर्थमा प्रस्तुत गर्नका लागि **fa** वा **causa** को प्रयोग गर्न सकिन्छ :

- Me **fa** ce la enfantes senta. — म बच्चाहरूलाई बसाउँछु। (= *Me senta la enfantes*)
- Me **causa** ce la fango adere a mea botas. — म बुटमा हिलो टँसाउँछु। (= *Me adere la fango a me botas*)

केही भाषाहरूमा सकर्मक क्रियाको कर्ममा पूरक जोडिन्छ। एलेफेनमा भने यसका लागि वाक्यको विभिन्न शैलीको प्रयोग गरिन्छ :

- Los ia eleje el **a** presidente. — उनीहरूले उनलाई राष्ट्रपतिको रूपमा चुनाव गरे। (*परिणामवाचक सम्बन्ध कारक*)
- Me ia pinti la casa **a** blanca. — मैले घरमा सेतो रङ लगाएँ। (*परिणामवाचक सम्बन्ध कारक*)
- Me ia fa ce el **es** felis. — मैले उसलाई खुसी बनाएँ। (*नामिक उपवाक्य*)
- El ia dise **ce** me es stupida. — उसले मलाई मूर्ख भन्यो। (*नामिक उपवाक्य*)

यस नियमको एउटा अपवाद **nomi** क्रियापद हो, जसलाई समानाधिकरणको उदाहरण मानिन्छ :

- La esplorores ia nomi la rio **la Amazon.** — यात्रीहरूले नदीको नाम अमेजन राखिदिए।

## *प्रतिरूपी कर्ता भएको क्रियापद*

एलेफेनमा सबै समापक क्रियासँग स्थानधारकका रूपमा भए पनि कर्ता राख्नु आवश्यक हुन्छ।

नेपालीलगायत अन्य भाषाहरूमा मौसम वा सामान्य वातावरणको कुरा गर्दा कर्तालाई नकार्न सकिन्छ। एलेफेनमा भने **lo** को प्रयोग गरिन्छ :

- **Lo neva.** — हिउँ पर्दै छ।
- **Lo va pluve.** — पानी पर्न लागेको छ।
- **Lo es** tro calda en esta sala. — यस कोठामा असाध्यै गर्मी छ।
- **Lo es** bon. — राम्रो छ।

नामिक उपवाक्यको पछाडि कर्ताको प्रयोग गर्ने पद्धतिलाई यसको उदाहरण मान्न सकिन्छ। क्रियापदको पछि आउने हुनाले **lo** लाई प्रतिरूपी कर्ताको रूपमा प्रयोग गरिन्छ :

- **Lo pare** ce tu es coreta. — तिमी ठिक छौ जस्तो देखिन्छ।
- **Lo es** importante ce me no oblida esta. — यो कुरा मैले नबिर्सनु महत्वपूर्ण छ।

त्यसैगरी **es** क्रियापदसँग प्रयोग भएको कर्ता सम्बन्धवाचक उपवाक्यको पछि आएको सर्वनाम (विशेषतः **el**, **lo** वा **los**) हो भने वास्तविक कर्तालाई वाक्यको अन्त्यमा पुऱ्याई प्रतिरूपी कर्ताको ठाउँमा **lo** लाई स्थानापन्न गर्न सकिन्छ :

- **Lo es** me **ci** ama Maria. = **El ci** ama Maria **es** me. — मारियालाई माया गर्ने म हुँ।

- **Lo es** Maria **ci** me ama. = **El ci** me ama **es** Maria. — मैले माया गर्ने मारिया हो ।
- **Lo es** la bal blu **cual** me ia perde. = **Lo cual** me ia perde **es** la bal blu. = La bal blue **es lo cual** me ia perde. — मैले हराएको कुरो निलो बल हो ।

**On ave** ले कुनै कुराको उपस्थिति वा अस्तित्व जनाउँछ :

- **On ave** un serpente en la rua. — सडकमा सर्प छ ।
- **On no ave** pexes en esta lago. — यस तलाउमा कुनै माछा छैन ।
- **On ave** multe persones asi oji. — आज यहाँ धेरै मान्छे छैनन् ।

### *नामका रूपमा क्रियापद*

एलेफेनमा क्रियापदलाई **धातु** र **क्रियापदीय नाम** गरी दुई तरिकाले नामको रूपमा प्रयोग गर्न सकिन्छ । दुवै तरिकामा क्रियापदको स्वरूपमा कुनै फेरबदल गरिँदैन । धातुले कर्ता वा काल तथा भावको सूचकलाई स्विकार्दैन तर क्रियाविशेषण र कर्मलाई स्विकार्छ र वाक्यमा प्रायः अर्को क्रियापद वा सम्बन्ध कारकको पछाडि आउँछ । क्रियापदीय नाम भने वास्तविक नाम नै हो र त्यसको अगाडि **la** वा अन्य निर्धारकको प्रयोग गरिन्छ । सो नामले विशेषणलाई स्विाकार्छ तर कर्मलाई जोड्नका लागि कुनै एक सम्बन्ध कारक (विशेषतः **de**) को प्रयोग गर्नुपर्ने हुन्छ ।

धातुलाई अर्को क्रियापदको कर्मको रूपमा पनि प्रयोग गरिन्छ । एलेफेनमा त्यसो गरेमा एउटा **क्रियापदीय शृङ्खला**को निर्माण हुन्छ । पहिलो क्रियापदको कर्ता दोस्रो क्रियापदको पनि कर्ता हुनुपर्छ र कर्मलाई दोस्रो क्रियापदको पछाडि राख्नुपर्छ । पहिलो क्रियापदको पछि त्यसको विशेषता जनाउने क्रियाविशेषण तथा दोस्रो क्रियापदलाई नकार्नका लागि **no** राख्न सकिन्छ :

- Me **espera ariva** ante tua parti. — म तिमी जानुभन्दा अगाडि आउन चाहन्छु ।
- Me **ia gusta** multa **escuta** oji mea musica. — मलाई आज मेरो सङ्गीत सुनेर मजा आयो ।
- On **pote** nunca **spele** coreta mea nom. — मान्छेहरूले कहिल्यै मेरो नाम ठिक ढङ्गले लेख्न सक्दैनन् ।
- El **teme** no **velia** en la matina. — उसलाई बिहान नउठ्ने डर लाग्छ ।

प्रमुख क्रियापदको कर्मको भूमिका निभाउनका साथै क्रियापद वाक्यमा सम्बन्ध कारकको पछाडि पनि आउन सक्छ । फेरि पनि त्यस्ता क्रियापदको अगाडि **no** र पछाडि क्रियाविशेषणको प्रयोग हुन सक्छ :

- Me viaja **per vide** la mundo. — म संसार हेर्न घुमिरहेकी छु ।
- El ia mori **pos nomi** sua susedor. — आफ्नो उत्तराधिकारीको नामकरण गरेपछि उनको मृत्यु भयो ।
- El ia abri la noza **par colpa** lo forte con un martel. — उनले हतौडाले हानेर ओखर फुटाए ।
- On no pote pasea tra la mundo **sin lasa** impresas de pede. — पदचिह्न नछोडी तिमी यस संसारमा हिँड्न सक्दैनौ ।

क्रियापदीय नामको स्वरूप पनि क्रियापदको जस्तो नै हुन्छ तर क्रियापदीय नामको परिचय गराउनका लागि **la** वा अन्य निर्धारकको प्रयोग गर्नुपर्छ र सो नाम बहुवचन हुनुपर्छ । सो नामले कि त कुनै घटना घटेको बुझाउँछ नभए सो घटनाको तत्काल परिणामलाई बुझाउँछ :

- **Sua condui** ia es vera xocante. — उसको व्यवहार असाध्यै नीच थियो।
- La valsa e la samba es **dansas.** — वाल्ट्स र साम्बा नाच हुन्।
- Esta va es **un ajunta** bela a la ragu. — यो झोलको लागि राम्रो जोड हुने छ।
- Me ia prepara **du traduis** de la testo. — मैले पाठका दुइटा अनुवाद तयार पारेकी छु।
- "LFN" es **un corti** de "Lingua Franca Nova". — "एलेफेन" "लिङ्ग्वा फ्राङ्का नोभा" को सङ्क्षेपक चिह्न हो।
- La universo ia es estrema peti a la momento de **sua crea.** — रचनाको बेला ब्रह्माण्ड असाध्यै सानो थियो।

**Ajunta** जस्तो क्रियापदमा **un ajunta** र **un ajuntada** बिच खासै फरक छैन तर **la tradui** बनाउने मूल पाठ **la traduida** हो र **un crea** बाट **un creada** को रचना हुन्छ। यी नामहरू क्रियापदका कर्मका अर्थमा नै प्रयोग हुने गर्छन् : **-da** ले जहिले पनि कर्मलाई बुझाउँछ। **Crea** को साथमा कर्म कामको परिणाम पनि हुन्छ तर **tradui** का साथमा कर्म र कामका परिणाम भिन्न हुन्छन्। **Dansa** जस्ता कर्म र कामको परिणाम एउटै हुने क्रियापदहरूमा **un dansa** भन्ने गरिन्छ, **un dansada** भनिँदैन।

कर्ताको रूपमा क्रियापदको प्रयोग गर्दा सो वाक्य आज्ञार्थ वाक्य जस्तै सुन्न सक्छ। यस्तो नहोस् भन्नका लागि क्रियापदको अगाडि **la** वा अन्य निर्धारकको प्रयोग गरी किंवा बहुवचन प्रत्ययको प्रयोग गरी सो क्रियापदलाई क्रियापदीय नाममा बदल्न सकिन्छ :

- **La nada** es un bon eserse. — पौडी एक राम्रो व्यायाम हो।
- **La scrive de un bon libro** es multe difisil. — राम्रो किताब लेख्नु असाध्यै गाह्रो हुन्छ।
- **La era es umana, la pardona es divin.** — गल्ती गर्नु मानवीय हो, क्षमा गर्नु ईश्वरीय।

# सम्बन्ध कारक

**सम्बन्ध कारक** एक विशेष शब्द हो जसले वाक्यमा नामिक पदको परिचय गराई **सम्बन्ध कारक पद**को रचना गर्छ । सम्बन्ध कारक पदले सामान्यतया पूर्वगामी नाम, सर्वनाम, विशेषण वा क्रियाविशेषण किंवा सम्पूर्ण वाक्यको अर्थमा परिवर्तन ल्याउँछ । सम्बन्ध कारकले नामिक पद र वाक्यको शेष भागबिच सम्बन्ध देखाउँछ ।

एलेफेनमा कुल २२ वटा सम्बन्ध कारक छन् ।

## *a*

**A** को अर्थ "मा" हो अर्थात् यसले अधिकरण कारकको भूमिका निर्वाह गर्छ । यसले कुनै चिजको उपर रहेको अवस्था अथवा कुनै निश्चित समय वा समयावधिको अर्थ बुझाउँछ :

- Nos senta **a** la table. — हामी टेबुलमा बसिरहेका छौँ ।
- Me va encontra tu **a** la crus de vias. — म तिमीलाई चौबाटोमा भेट्ने छु ।
- La scala apoia **a** la mur. — भऱ्याङ भित्तामा ढेस्सिएको छ ।
- Tua casa es **a** lado de mea casa. — तिम्रो घर मेरो घरको छेउमा छ ।
- El reposa **a** casa. — उनी घरमा आराम गर्दै छन् ।
- Sudan es **a** sude de Misre. — सुडान इजिप्टको दक्षिणमा अवस्थित छ ।
- La barco es **a** mar. — जहाज समुद्रमा छ ।
- El ia fini la labora **a** la comensa de la anio. — उनले वर्षको सुरुवातमा काम सिद्धयाइन् ।
- **A** medianote, on va vide focos de arte. — मध्यरातमा पटका पड्काइने छ ।
- Me debe parti **a** la ora des-ses. — मलाई चार बजे निस्कनु छ ।

बामुहावरा विस्तारको बेला **a** ले सम्बन्ध जनाउने सान्दर्भिक बिन्दुको काम गर्छ :

- Tu sta tro promisa **a** la borda. — तिमी किनाराको असाध्यै छेउमा उभिएको छौ ।
- La forma de Italia es simil **a** un gama. — इटालीको आकार खुट्टाको आकार झैँ छ ।
- Esta pen parteni **a** me. — यो कलम मेरो हो ।
- Cual aveni si on no conforma **a** la regulas? — नियमको पालना गरेनौ भने के हुन्छ ?
- **A** la min tredes persones espeta. — कम्तीमा तिस जना मान्छेहरू कुरिरहेका छन् ।

यीबाहेक **a** ले कुनै बिन्दुसम्मको चाललाई पनि बुझाउन सक्छ । यी चालअन्तर्गत अवस्थामा परिवर्तन तथा प्रापकलाई हस्तान्तरण जस्ता बामुहावरा चाल पनि पर्दछन् :

- Me viaja **a** New York. — म न्युयोर्क जाँदै छु ।
- Pone tua libros **a** via. — तिम्रा किताबहरूलाई उता राख ।
- El leva sua oios **a** la sielo. — ऊ आकाशतर्फ आफ्नो टाउको उचाल्छ ।
- El ia dona un oso **a** la can. — उसले कुकुरलाई एउटा हड्डी दिई ।
- La sorsor ia cambia se **a** un capra. — जादुगरले आफूलाई बाखामा बदले ।
- La seja ia cade **a** pesos. — कुर्सी टुक्रिएर झऱ्यो ।
- La xico ia ajunta sua nom **a** la lista. — केटोले सूचीमा आफ्नो नाम जोड्यो ।

- Dise **a** me tua nom. — मलाई तिम्रो नाम बताऊ ।
- Me no va responde **a** acel demanda. — म प्रश्नको उत्तर दिँदिनँ ।
- Nos desira **a** tu un bon aniversario. — हामी तिमीलाई जन्मदिनको शुभकामना दिन्छौँ ।
- Tua idea pare asurda **a** me. — मलाई तिम्रो योजना हावादार लाग्यो ।
- Me pasea longo la strada, de un fini **a** la otra. — म सडकमा हिँड्छु, एउटा सीमादेखि अर्कोसम्म ।
- Tu irita me de tempo **a** tempo. — तिमी समयसमयमा मलाई सताउँछचौ ।
- La note progresa **a** la lus prima. — रात अरुणोदयतर्फ बढिरहेको छ ।
- De lundi **a** jovedi es cuatro dias. — सोमबारदेखि बिहीबारसम्ममा चार हुन्छन् ।

वास्तवमा स्थान बुझाउने कुनै पनि सम्बन्ध कारकले सो स्थानतर्फको चाललाई बुझाउन सक्छ । उदाहरणका लागि, **me pone mea libros en mea saco** ("म झोलाभित्र किताब राख्छु") मा **en** लाई "भित्र" को अर्थमा प्रयोग गरिएको छ । थप स्पष्टीकरण आवश्यक भएको बेलामा कुनै स्थानतर्फको चाललाई बुझाउनका लागि सम्बन्ध कारकको अगाडि **a** राख्न सकिन्छ :

- Core **a** la casa. — घरसम्म दौड ।
- Core **en** la casa. — घरमा दौड ।
- Core **a en** la casa. — घरभित्र दौड ।
- La gato salta **sur** la table. — बिरालो टेबुलमा उफ्रन्छ ।
- La gato salta **a sur** la table. — बिरालो टेबुलमा उफ्रन्छ ।

**A** को अर्को विशेष प्रयोग क्रियाविशेषण बनाउनका लागि अन्य सम्बन्ध कारकको अगाडि हुन्छ । सम्बन्ध कारकले स्थान जनाउँछ भने उक्त संयोजनले कुनै स्थानतर्फको चाललाई बुझाउँछ । भूतकाल र भविष्यत्काल जनाउनका लागि पनि **a ante** र **a pos** को प्रयोग गरिन्छ :

- La can core **a ante.** — कुकुर अघिल्तिर दौडन्छ ।
- Tu pote pone tua saco **a supra.** — तिमी आफ्नो झोला माथिपट्टि राख्न सक्छौ ।
- La sumerjor ia vade **a su.** — गोताखोर तल गए ।
- Vide **a su.** — तल हेर्नुहोस् ।
- Me ia visita esta vila **a ante.** — मैले पहिले पनि यस नगरको भ्रमण गरेकी छु ।
- Nos pote reveni **a pos.** — हामी पछि फर्कन सक्छौँ ।

**A** को अर्को विशेष प्रयोग वाक्यको कर्ममा पूरक थप्नु पनि हो । (कहिलेकाहीँ भने यस कामका लागि अन्य सम्बन्ध कारकको पनि प्रयोग गर्न सकिन्छ ।)

- El ia pinti sua casa **a** blanca. — उसले आफ्नो घरमा सेतो रङ लगायो ।
- Me va servi la gambas **a/en** fria. — म झिँगे माछालाई चिसै पस्कन्छु ।
- Los ia eleje Maria **a/per** presidente. — उनीहरूले मारियालाई राष्ट्रपतिको पदमा चुनाव गरे ।

पूरक धातु हुन सक्छ । **A** को सट्टामा **per** को प्रयोग पनि गर्न सकिन्छ तर त्यसो गर्दा प्रमुख क्रियापदको *कर्ता* धातुको कार्यको अपेक्षित निर्वाहक हुन्छ । **A** ले कामको अपेक्षित निर्वाहक *कर्म* हो भन्ने कुरा जनाउँछ :

- El comanda la soldatos **a** ataca la fortres. — उनले सेनालाई गढमा आक्रमण गर्ने आदेश दिन्छन् ।

- Me va instrui vos **a** parla la lingua. — म तिमीलाई भाषा बोल्न सिकाउँछु।

## *ante*

**Ante** को अर्थ "अगाडि" वा "अघि" हो। यसको विपरीतार्थी शब्द **pos** हो।

स्थानको प्रसङ्गमा **ante** ले तोकिएको वस्तुको ज्यादा महत्त्वपूर्ण स्थानलाई बुझाउँछ। कुन स्थान ज्यादा महत्त्वपूर्ण हुन्छ भन्ने कुरा वस्तु तथा प्रसङ्गमा भर पर्छ। धेरै कुराहरूको एउटा प्रत्यक्ष अघिल्लो भाग हुन्छ जसको माध्यमले उनीहरूले दुनियाँको सामना गर्छन्। अरू स्थितिहरूमा भने **ante** ले "छेउमा" जनाउँछ :

- Mea peto es **ante** mea dorso. — मेरो छाती मेरो ढाडको अगाडि छ।
- La jornales es **ante** la libros. — पत्रिकाहरू किताबका अगाडि छन्।
- Lo es tan oscur ce me no pote vide mea mano **ante** mea oios. — यत्ति अँध्यारो छ कि मैले मेरा आँखाअगाडि रहेका हात सुद्ध देख्न सकेको छैन।
- Un can reposa **ante** la boteca. — एउटा कुकुर पसलअगाडि लेटिरहेको छ।
- Nos ave multe labora **ante** nos. — हामी समक्ष धेरै काम छ।

समयको प्रसङ्गमा **ante** ले कुनै समयभन्दा अगाडिको समयलाई बुझाउँछ :

- Janero veni **ante** febrero. — फेब्रुअरीअघि जनवरी आउँछ।
- Los intende fini la labora **ante** la reposa de sol. — उनीहरूले सूर्यास्तअघि काम सिद्ध्याउन चाहन्छन्।
- Verje a sinistra **ante** la fini de la strada. — सडक सकिनुअघि देब्रेतर्फ मोडिनुहोस्।
- Nos esperia la lampo **ante** la tona. — हामीले गडयाङगुडुङको अनुभव गर्नुअघि चटयाङको अनुभव गर्दछौं।

**Ante** ले निश्चित बिन्दुभन्दा अलि अगाडिको बिन्दुसम्मको चाललाई पनि जनाउन सक्छ (= **a ante**) :

- On ia pone un monton de libros **ante** me. — उनीहरूले म सामु किताबको थुप्रो राखिदिए।
- Me veni **ante** tu per demanda per tua pardona. — म तिमी सामु माफी माग्न आएको हुँ।

संयोजकको रूपमा **ante cuando** लाई "पहिले" को अर्थमा प्रयोग गरिन्छ :

- Nos vide la lampo **ante cuando** nos oia la tona. — हामीले आकाशको गर्जन सुन्नुभन्दा पहिले चटयाङ देख्छौं।

## *asta*

**Asta** को अर्थ "सम्म" हो। यसले कुनै ठाउँको भौगोलिक सीमा वा कुनै कामकुराको समयावधिलाई बुझाउँछ :

- El ia acompania me **asta** mea auto. — उनी मसँग मेरो कारसम्म हिँडिन्।
- La tera es covreda con neva **asta** la montana. — हिमालसम्म नै जमिन हिउँले ढाकिएको छ।
- Me es empapada **asta** mea pel. — म छालासम्म भिजेकी छु।
- La preso ia cade **asta** sola un euro. — मूल्य एक युरोसम्म घट्यो।

- El ia visita cada pais de Andora **asta** Zambia. — उनले आन्दोरादेखि जाम्बियासम्मका राष्ट्रहरूको भ्रमण गरेका छन् ।
- Studia pajes dudes-sinco **asta** cuatrodes-du. — पाना पच्चिसदेखि बयालिससम्म पढ ।

समयको सन्दर्भमा पनि **asta** लाई “सम्म” को अर्थमा नै प्रयोग गरिन्छ :

- El labora **asta** medianote. — उनी मध्यरातसम्म काम गर्छन् ।
- Espeta **asta** la estate. — ग्रीष्मसम्म प्रतीक्षा गर ।
- **Asta** doman! — भोलिसम्म !

## *ca*

**Ca** को अर्थ “भन्दा” वा “को तुलनामा” हो । यसले असमान तुलनाको सान्दर्भिक बिन्दुलाई बुझाउँछ :

- Mea can es plu intelijente **ca** me. — मेरो कुकुर मभन्दा बुद्धिमान् छ ।
- Acel es multe min interesante **ca** esta. — त्यो योभन्दा निकै थोरै चाखलाग्दो छ ।
- La sielo e tera ave cosas plu **ca** tu imajina en tu filosofia. — स्वर्ग र धर्तीमा तिम्रो दर्शनमा कल्पना गरिएकाभन्दा धेरै कुराहरू छन् ।

## *como*

**Como** को अर्थ “जस्तै” वा “झैँ” हो । यसले समान तुलनाको सान्दर्भिक बिन्दुलाई बुझाउँछ :

- El rie **como** un iena. — ऊ ब्वाँसो झैँ हाँस्छ ।
- Tua cor es dur **como** petra. — तिम्रो मन ढुङ्गा झैँ साह्रो छ ।
- Iogurte es **como** crema. — दही क्रिम जस्तै हुन्छ ।
- Tu ia veni a la mesma conclui **como** me. — तिमी र म तद्रूप निष्कर्षमा पुगेका छौँ ।
- Me pote salta tan alta **como** tu. — म तिमी जति माथि उफ्रन सक्छु ।
- Condui **como** un adulte. — वयस्क झैँ व्यवहार गर ।

## *con*

**Con** को अर्थ “सँग”, “साथ” वा “भएको” हो । यसको विपरीतार्थी शब्द **sin** हो ।

यसले साथमा रहेको व्यक्ति वा वस्तुको किंवा तिनको स्थितिको परिचय गराउँछ :

- Me vida la xica **con** sua padre. — म केटीलाई उसका बुबासँग देख्छु ।
- Los vole come **con** nos. — उनीहरूलाई हामीसँग खान मन छ ।
- Nos bevi cafe **con** lete. — हामी दुधसँग कफी पिउँदै छौँ ।
- On ia misca la zucar **con** sal. — चिनीलाई नुनसँग मिसाइएको छ ।
- Los batalia **con** la elementos. — उनीहरू तत्त्वहरूसँग लड्दै छन् ।
- No multe parolas comensa **con** X. — X बाट धेरै शब्दहरू सुरु हुँदैनन् ।
- El ia dona a me un libro **con** multe fotos. — उनले मलाई धेरै तस्बिर भएको एउटा किताब दिइन् ।

- Elena es una xica **con** capeles roja. — एलेना रातो कपाल भएकी केटी हुन् ।
- La om vea senta **con** un pipa en sua boca. — बुढा आफ्ना मुखमा पाइप हालेर बस्छन् ।
- Sua sposa regarda el **con** stona. — उनकी स्वास्नीले उनलाई आश्चर्यसाथ हेर्छिन् ।
- Compara esta **con** la clima de ier. — यसलाई हिजोको मौसमसँग तुलना गर ।
- Tota cambia **con** la pasa de tempo. — समयको बदलसँगै सब परिवर्तन हुन्छ ।
- A cada dia, me leva **con** la sol. — म हरेक दिन सूर्यसँगै उठ्छु ।
- E **con** acel parolas, el ia desapare. — र ती शब्दसाथ ऊ हरायो ।

**Con** लाई "ले", "बाट" वा "द्वारा" को अर्थमा अर्थात् करण कारकको रूपमा पनि प्रयोग गर्न सकिन्छ :

- Me scrive **con** un pen. — म कलमले लेख्छु ।
- Nos oia **con** nosa oreas. — हामी आफ्ना कानले सुन्छौँ ।
- La cavalo colpa **con** sua pede. — घोडाले खुट्टाले हिर्काउँछ ।
- El ia compra un casa **con** la mone cual el ia erita. — उसले आफूले दायमा पाएको पैसाले घर किन्यो ।

कुनै कार्यलाई सम्पन्न गर्नका लागि भौतिक साधनको प्रयोग गरिएको छैन भने अर्थात् कार्यको सम्पन्नतामा संलग्न साधन अमूर्त छ भने **con** को सट्टामा **par** को प्रयोगलाई प्राथमिकता दिइन्छ ।

**An con** को अर्थ "तापनि" हो :

- Nos va fali **an con** tua aida. — तिम्रो सहयोग पाए तापनि हामी विफल हुने छौँ ।

## *contra*

**Contra** को अर्थ "सम्मुख", "विरुद्ध", "विपरीत" वा "खिलाफ" हो । यसले वास्तवमा वा साहित्यिक अर्थमा विपरीत दिशामा फर्कने वा चल्ने चिजलाई बुझाउँछ :

- Clui tua oios **contra** la lus. — बत्तीको उज्यालोसम्मुख आँखा चिम्ल ।
- Esta camera es secur **contra** acua. — यो क्यामरा वाटर प्रुफ छ ।
- La elenicas antica ia batalia **contra** Parsa. — प्राचीन युनानी लोकले फारस विरुद्ध युद्ध गरेका थिए ।
- La scala es **contra** la sepe. — भऱ्याङ पर्खालमा आड लागेको छ ।
- El lisca e cade **contra** la mur. — ऊ चिप्लेर भित्तामा ठोकियो ।
- Nada **contra** la flue es dificil. — जलप्रवाह विरुद्ध पौडन गाह्रो हुन्छ ।
- Me es **contra** la gera. — म युद्धको खिलाफ छु ।
- Tu ia ata **contra** mea desiras. — तिमीले मेरो इच्छा विरुद्ध काम गरेको छौ ।

## *de*

**De** को अर्थ "देखि" वा "बाट" हो अर्थात् यसले अपादान कारकको भूमिका निर्वाह गर्छ । यसले छुट्टिने ठाउँ वा कुनै काम सुरु हुने समयलाई बुझाउँछ :

- Me es **de** New York. — म न्युयोर्ककी हुँ ।
- Me viaja **de** Paris a London. — म पेरिसबाट लन्डन जाँदै छु ।
- La paperes ia cade **de** la fenetra. — कागजात झ्यालबाट खसे ।

- Me ia reseta un letera **de** la re. — मैले राजाबाट एउटा पत्र पाएको छु।
- La furor asconde sua fas **de** la cameras. — चोरले क्यामराबाट आफ्नो अनुहार लुकाउँछ।
- La acua difere **de** la asida par sua cimica. — रासायनिक गुणअनुसार पानी अम्लभन्दा भिन्न हुन्छ।
- La resulta depende de la metodo usada. — अपनाइएको उपायबाट नतिजाको निर्धारण हुन्छ।
- Nos labora ja **de** la lus prima. — हामी अरुणोदयदेखि काम गरिरहेका छौँ।
- Multe anios ia pasa **de** la gera. — युद्ध भएदेखि धेरै वर्ष बितिसकेको छ।
- La table es fada **de** lenio. — टेबुल काठबाट बनाइएको हो।
- Tu gusta carne **de** oveta? — तिमीलाई भेडाको मासु मन पर्छ ?

विस्तार गर्दा **de** ले मालिक्याइँ वा स्मामित्व देखाउँछ :

- Acel es la auto **de** mea frate. — त्यो मेरो भाइको कार हो।
- Me gusta escuta la canta **de** la avias. — मलाई पक्षीहरूको गीत सुन्न मन पर्छ।
- El ia es impresada par la cuietia **de** la foresta. — वनको स्थिरताले उसमा प्रभाव पार्‍यो।
- Dona un peso **de** torta, per favore. — कृपया मलाई केकको एक टुक्रा दिनुहोस्।

सैद्धान्तिक रूपमा **de** ले दुई वस्तु किंवा गुण तथा वस्तुबिच सम्बन्ध देखाउँछ :

- Me ave tre caxas **de** libros per vende. — मलाई तीन बाकस किताब बेच्नु छ।
- El ia presta a me un tela **de** un color fea. — उसले मलाई नराम्रो रङको तौलिया दिई।
- La tore ave cuatro metres **de** altia. — टावर चालिस मिटर अग्लो छ।
- Esta balde es plen **de** pexes. — यो बाल्टी माछाले भरिएको छ।
- Nos vole es libre **de** vos. — हामी तिमीहरूबाट मुक्त हुन चाहन्छौँ।
- La ora ia veni per parla **de** multe cosas. — धेरै चिजहरूको कुरा गर्ने समय आएको छ।

केही भाषाहरूमा संयुक्त नाम मानिने केही एकाइहरूलाई एलेफेनमा **de** ले जोडी दुइटा विभिन्न नामको रूपमा व्यक्त गरिन्छ :

- Mea oculo **de** sol es rompedo. — मेरो धूपको चस्मा भाँचिएको छ।
- La gavota es un avia **de** mar. — सिगल एक समुद्री पक्षी हो।
- Esta va es tua sala **de** dormi. — यो तिम्रो शयनकक्ष हुने छ।
- Tu ia oblida aplica la freno **de** mano. — तिमीले हाते ब्रेक लगाउन बिर्स्यौ।
- Per su come **de** matina, el bevi sola cafe. — बिहानको नास्ताका लागि उसले कफी मात्रै पिउँछ।
- El es la campion **de** mundo **de** tenis **de** table. — ऊ विश्वको टेबुल टेनिस च्याम्पियन हो।

सङ्कर सम्बन्ध कारकका रूपमा प्रयोग गरिने विभिन्न अभिव्यक्तिहरूमा **de** ले दोस्रो तत्वको रूपमा काम गर्छ :

- Los ia ajunta tota ingredientes **con eseta de** la sal. — उनीहरूले नुनबाहेक सब सामग्री हाले ।
- Los ia usa zucar **en loca de** sal. — उनीहरूको नुनको सट्टामा चिनीको प्रयोग गरेछन् ।
- Me es tarda **par causa de** un conjesta de trafica. — ट्राफिक जामका कारणले म ढिलो भएँ ।
- La campaniera es **a destra de** la catedral. — घण्टाघर गिर्जाघरको दाहिनेपट्टि अवस्थित छ ।

अन्य सम्बन्ध कारकको अगाडि **de** को प्रयोग गर्दा कुनै ठाउँबाट टाढिएको बुझिन्छ :

- La gato salta **de sur** la seja. — बिरालोले कुर्सीबाट हाम फाल्छ ।
- Un arania rampe **de pos** la orolojo. — माकुरा घडीको पछाडिबाट घिस्रन्छ ।
- La pasaros asende **de entre** la arbores. — भँगेरा रूखका बिचबाट चढ्छन् ।

**A** ले झैँ **de** को प्रयोग गरी सम्बन्ध कारकलाई क्रियाविशेषणमा परिवर्तन गर्न सकिन्छ । सो निर्मित क्रियाविशेषणलाई प्रसङ्गअनुसार अपादान कारकको अर्थमा प्रयोग गरिन्छ :

- La monstro ia veni **de su.** — राक्षस तलबाट आयो ।
- La gidor ia cria **de ante**, ma me no ia pote oia. — नेताले अघिल्तिरबाट कराउँदै थिए तर मैले सुन्न सकिनँ ।

संयोजकको रूपमा **de cuando** लाई "देखि" को अर्थमा प्रयोग गरिन्छ :

- **De cuando** me ia es un enfante, me desira sta sur la luna. — बाल्यकालदेखि नै म चन्द्रमामा उभिन चाहन्थेँ ।

## *en*

**En** को अर्थ "मा" वा "भित्र" हो । यसको विपरीतार्थी शब्द **estra** हो ।

यसले कुनै परिधिको गर्भमा अर्थात् अन्तर खण्डमा रहेको अवस्थालाई बुझाउँछ :

- Mea cor es **en** mea peto. — मेरो मुटु मेरो छातीभित्र छ ।
- La sol es **en** la sielo. — आकाशमा सूर्य छ ।
- Nos espeta **en** la auto. — हामी कारमा कुरिरहेका छौँ ।
- La plantas es **en** vasos. — बिरुवाहरू गमलामा छन् ।
- Sua ditos es fisada **en** la manico de un tas. — उसका औँला कपको ह्यान्डलमा अड्कियो ।
- Me ave alga pensas **en** mea mente. — मेरो दिमागमा केही विचारहरू छन् ।
- Gatos no gusta es **en** acua. — बिरालालाई पानीमा बस्न मन पर्दैन ।
- Nos no vide la stelas **en** la dia. — दिनमा ताराहरू देखिँदैनन् ।
- Beethoven ia nase **en** 1770. — सन् १७७० मा बिथोवेनको जन्म भएको थियो ।
- Nos ia visita la museo **en** febrero. — हामी फेब्रुअरीमा सङ्ग्रहालय गएका थियौँ ।
- El ia scrive la libro **en** tre semanas. — उनले तीन हप्तामा किताब लेखिन् ।

सैद्धान्तिक रूपमा **en** ले बुझाउने स्थान द्रव्यको अवस्था, क्रिया अथवा शैली पनि हुन सक्छ :

- Me no vole viaja **en** esta clima. — मलाई यस्तो मौसममा घुम्न मन छैन ।
- La construida es **en** foco. — भवनमा आगो लाग्यो ।
- Nos es **en** peril. — हामी जोखिममा छौँ ।
- Esce nos es **en** acorda? — के हामी सहमतिमा छौँ ?
- **En** ajunta, me vide un problem nova. — यसबाहेक मैले एउटा नयाँ समस्या फेला पारेकी छु ।
- **En** fato, me vide du problemes. — वास्तवमा मैले दुइटा समस्या फेला पारेकी छु ।
- Nos ia pasa un ora **en** conversa. — हामीले बातचितमा एक घण्टा बितायौँ ।
- La enfantes senta **en** un sirculo. — बालबालिका घेरामा बसिरहेका छन् ।
- Me va repeta esta **en** elenica. — म यसलाई युनानीमा दोहोऱ्याउने छु ।
- La presos es **en** euros. — मूल्यलाई युरोमा पेस गरिएको छ ।

**En** लाई कुनै वस्तु वा चिजको अन्तर खण्डमा पसेको अर्थमा पनि प्रयोग गर्न सकिन्छ (= **a en**):

- El ia cade **en** la rio. — ऊ नदीमा खस्यो ।
- Pone la dejeto **en** la baldon. — फोहोरलाई डस्टबिनमा फाल ।
- Un bon idea ia veni **en** sua testa. — उसको दिमागमा एउटा राम्रो योजना आयो ।
- Me ia tradui la article **en** franses. — मैले सो लेखलाई फ्रेन्चमा अनुवाद गरेकी छु ।
- Nos pasa **en** un eda nova. — हामी एउटा नयाँ युगमा प्रवेश गर्दै छौँ ।

संयोजकको रूपमा **en cuando** लाई "जब" को अर्थमा प्रयोग गरिन्छ :

- Lo ia comensa pluve forte **en cuando** la reportor ia parla. — रिपोर्टरले बोलिरहँदा बेसरी पानी पर्न थाल्यो ।

## *entre*

**Entre** को अर्थ "बिच" वा "माझ" हो । यसले तोकिएको वस्तु वा घटनाको अगाडि-पछाडि अन्य वस्तु रहेको वा घटना घटेको कुरा बताउँछ :

- Mea testa es **entre** mea oreas. — मेरो टाउका मेरा कानका बिचमो छ ।
- La table es **entre** la seja e la mur. — कुर्सी र भित्ताका बिचमा टेबुल छ ।
- Txeco es **entre** Deutxland, Osteriac, Slovenia, e Polsca. — जर्मनी, अस्ट्रिया, स्लोभेनिया र पोल्यान्डका बिचमा चेक गणराज्य छ ।
- El viaja **entre** Paris e Madrid a cada sema. — उनी प्रत्येक हप्ता पेरिस र म्याड्रिडबिच भ्रमण गर्छिन् ।
- Tu es **entre** amis asi. — तिमी यहाँ साथीहरूको माझमा छौ ।
- La bal ia cade **entre** la flores. — बल फूलहरूमाझ खस्यो ।
- Cual es la difere **entre** un mur e un sepe? — भित्ता र पर्खालबिच के फरक छ ?
- Elefen promove comunica **entre** poplas. — एलेफेनले विभिन्न लोकबिच सञ्चारको प्रवर्धन गर्छ ।

- On va ave un interval de des minutos **entre** la du atas. — दुई अङ्कबिच एउटा दस मिनेटको मध्यान्तर हुन्छ।
- El ia nase **entre** la geras. — उनी युद्धका बिचमा जन्मेका थिए।
- Me velia usual **entre** sete e oto. — म प्रायः सातदेखि आठ बजेभित्र उठ्छु।
- On debe paia **entre** des e dudes euros. — तिमीले दसदेखि बिस युरोसम्म तिर्नुपर्छ।

## *estra*

**Estra** को अर्थ "बाहिर" हो। यसको विपरीतार्थी शब्द **en** हो।

यसले कुनै स्थान, सीमा, अवस्था, नियम आदिदेखि पर रहेको अवस्थालाई बुझाउँछ :

- Mea sapato es **estra** me calseta. — मेरा जुत्ता मेरा मोजाबाहिर छन्।
- El abita **estra** la site. — उनी सहरबाहिर बस्छिन्।
- On no ave aira **estra** la barcon. — जहाजबाहिर हावा छैन।
- Tu es aora **estra** peril. — तिमी जोखिमभन्दा बाहिर छौ।
- No telefoni **estra** la oras de labora. — काम गर्ने समयमा बाहिर फोन नगर।

**Estra** ले कुनै ठाउँतर्फको चाललाई पनि बुझाउन सक्छ (= **a estra**) :

- La enfantes core **estra** la casa. — बालबालिका घरबाहिर दगुर्दै छन्।

बामुहावरा **estra** ले "बाहेक" को अर्थ दिन सक्छ :

- El recorda no cosa **estra** sua nom. — उसलाई आफ्नो नामबाहेक केही याद छैन।

## *longo*

**Longo** ले कुनै परिधिसँग समान्तार गतिलाई बुझाउँछ :

- Me pasea **longo** la strada. — म सडकमा हिँड्छु।
- La balsa ia flota **longo** la rio. — नदीमा डुङ्गा तैरियो।
- La xico lisca **longo** la ramo. — केटो हाँगामा चिप्लन्छ।
- Un arania rampe **longo** mea gama. — मेरो खुट्टामा एउटा माकुरा घिस्रिरहेको छ।

विस्तार गर्दा **longo** ले "अनुसार" को अर्थ दिन सक्छ :

- **Longo** la predise, oji va es an plu calda. — मौसम पूर्वानुमानअनुसार भोलि झन् गर्मी हुने छ।
- La viaja tra tempo es posible, **longo** esta fisiciste. — यी भौतिक शास्त्रीअनुसार समय यात्रा सम्भव छ।

## *par*

**Par** को अर्थ "द्वारा" वा "बाट" हो। यसले कर्मवाच्य वाक्यको प्रमुख कर्ता अथवा कर्तृवाच्य वाक्यमा कुनै कृतिको रचनाकारलाई बुझाउँछ :

- El ia es colpada **par** un bal de neva. — उसलाई हिउँको गोलाले लागेको थियो ।
- Me es surprendeda **par** tua reata. — तिम्रो प्रतिक्रियाले मलाई आश्चर्यचकित तुल्याएको छ ।
- Suiz es ensircada **par** otra paises. — स्विट्जरल्यान्टलाई अन्य राष्ट्रले घेरेका छन् ।
- *Hamlet* es un teatral **par** Shakespeare. — *ह्याम्लेट* शेक्सपियरको नाटक हो ।

विस्तार गर्दा **par** ले कुनै काम सम्पन्न गर्न प्रयोग गरिएको साधनको अर्थ दिने करण कारकको भूमिका पनि निभाउँछ :

- Me ia viaja asi **par** tren. — म यहाँ रेलमा आएकी हुँ ।
- Roberto es mea fio **par** sposi. — रोबर्ट मेरो ज्वाइँ हो ।
- La botelas es codigida **par** color. — बोतलहरूलाई रङका आधारमा छुट्टयाइएको छ ।
- Nos ia descovre tua secretas **par** nos spiores. — हामीले हाम्रा गुप्तचरबाट तिम्रा गुप्त कुराहरू थाहा पायौँ ।
- La prisonida ia evade **par** desembla se como un porte. — झ्यालखानियाँले आफूलाई ढोकाको रूपमा लुकाई टाप कस्यो ।
- Me va destrui la sepe **par** sola un colpa de pede. — म एक लातले पर्खाल भत्काउने छु ।
- On no pote solve esta problem **par** negosia. — आलाप-आलोचनाले यस समस्याको समाधान गर्न सकिँदैन ।

सकर्मक क्रियालाई नाममा परिवर्तन गरिएको बेलामा क्रियाको कर्ता र कर्म उस्तै प्रकृतिका छन् भने कर्तालाई बुझाउनका लागि **par** र कर्मलाई बुझाउनका लागि **de** वा **a** को प्रयोग गरिन्छ :

- La ama **par** la madre. — आमाको माया ।
- La ama **de**/**a** la madre. — आमाप्रति माया ।
- La ataca **de** la troianes **par** la elenicas. — युनानी लोकद्वारा ट्रोजन लोकमाथि हमला ।

## *per*

**Per** को अर्थ “का निम्ति”, “का लागि” वा “लाई” हो अर्थात् यसले सम्प्रदान कारकको भूमिका निर्वाह गर्छ । यसले वाक्यमा क्रियाले गर्ने कामको लक्ष्य वा काम गराइएको प्रायोजन बनी आउने नामिक पदलाई बुझाउँछ :

- Nos labora **per** mone. — हामी पैसाका लागि काम गर्छौं ।
- Tases es usada **per** bevi. — पिउनका लागि कपको प्रयोग गरिन्छ ।
- Me viaja **per** vide la mundo. — म संसार हेर्नका लागि भ्रमण गर्दै छु ।
- Tu es vestida **per** un sera de dansa. — तिमीले साँझ नाच्नलाई लुगा लगाएकी छयौ ।
- Me va vade a la botecas **per** tu. — म तिम्रो लागि पसल जाने छु ।
- El ia scrive la libro **per** sua madre. — उनले आफ्नी आमाका लागि किताब लेखिन् ।
- La viaja va es perilosa **per** tu. — यात्रा तिम्रो लागि जोखिमी हुने छ ।

- Me batalia **per** mea vive. — म आफ्नो प्राणको लागि लड्दै छु।
- **Per** esta razona, me no pote parla longa. — त्यसकारण म धेरै बोल्न सक्दिनँ।
- **Per** esemplo, considera la balena. — उदाहरणका लागि, ह्वेलमाथि विचार पुऱ्याउनुहोस्।

विस्तार गर्दा **per** ले विनिमय गरिएको वस्तुलाई पनि बुझाउँछ :

- Tu ia paia tro **per** acel computador. — तिमीले त्यो कम्प्युटरको लागि धेरै पैसा तिऱ्यौ।
- Me ia compra lo **per** mil euros. — मैले यसको लागि हजार युरो तिरेँ।
- Grasias **per** tua carta postal. — तपाईंको पोस्ट कार्डको लागि धन्यवाद।

यसले अभिप्रेत समयावधिलाई बुझाउन सक्छ :

- Nos vade a Colorado **per** un semana. — हामी एक हप्ताको लागि कोलोराडो जाँदै छौं।
- Me no va retarda tu **per** plu ca un minuto. — म तपाईंलाई एक मिनेटभन्दा बढी पर्खाउँदिनँ।

विशेष स्थितिमा **per** ले अभिप्रेत वा प्रतिनिधित्व गरिएको वस्तुको परिचय गराउँछ :

- Me ia vota **per** la proposa, ma tu ia vota contra lo. — मैले प्रस्तावको पक्षमा मत दिएँ तर तिमीले त्यसको विरोधमा मत दियौ।
- Car tu no ia es ala, ma ia parla **per** tu. — तिमी त्यहाँ नभएको हुनाले मैले तिम्रो सट्टामा बोलिदिएँ।

## *pos*

**Pos** को अर्थ "पछाडि" वा "पछि" हो। यसको विपरीतार्थी शब्द **ante** हो।

स्थानको प्रसङ्गमा **pos** ले तोकिएको वस्तुको कम महत्त्वपूर्ण स्थानलाई बुझाउँछ :

- Mea dorso es **pos** mea peto. — मेरो ढाड मेरो छातीको पछाडि छ।
- La aparatos es **pos** un porte securida. — उपकरणहरू बन्द ढोकापछाडि छन्।
- La xicos turbosa ia asconde **pos** la cabana. — बदमास केटाहरू छाप्रोपछाडि लुके।

समयको प्रसङ्गमा **pos** ले कुनै समयभन्दा पछाडिको समयलाई बुझाउँछ :

- Desembre veni **pos** novembre. — नोभेम्बरपछि डिसेम्बर आउँछ।
- Los va comensa bevi **pos** la reposa de sol. — उनीहरू सूर्यास्तपछि पिउन थाल्छन्।
- Verje a destra **pos** la eglesa. — गिर्जाघर पुगेपछि दाहिनेतर्फ मोडिनुहोस्।
- Me va reveni **pos** tre dias. — म तीन दिनपछि आउने छु।

**Pos** ले निश्चित बिन्दुभन्दा अलि पछाडिको बिन्दुसम्मको चाललाई पनि जनाउन सक्छ (= **a pos**) :

- La serpente ia desapare **pos** la arbor. — साँप रूखको पछाडिपट्टि हरायो।

संयोजकको रूपमा **pos cuando** लाई “पछि” को अर्थमा प्रयोग गरिन्छ :

- Nos oia la tona **pos cuando** nos vide la lampo. — हामीले चटचाङ देखेपछि आकाशको गर्जन सुन्छौं ।

## *sin*

**Sin** को अर्थ “बिना” वा “रहित” हो । यसले कुनै चिजको अभावलाई बुझाउँछ :

- Tua sposa gusta sua cafe **sin** lete. — तिम्री स्वास्नीले दुधरहित कफी मन पराउँछिन् ।
- Me ia pasea tra la pluve **sin** parapluve. — म पानी परिरहेको बेला बिनाछाता हिँडें ।
- On ave no fuma **sin** foco. — बिनाआगो धुवाँ निस्किदैन ।
- Me va decora la casa interna **sin** aida. — म बिनासहयोग नै सम्पूर्ण घरलाई सजाउने छु ।
- Tu es tota **sin** compatia. — तिमीमा अलिकति पनि करुणा छैन ।
- El ia adormi **sin** intende. — ऊ बिनाइच्छा सुत्यो ।
- La rexercor ia sorti **sin** descovre la responde. — उत्तर प्राप्त नगरी नै अन्वेषक गए ।
- La depinta ia cade **sin** causa evident. — चित्र बिनाकारण झऱ्यो ।

## *sirca*

**Sirca** को अर्थ “वरिपरि” वा “यताउति” हो । यसले कुनै कुराको नजिकपुँडो रहेको वस्तुलाई बुझाउँछ :

- La campores fa cantas **sirca** la foco. — क्याम्परहरू आगो वरिपरि गीत गाउँछन् ।
- Mea mano es cluida **sirca** mea diton. — मेरा औँलाहरू मेरो अँगुठो वरिपरि बन्द गरिएको छ ।
- Edera crese **sirca** la tronco. — नागबेली तना वरिपरि उम्रन्छ ।
- On ave pinta verde **sirca** la fenetras. — झ्याल वरिपरि हरियो रङ लगाइएको छ ।

यसलाई कुनै गोलाकार मार्गमा चलेको अर्थमा पनि प्रयोग गर्न सकिन्छ :

- La luna vade **sirca** la tera, e la tera vade **sirca** la sol. — चन्द्रमा पृथ्वीको वरिपरि घुम्छ र पृथ्वी सूर्यको वरिपरि घुम्छ ।
- Nos intende viaja **sirca** la mundo par cavalo. — हामी घोडामा सम्पूर्ण विश्व वरिपरि घुम्न चाहन्छौं ।
- El vaga **sirca** la jardin e ole la flores. — ऊ बगैंचा वरिपरि घुम्छे र फूल सुँघ्छे ।

समय तथा परिमाणका प्रसङ्गमा **sirca** ले कथित मात्रा अनुमानित हो र वास्तविक मात्रा कथित मात्रा वरिपरि निश्चित रेन्जभित्र पर्छ भन्ने बुझाउँछ :

- Me ave **sirca** sincodes anios. — म लगभग पचास वर्षकी हुँ ।

- Me pote pensa a **sirca** sento razonas per no revela mea eda. — मेरो उमेर भन्न नपर्ने लगभग सय कारणहरू सोच्न सक्छु ।
- La conserta ia comensa **sirca** dui pos dudes. — कन्सर्ट साढे आठ बजेतिर सुरु भयो ।
- **Sirca** la lus prima, me ia oia tua can abaiante. — अरुणोदयतिर मैले तिम्रो कुकुर भुकेको आवाज सुनेँ ।

## *su*

**Su** को अर्थ “तल” वा “मुनि” हो । यसले यथार्थतः वा बामुहावरा उँधो रहेको स्थानलाई बुझाउँछ :

- La neva craci **su** mea pede. — हिउँ मेरो खुट्टामुनि चुमुर्किन्छ ।
- La solo es **su** la sofito. — छतमुनि भुइँ छ ।
- Antilopes ia reposa **su** la arbores. — हरिणहरू रूखमुनि बसिरहेका थिए ।
- Ave un table de sanduixes **su** la fenetra. — झ्यालमुनि स्यान्डविच रहेको टेबुल छ ।
- Tu pare es **su** la influe de la vino. — तिमीलाई वाइनको मात लागेको जस्तो देखिन्छ ।
- Me no pote labora **su** tua regulas. — म तपाईंका नियमका आधारमा काम गर्न सक्दिनँ ।

विस्तार गर्दा **su** ले तल्लो स्तरमा रहे-नरहे पनि कुनै कुराले ढाकिएको अवस्थालाई पनि बुझाउन सक्छ :

- La color vera de la sofito es apena vidable **su** esta pinta fea. — यो घिनलाग्दो रङले गर्दा छतको वास्तविक रङ देख्नै सकिएको छैन ।
- Me ave un paceta **su** mea braso. — मेरो पाखुरामा पार्सल बोकिरहेको छु ।
- El ia porta un sueter **su** sua jaca. — उसले आफ्नो ज्याकेटभित्र स्विटर लगाएको थियो ।

**Su** ले निश्चित बिन्दुभन्दा अलि मुन्तिरको बिन्दुसम्मको चाललाई पनि जनाउन सक्छ (= **a su**) :

- La acua ia vade **su** la mobilas. — पानी फर्निचरमुनि पोखियो ।

## *supra*

**Supra** को अर्थ “माथि” वा “मास्तिर” हो । यसले यथार्थतः वा बामुहावरा उँभो रहेको स्थानलाई बुझाउँछ :

- La nubes es **supra** mea testa. — मेरो टाउकोमाथि बादलहरू छन् ।
- La teto es **supra** la sofito. — छतमाथि छाना छ ।
- El ia apoia **supra** la table per ateni la sal. — उनले नुन लिनका लागि टेबुलमा अडेसो लगाइन् ।
- Un tempesta enorme developa **supra** la mar. — समुद्रमा हुरी चल्न ठिक्क परेको छ ।

**Supra** ले दुई वस्तुबिच खाली ठाउँ रहेको अवस्थालाई बुझाउँछ । खाली ठाउँ नरहेको बेलामा **sur** को प्रयोग गरिन्छ ।

विस्तार गर्दा **supra** ले माथिल्लो स्तरमा रहे-नरहे पनि कुनै कुरालाई ढाकेको अवस्थालाई पनि बुझाउँछ :

- La montania lansa un ombra **supra** nosa casa. — हाम्रो घरमा हिमालको छाया पर्छ ।
- El ia porta un covretota **supra** sua otra vestes. — उसले अन्य लुगामाथि ओभरअल लगाएको थियो ।

**Supra** ले निश्चित बिन्दुभन्दा अलि माथिको बिन्दुसम्मको चाललाई पनि जनाउन सक्छ (= **a supra**) :

- La sol leva **supra** la tera. — सूर्य पृथ्वीमाथि उदाउँछ ।

## *sur*

**Sur** को अर्थ "मा" वा "माथि" हो अर्थात् यसले अधिकरण कारकको भूमिका निर्वाह गर्छ । यसले भौतिक रूपमा कुनै चिजको उँभो रहेको अर्थ बुझाउँछ :

- Mea xapo es **sur** mea testa. — मेरो टोपी मेरो टाउकोमा छ ।
- No senta **sur** la seja rompeda. — भाँचिएको कुर्सीमा नबस् ।
- Si on sta **sur** la balcon, on vide la mar. — बार्दलीमा उभियौ भने समुद्र देख्न सक्छौ ।
- La asfalto **sur** la strada fonde en la caldia. — गर्मीले गर्दा बाटोमा रहेको अलकत्रा पग्लियो ।
- Esce la vive esiste **sur** Marte? — मङ्गल ग्रहमा जीवनको अस्तित्व छ ?
- Me va pende esta depinta **sur** la mur. — म यस चित्रलाई भित्तामा झुन्ड्याउने छु ।
- La om ia besa la fem **sur** sua jena. — लोग्नेले स्वास्नीको गालामा म्वाइँ खाए ।

**Sur** लाई निश्चित स्थानको सतहमा कुनै कुरा राख्ने अर्थ जनाउनका लागि पनि प्रयोग गर्न सकिन्छ (= **a pos**) :

- Pone tua cartas **sur** la table. — कार्डलाई टेबुलमा राख्नुहोस् ।
- Un roca cual cade **sur** la tera es nomida un meteorite. — अन्तरिक्षबाट पृथ्वीमा झर्ने पिण्डलाई उल्का भनिन्छ ।
- El ia pone un dital **sur** sua dito. — उनले आफ्ना औँलामा अम्तर्नु लगाइन् ।

सैद्धान्तिक रूपमा **sur** लाई "सम्बन्धी" वा "को बारेमा" को अर्थमा प्रयोग गर्न सकिन्छ :

- La teatral es **sur** la gera. — सो नाटक युद्धको बारेमा हो ।
- Me ia leje multe libros **sur** la tema. — मैले उक्त विषयमा धेरै किताबहरू पढेकी छु ।
- La xica plora **sur** sua popa perdeda. — केटी आफ्नो हराएको गुडियालाई लिएर रोइरहेकी छे ।

## *tra*

**Tra** को अर्थ "मार्फत" वा "द्वारा" हो । यसले काम सम्पन्न हुने वा चाल चल्नका लागि अँगालिने साधन वा स्थानलाई जनाउँछ :

- Acua flue **tra** la tubos. — पाइप हुँदै पानी बग्छ ।
- La enfantes ia core **tra** la vileta. — बालबालिका गाउँको बाटो हुँदै दौडे ।

- La pluve ia trova un via **tra** mea saco. — वर्षाले मेरो झोला हुँदै जाने बाटो पाएछ ।
- La tren vade de Milano a Roma **tra** Bologna. — रेल बोलोन्या हुँदै मिलानदेखि रोमसम्म जान्छ ।
- Un rueta gida **tra** la campos a la lago. — एउटा गल्लीबाट खेत हुँदै तलाउसम्म पुगिन्छ ।
- Me regarda la stelas **tra** la fenetra abrida. — म खुला झ्यालबाट ताराहरू हेर्छु ।
- Los ia resta juntada **tra** la anios. — उनीहरूसँग धेरै समयदेखि साथ बसिरहेका छन् ।
- El ia senta en un sejon **tra** la note. — उहाँ रातभर आरामकुर्सीमा बस्नुभयो ।
- On ia oia la esplode **tra** la site. — सहरभरि विस्फोटको आवाज सुनियो ।

## *ultra*

**Ultra** को अर्थ "पारि" हो । यसले कुनै वस्तुको पल्लोपट्टि रहेको स्थानलाई बुझाउँछ :

- La scola es **ultra** la eglesa. — विद्यालय गिर्जाघर पारि छ ।
- **Ultra** la ponte es un vista merveliosa. — पुल पारि सुन्दर दृश्य देखिन्छ ।
- Esta taxe es **ultra** mea capasia. — यो कार्य मेरो दक्षताको परे छ ।

**Ultra** ले निश्चित बिन्दुभन्दा पल्लोपट्टिको बिन्दुसम्मको चाललाई पनि जनाउन सक्छ (= **a ultra**) :

- La esplorores ia viaja **ultra** la montanias. — यात्रीहरू हिमाल पारि भ्रमण गर्न गए ।
- Los ia remi un barceta **ultra** la lago. — उनीहरूले तलाउ पारि डुङ्गा चलाए ।

# संयोजक

दुई वा दुईभन्दा बढी शब्द, पदावली, साना वाक्य आदिलाई जोड्ने शब्दलाई **संयोजक** भनिन्छ। संयोजक निरपेक्ष र सापेक्ष गरी दुई प्रकारका हुन्छन्।

## *निरपेक्ष संयोजक*

उस्तै प्रकारका शब्द, पदावली वा साना वाक्यलाई जोडी सो प्रकारको अर्को ठुलो शब्द, पदावली वा वाक्यका निर्माण गर्ने संयोजकलाई **निरपेक्ष संयोजक** भनिन्छ। उदाहरणका लागि, **e** द्वारा जोडिएका दुई नामिक पदबाट एउटा ठुलो नामिक पदको रचना हुन्छ।

एलेफेनमा चारवटा निरपेक्ष संयोजक छन् :

- **e** — र, तथा
- **o** — वा, अथवा, कि, किंवा
- **no** — होइन
- **ma** — तर

उदाहरणका लागि,

- La om **e** la fem vade a la casa. — पुरुष र महिला घर जान्छन्।
- Tu es multe vea **e** saja. — तिमी वृद्ध र बुद्धिमान् छौ।
- El ia labora ante **e** pos sua vacanse. — उनले बिदाभन्दा पहिले र त्यसपछि काम गरे।
- Sua aniversario es en marto **o** april. — उसको जन्मदिन मार्च अथवा अप्रिलमा हो।
- Tu desira cafe **o** te? — तिमीलाई कफी चाहिन्छ कि चिया ?
- On pote visita la museo a lundi **o** jovedi. — तिमी सोमबार वा बिहीबार सङ्ग्रहालय जान सक्छौ।
- On ia eleje tu, **no** me. — उनीहरूले तिम्रो चुनाव गरेका थिए, मेरो होइन।
- Me ia conta no sola la oveas **ma** ance la capras. — मैले भेडाहरूको मात्रै होइन, बाखाहरूको पनि गन्ती गरेँ।

दुईभन्दा बढी चिज रहेको सूचीमा अन्तिम जोडीमा बाहेकका जोडीहरूमा संयोजकको ठाउँमा अल्पविराम राखिन्छ। त्यस्तो सूचीमा प्रायः संयोजकको अगाडि पनि अल्पविराम राखिन्छ :

- Nos va viaja tra Italia, Suiz, Osteriac, **e** Deutxland. — हामी इटाली, स्विट्जरल्यान्ड, अस्ट्रिया र जर्मनी हुँदै घुम्ने छौँ।

जोरका लागि **e**, **o** र **no** लाई दोहोऱ्याउन सकिन्छ। त्यसो गर्दा दोहोरिएको संयोजकलाई पहिलो अंशको अगाडि राख्नुपर्छ।

- **e... e** — दुवै ... र
- **o... o** — कि ... कि
- **no... no** — न त ... न त ... नै

उदाहरणका लागि,

- **E** Luis **e** Maria vade a scola. — दुवै लुइस र मारिया विद्यालय जान्छन् ।
- **O** tu **o** me gania, ma no ambos. — कि तिमी जित्छौ, कि म जित्छु, दुवैले जित्दैनौं ।
- Me ave **no** la tempo **no** la desira per leje plu. — मसँग पढ्ने न त समय छ न त इच्छा नै ।

**E**, **o** र **no** ले दुइटा उपवाक्य वा वाक्यलाई पनि जोड्न सक्छन् :

- Me ia vade a la biblioteca, **e** tu ia visita la museo. — म पुस्तकालय गएँ र तिमी सङ्ग्रहालय गयौ ।
- **O** nos solve esta problem, **o** la mundo va fini. — कि त हामीले यस समस्याको समाधान गर्छौं, कि त संसार ध्वस्त हुन्छ ।
- **Ma** acel es difisil. — तर त्यो गाह्रो छ ।

**Donce** क्रियाविशेषणलाई **e donce** को सङ्क्षेपक चिह्नको रूपमा उस्तै तरिकाले प्रयोग गरिन्छ :

- Me pensa, **donce** me esiste. — म विचार गर्छु, त्यसैले मेरो अस्तित्व छ ।
- Nos no ave un mapa, **donce** nos es perdeda. — हामीसँग नक्सा छैन, त्यसैले हामी हराएका छौं ।

## *सापेक्ष संयोजक*

उपवाक्यलाई वाक्यमा जोडी मिश्र वाक्यको निर्माण गर्ने संयोजकलाई **सापेक्ष संयोजक** भनिन्छ ।

एलेफेनमा तीन प्रकारका सापेक्ष संयोजक छन् : सार्वनामिक सापेक्ष संयोजक, क्रियायोगी सापेक्ष संयोजक र विशेष सापेक्ष संयोजक ।

## *सार्वनामिक सापेक्ष संयोजक*

**Cual** र **ci** प्रश्नवाचक सर्वनामहरूले सम्बन्धवाचक उपवाक्यको परिचय गराउनका लागि सम्बन्धवाचक सर्वनामको पनि भूमिका निर्वाह गर्छन् :

- La om **ci** ia abita asi ia vade a New York. — यहाँ जो पुरुष बस्थे, उनी न्युयोर्क गए ।
- La poma **cual** ia cade de mea saco es aora noncomable. — मेरो झोलाबाट जुन स्याउ झरेको थियो, त्यो अहिले अखाद्य छ ।
- La fem **de ci** nos parla labora a mea ofisia. — हामी जुन महिलाको बारेमा कुरा गर्छौं, उनी मेरो अफिसमा काम गर्छिन् ।
- Tua libro, **en cual** me ia scrive sua nom, es sur la table. — तिम्रो किताब, जसमा मैले उसको नाम लेखेकी थिएँ, टेबुलमा छ ।

यी सर्वनामले सामान्यतया पूर्वगामी नामसँगको सम्बन्ध जनाउँछ । कहिलेकाहीँ नामलाई नकार्न सकिन्छ । त्यस्ता स्थितिमा अर्थ स्पष्ट गर्नका लागि सर्वनाम थप्न सकिन्छ :

- Esto es **lo cual** parteni a tu. — यो त्यो हो जुन तिम्रो सम्पत्ति हो ।
- La auto blu es **lo en cual** nos vole viaja. — जुन कार निलो छ, त्यसमा हामी घुम्न चाहन्छौं ।
- Acel es **el ci** mi ia vide. — मैले जसलाई देखेँ, त्यो ऊ हो ।
- Tu es **el a ci** me ia parla ier. — मैले हिजो जोसँग कुरा गरेँ, त्यो तिमी हौ ।

- **Ci** osa, gania. — जसले साहस गर्छ, उसले विजय प्राप्त गर्छ ।

कथित प्रश्नमा पनि **cual** र **ci** को तद्रूप प्रयोग गरिन्छ ।

## *क्रियायोगी सापेक्ष संयोजक*

**Do**, **cuando**, **cuanto**, **como** र **perce** प्रश्नवाचक सर्वनामहरूले क्रियायोगी उपवाक्यको परिचय गराउनका लागि संयोजकको पनि भूमिका निर्वाह गर्छन् :

- Nos parla **como** nos pensa. — हामी जसरी सोच्छौं, त्यसरी बोल्छौं ।
- Me dormi **cuando** me pote. — म जहिले सक्छु, तहिले सुत्छु ।
- Me va esplica **cuanto** me comprende. — म जति बुझ्छु, त्यति बुझाउँछु ।
- Nos abita **do** la du rios encontra. — जहाँ दुई नदी भेट्छन्, हामी त्यहीं बस्छौं ।
- Me ia fini la taxe **en cuando** tu ia parla a me. — तिमी जहिले मसँग कुरा गर्दै थियौ, तहिले मैले मेरो काम सिद्ध्याएँ ।
- Nos va core **a do** la vias encontra. — जहाँ दुइटा बाटा भेट्छन्, हामी त्यहाँ दौडन्छौं ।

यी सर्वनामलाई सम्बन्धवाचक उपवाक्यको परिचय गराउने संयोजकका रूपमा नामको पछाडि पनि प्रयोग गर्न सकिन्छ :

- Me labora en Paris, **do** me abita. — म पेरिसमा काम गर्छु, जहाँ म बस्छु ।
- El va visita en julio, **cuando** la clima es bon. — उनी जुलाईमा आउने छन्, जब हावापानी सुहाउँदो हुन्छ ।
- Acel es la razona **perce** Juan ia parti. — जोनले छोडेर गएको कारण पनि त्यही हो ।

यी सर्वनामलाई कथित प्रश्नमा पनि प्रयोग गरिन्छ ।

## *विशेष सापेक्ष संयोजक*

एलेफेनमा **ce** र **esce** लाई विशेष सापेक्ष संयोजक भनिन्छ र यिनले नामिक उपवाक्यको परिचय गराउँछन् । **Ce** ले कथित वाक्यको परिचय गराउँछ र **esce** ले चाहिँ वाक्यको सत्यतामाथि उठेको प्रश्नलाई कथित रूपमा प्रस्तुत गर्छ :

- Me pensa **ce** tu nesesa un vacanse. — मलाई लाग्छ कि तिमीलाई छुट्टी चाहिन्छ ।
- Me no sabe **esce** el va veni. — ऊ आउँछ कि आउँदैन भन्ने मलाई थाहा छैन ।

यिनलाई अर्थ स्पष्ट पार्नका लागि केही नाम, विशेषण तथा सम्बन्ध कारकको पछाडि प्रयोग गर्न सकिन्छ :

- La idea **ce** la Sol orbita la Tera es una era. — सूर्यले पृथ्वीको परिक्रमा गर्छ भन्ने अवधारणा गलत हो ।
- Nos es surprendeda **ce** vos no ia cexa. — तिमीले गुनासो नगरेकोमा हामी आश्चर्यचकित छौं ।
- Me es felis **ce** tu ia susede. — तिमी सफल भएको सुनेर मलाई खुसी लाग्यो ।
- Los no ia es serta **esce** la tren ia parti ja. — रेल गएको थियो कि थिएन भन्ने उनीहरूलाई थाहा थिएन ।

- La gato ia entra a la sala sin **ce** algun vide el. — कसैले नदेखी नै बिरालो कोठाभित्र पसेछ ।

**Ce** लाई परिणामबोधक उपवाक्यको परिचय गराउनका लागि पनि प्रयोग गरिन्छ :

- El ia es tan fatigada **ce** el no ia pote pensa. — उनी यति थाकेकी थिइन् कि उनले सोच्न सुद्ध सकेकी थिइनन् ।
- El ia es tan fame **ce** el ia pote oia la ronca de sua stomaco. — उहाँ यति भोकाउनुभएको थियो कि उहाँले आफ्नो पेट कराएको सुद्ध सुन्नुभएको थियो ।

**Afin**, **car**, **si** र **ca** विशेष सापेक्ष संयोजकहरूलाई वाक्यमा क्रियायोगी उपवाक्यको परिचय गराउनका लागि प्रयोग गरिन्छ :

- Me va veni **si** tu clama. — तिमीले बोलायौ भने म आउँछु ।
- Me labora **afin** mea enfantes pote come. — मेरा छोराछोरीले खान पाऊन् भनी म काम गर्छु ।
- Lo es calda **car** la sol brilia. — घाम लागेको हुनाले गर्मी छ ।
- Esta es plu labora **ca** me ia espeta. — यो मैले अपेक्षा गरेकोभन्दा बढी काम रहेछ ।

# प्रश्न

एलेफेनमा तीन प्रकारका **प्रश्न**हरू हुन्छन् : "हो" वा "होइन" भनी उत्तर दिन सकिने, विभिन्न सम्भावित उत्तरहरू हुने र उत्तरका रूपमा निश्चित जानकारीको अपेक्षा गर्ने ।

यसबाहेक प्रश्नहरू **प्रत्यक्ष** ("तिमी कता जाँदै छौ ?") वा **अप्रत्यक्ष** ("मैले तिमी कता जाँदै छौ भनी प्रश्न गरेँ", "म को हुँ भन्ने मलाई थाहा छैन") हुन सक्छन् । प्रत्यक्ष प्रश्नहरूको अन्त्यमा प्रश्नवाचक चिह्न (?) लगाइन्छ ।

## *हो / होइन प्रश्न*

वाक्यको सुरुवातमा **esce** थपेर त्यसलाई हो / होइन प्रश्नमा परिणत गर्न सकिन्छ :

- **Esce** tu parla deutx? — के तपाईं जर्मन बोल्नुहुन्छ ?
- **Esce** tu ia come la salada? — के तैले सलाद खाइस् ?

प्रश्न बनाउने अन्य दुई तरिका छन् । बोलेको बेलामा सम्भावना प्रस्तुत गर्ने वा समर्थन माग्ने किसिमको प्रश्न छ भने वाक्यको अन्त्यमा **si?** वा **no?** थप्दा हुन्छ । यसबाहेक सरल प्रश्नका लागि वाक्यको अन्त्यमा स्वराघात गर्न सकिन्छ :

- Tu ia come la salada, **si**?
- Tu ia come la salada, **no**?
- Tu ia come, **no**?
- Nos es perdeda, **no**?
- Vos comprende**?**

हो / होइन प्रश्नको जबाफ **si** ("हो") वा **no** ("होइन") हुन्छ । **Si** ले प्रश्नमा प्रस्तुत गरिएको सम्भावना सत्य हो भन्ने बुझाउँछ भने **no** ले सो सम्भावना गलत हो भन्ने बुझाउँछ :

- Tu desira bir? — तिमी बियर लिन्छौ ?<br>**Si**, per favore. — हजुर, कृपया । (*म बियर लिन्छु*)<br>**No**, grasias. — नाइँ, धन्यवाद । (*म बियर लिँदिनँ*)

प्रश्न अकरण भएको भए पनि **si** र **no** ले प्रश्न करण भएको बेला जे अर्थ दिन्थे, त्यही अर्थ दिन्छन् । यद्यपि, यसो गर्दा अर्थ अस्पष्ट हुन सक्ने भएकाले उत्तरको रूपमा पूरा वाक्य भन्न सकिन्छ :

- Tu no desira bir? — तिमी बियर लिँदैनौ ?<br>**Si**. — हजुर । (*म बियर लिन्छु*)<br>**No**. — नाइँ । (*म बियर लिँदिनँ*)<br>**Si**, me desira bir. — हजुर, म बियर लिन्छु ।<br>**No**, me no desira bir — नाइँ, म बियर लिँदिनँ ।

## *वैकल्पिक प्रश्न*

वैकल्पिक प्रश्नद्वारा श्रोतालाई विभिन्न विकल्पमध्ये एक विकल्पको छनोट गर्न लगाइन्छ । ती विकल्पलाई सामान्यतया **o** संयोजकको प्रयोग गरी सूचीबद्ध रूपमा प्रस्तुत गरिन्छ :

- Tu desira te, cafe, **o** bir? — तपाईं चिया लिनुहुन्छ कि कफी कि बियर ?<br>Cafe, per favore. — कफी, कृपया ।

- Tu ia veni par auto, **o** par bisicle, **o** tu ia pasea? — तिमी कारमा आयौ कि साइकलमा आयौ कि हिँडेर आयौ ?
  Par auto, probable. — कारमा, सायद ।

### *अन्य प्रश्न*

अन्य प्रश्नमा **cual**, **ci**, **cuando**, **cuanto**, **como**, **do** र **perce** जस्ता प्रश्नवाचक निर्धारक, सर्वनाम वा क्रियाविशेषणको प्रयोग गरिन्छ । प्रश्नवाचक शब्दलाई सामान्यतया वाक्यको सुरुवातमा राखिए पनि सो प्रश्नको उत्तर आउने ठाउँमा पनि राख्न सकिन्छ :

- **Cual** libro tu leje? = Tu leje **cual** libro? — तिमी कुन किताब पढ्दै छौ ?
- **Ci** es tua autor prefereda? = Tu autor prefereda es **ci**? — तिमीले रुचाउने लेखक को हो ?
- **Cual** es acel musica fea? = Acel musica fea es **cual**? — के हो यस्तो कटु सङ्गीत ?
- **Cuando** tu dormi? = Tu dormi **cuando**? — तपाईं कहिले सुत्नुहुन्छ ?
- **Cuanto** tu ia paia? = Tu ia paia **cuanto**? — तिमीले कति तिऱ्यौ ?
- **Como** vos ia evade? = Vos ia evade **como**? — तिमीले कसरी पलायन गऱ्यौ ?
- **Do** nos es? = **Do** es nos? = Nos es **do**? — हामी कता छौं ?
- **Perce** tu core? = Tu core **perce**? — तिमी किन दौडदै छौ ?
- **Con cual** tu come la salada? = Tu come la salada **con cual**? — तँ कोसँग सलाद खान्छेस् ?
- **Cual force** tu usa per come la salada? = Tu usa **cual force** per come la salada? — तँ सलाद खान कुन काँटा चलाउँछस् ?
- **Con cual force** tu come la salada? = Tu come la salada **con cual force**? — तँ कुन काँटाले सलाद खान्छेस् ?
- **Como rapida** tu pote come la salada? = Tu pote come la salada **como rapida**? — तँ कति छिटो सलाद खान सक्छस् ?

### *कथित प्रश्न*

कथित प्रश्न वा अप्रत्यक्ष प्रश्नलाई नामिक उपवाक्यको रूपमा प्रस्तुत गरिन्छ, जसमा प्रत्यक्ष प्रश्नको तद्रूप शब्दावली तथा उही कालमा प्रश्न सोधिएको हुन्छ । कथित प्रश्नमा प्रश्नवाचक शब्दलाई जहिले पनि अधीन उपवाक्यको सुरुवातमा राखिन्छ :

- Vos va demanda: "Ci tu ia vide?" → Vos va demanda **ci** me ia vide.
  तिमीले सोध्ने छौ, "तिमीले कसलाई देख्यौ ?" → तिमीले मैले कसलाई देखें भनेर सोध्ने छौ ।

- Me no recorda: "A ci me ia parla?" → Me no recorda a **ci** me ia parla.
  मलाई याद छैन, "म कोसँग बोलें ?" → म कोसँग बोलें भनेर मलाई याद छैन ।

- Los no sabe: "Cual nos va fa?" → Los no sabe **cual cosa** los va fa.

उनीहरूलाई थाहा छैन, “हामी के गर्न लागेको छौं ?” → उनीहरू के गर्न लागेका छन् भनेर उनीहरूलाई थाहा छैन ।

- Me vide: "Do me va senta?" → Me vide **do** me va senta.
  मैले देखें, “म कहाँ बस्ने छु ?” → म कहाँ बस्ने छु भनेर मैले देखें ।

- Me no ia sabe: "Cuando nos va parti?" → **Cuando** nos va parti, me no ia sabe.
  मलाई थाहा थिएन, “हामी कहिले जाने छौं ?” → हामी कहिले जाने थियौं भन्ने मलाई थाहा थिएन ।

हो / होइन प्रश्नको उक्तिपरिवर्तन गर्दा जहिले **esce** को प्रयोग गरिन्छ :

- El no sabe: "Esce los ia parti?" → El no sabe **esce** los ia parti.
  उसलाई थाहा छैन, “के हामी गयौं ?” → हामी गयौं कि गएनौं भन्ने उसलाई थाहा छैन ।

- El ia demanda: "Esce tu pote aida?" → El ia demanda **esce** me pote aida.
  उसले सोध्यो, “के तिमी सहयोग गर्न सक्छौ ?” → उसले मैले सहयोग गर्न सक्छु कि सक्दिनँ भनी सोध्यो ।

कहिलेकाहीँ कथित प्रश्न र सम्बन्धवाचक उपवाक्यबिच भिन्नता एकदमै सूक्ष्म हुन्छ :

- Me ia descovre **cual cosa ia es en la caxa. —** मैले बाकसमा के थियो भनेर पत्ता लगाएँ । (कथित प्रश्न)
- Me ia descovre lo **cual ia es en la caxa. —** मैले बाकसमा चबके थियो भनेर पत्ता लगाएँ । (सम्बन्धवाचक उपवाक्य)

पहिलो उदारणमा मैले बाकसमा रहेको कुरालाई आफैंले नदेखे पनि त्यसको पहिचान थाहा पाएँ भने दोस्रो उदारणमा मैले आफैं नै बाकसमा रहेको कुरा पत्ता लगाएँ ।

# उपवाक्य

वाक्यमा झैँ **उपवाक्य**मा पनि एउटा कर्ता र एउटा क्रियापद हुन्छ तर यसले भने ठुलो वाक्यको अंशको भूमिका निर्वाह गर्छ ।

सबै वाक्यमा एउटा **मुख्य उपवाक्य** हुन्छ । त्यस्ता उपवाक्यलाई एक वा एकभन्दा बढी **अधीन उपवाक्य**को प्रयोग गरी रूपान्तर गर्न सकिन्छ । यदि कुनै अधीन उपवाक्यले नामिक पदको अर्थमा परिवर्तन ल्याउँछ भने सो उपवाक्यलाई सम्बन्धवाचक उपवाक्य भनिन्छ । यदि अधीन उपवाक्यले क्रियापद वा सम्पूर्ण मुख्य उपवाक्यको अर्थमा परिवर्तन ल्याउँछ भने त्यसलाई क्रियायोगी उपवाक्य भनिन्छ । त्यसैगरी अधीन उपवाक्यले नामको भूमिका निभाउँछ भने त्यसलाई नामिक उपवाक्य भनिन्छ ।

एउटा वाक्यमा एकभन्दा बढी मुख्य उपवाक्य हुन सक्छन् ।

## *सम्बन्धवाचक उपवाक्य*

नमको अर्थमा परिवर्तन ल्याउने उपवाक्यलाई **सम्बन्धवाचक उपवाक्य** भनिन्छ । सम्बन्धवाचक उपवाक्य सामान्यतया त्यसले रूपान्तरण गर्ने नामिक पदको पछाडि आउँछ र त्यसको सुरुवातमा **ci** वा **cual** सम्बन्धवाचक सर्वनाम हुन्छ :

- La om **ci** ia abita asi ia vade a New York. — यहाँ जो पुरुष बस्थे, उनी न्युयोर्क गए ।
- La poma **cual** ia cade de mea saco es aora noncomable. — मेरो झोलाबाट जुन स्याउ झरेको थियो, त्यो अहिले अखाद्य छ ।

स्पष्टताका लागि लामा तथा घुमौरा प्रकारका सम्बन्धवाचक उपवाक्यलाई अल्पविरामको प्रयोग गरी वाक्यका अन्य भागहरूबाट छुट्ट्याइन्छ :

- La poma, **cual** ia cade de mea saco en la fango a matina ier, es aora noncomable. — हिजो बिहान मेरो झोलाबाट जुन स्याउ हिलोमा झरेको थियो, त्यो अहिले अखाद्य छ ।

कुनैकुनै सम्बन्धवाचक उपवाक्यले वाक्यको अर्थमा खास परिवर्तन ल्याउँदैनन् तर सानातिना टीका तथा जानकारी थप्छन् । त्यस्ता उपवाक्यका अगाडि सधैँ अल्पविरामको प्रयोग गरिन्छ :

- La can, **ci** ave manxas negra, ia morde la polisior. — कुकुर, जसको जिउमा काला पोता छन्, त्यसले प्रहरीलाई टोकेछ ।
- Mea padre, **ci** ia jubila, abita en Mexico. — मेरा बुबा, जो अवकाशमा हुनुहुन्छ, मेक्सिकोमा बस्नुहुन्छ ।
- Esta jus, **cual** Ana ia fa, ave un bon sabor. — यो जुस, जुन आनाले बनाएकी हुन्, स्वादिलो छ ।

**Ci** र **cual** ले सम्बन्धवाचक उपवाक्यको कर्ताको पनि भूमिका निर्वाह गर्न सक्छन् र कर्मको पनि । कर्म सामान्यतया क्रियापदको पछाडि आउँछ तर यी सर्वनामले कर्मको भूमिका निभाउँदा यिनलाई दुवै कर्ता र क्रियापदको अगाडि राखिन्छ :

- La fem **ci** me ama veni de Frans. — म जुन महिलालाई प्रेम गर्छु, उनी फ्रान्सबाट आउँछिन् ।

- La robot **cual** me ia construi no opera. — मैले जुन यन्त्रमानव बनाएँ, त्यसले काम गर्दैन ।
- Nos ta vade a mea casa, **cual** es prosima. — मेरो घर, जुन नजिकै छ, जाऔँ ।

सम्बन्धवाचक सर्वनाम सम्बन्ध कारकको कर्म हुँदा सम्बन्ध कारक अगाडि आउँछ :

- La fem **de ci** nos parla labora a mea ofisia. — हामी जुन महिलाको बारेमा कुरा गर्छौं, उनी मेरो अफिसमा काम गर्छिन् ।
- Tua libro, **en cual** me ia scrive sua nom, es sur la table. — तिम्रो किताब, जसमा मैले उसको नाम लेखेकी थिएँ, टेबुलमा छ ।

सम्बन्धवाचक उपवाक्यभित्र **de ci** वा **de cual** ले कसैको स्वामित्वमा रहेको वस्तुलाई बुझाउँछ भने स्पष्टताका लागि सो नामको परिचय गराउनका लागि **sua** को प्रयोग गरिन्छ :

- Esta fem, **de ci sua** sposa labora en el banco, es un cocor eselente. — यी महिला, जसका पति बैङ्कमा काम गर्छन्, एक उत्कृष्ट भान्से हुन् ।
- La fem, **de ci** tu conose **sua** sposo, labora a me ofisia. — ती महिला, जसका पतिलाई तिमीले चिन्छौ, मेरो अफिसमा काम गर्छिन् ।
- La fem, **de ci** tu ia dona la letera a **sua** sposo, es encantante. — ती महिला, जसका पतिलाई तिमीले चिठी दियौ, रम्य छिन् ।
- Mea auto, **de cual sua** motor es rompeda, es aora dejetada. — मेरो कार, जसको मोटर बिग्रेको छ, अहिले कचेरासमान छ ।

केही भाषाहरूमा सम्बन्ध कारकले पूर्वगामी उपवाक्यलाई पूर्णतः परिवर्तन गर्न सक्छ । एलेफेनमा त्यस्ता सम्बन्ध कारकका अगाडि स्पष्टताका लागि **e lo**, **e esta** वा **e acel** को प्रयोग गर्न सकिन्छ :

- El pote salta a un metre alta, **e este** ia surprende me. — ऊ एक मिटरमाथिसम्म हाल फाल्न सक्छ र त्यसले मलाई आश्चर्यचकित तुल्यायो ।
- Los studia la pragmatica, **e acel es per dise** la rol de contesto en la comprende de frases. — उनीहरू सङ्केतप्रयोगविज्ञान पढ्दै छन् जुन भन्नुको अर्थ वाक्यको अर्थ बुझ्नका लागि प्रसङ्गको भूमिका जान्नु हो ।

सम्बन्धवाचक उपवाक्यको सुरुवातमा सम्बन्धवाचक क्रियाविशेषणको पनि प्रयोग गर्न सकिन्छ :

- Me labora en Paris, **do** me abita. — म पेरिसमा काम गर्छु, जहाँ म बस्छु ।
- El va visita en julio, **cuando** la clima es bon. — उनी जुलाईमा आउने छन्, जब हावापानी सुहाउँदो हुन्छ ।
- Acel es la razona **perce** Juan ia parti. — जोनले छोडेर गएको कारण पनि त्यही हो ।

त्यस्ता सम्बन्धवाचक उपवाक्यले क्रियायोगी उपवाक्यसँग मेल खान्छन् :

- Me labora **do** me abita. — म जहाँ बस्छु, त्यहीँ काम गर्छु ।
- El va visita **cuando** la clima es bon. — जब हावापानी सुहाउँदो हुन्छ, तब उनी आउने छन् ।

## *क्रियायोगी उपवाक्य*

**क्रियायोगी उपवाक्य**ले कि त मुख्य उपवाक्यको क्रियापदलाई रूपान्तरण गर्छ नभए मुख्य उपवाक्यलाई नै। वाक्यमा क्रियायोगी उपवाक्यको परिचयका लागि क्रियायोगी सापेक्ष संयोजक (**como, cuando, cuanto, do**) वा विशेष सापेक्ष संयोजक (**si, car, afin, ca**) को प्रयोग गरिन्छ :

- Me no teme la can, **car** el es multe peti. — म त्यो कुकुरसँग डराउँदिनँ किनभने त्यो एकदम सानो छ।
- **Si** los redui tro rapida sua pesa, los va regania lo. — उनीहरूले छिटो वजन घटाए भने छिटै नै वजन बढाउने छन्।
- Me core **afin** la rinoseros no catura me. — मलाई गैँडाहरूले नसमातून् भनेर म दौडिरहेको छु।
- Esta es plu labora **ca** me ia previde. — यो मैले सोचेभन्दा बढी काम रहेछ।
- El ia scrive **cuando** sua madre ia demanda. — उनकी आमाले जब सोधिन्, तब उनले लेखे।
- El dise ce el es felis **do** el abita. — उसले भन्छ कि ऊ जहाँ बस्छ, त्यहीँ खुसी छ।
- On no ia permete ce me fa la cosas **como** me ia desira. — मलाई जे मन लाग्यो, त्यही गर्ने अनुमति थिएन।

क्रियायोगी सापेक्ष संयोजक (**como, cuando, cuanto, do**) को प्रयोगले परिचित क्रियायोगी उपवाक्यलाई सङ्क्षेपित सम्बन्धवाचक उपवाक्य मान्न सकिन्छ। उदाहरणका लागि, पछिल्ला तीन वाक्यलाई निम्न तरिकाले पनि प्रस्तुत गर्न सकिन्छ :

- El ia scrive **cuando** sua madre ia demanda. — उनले उनकी आमाले सोधेपछि लेखे।
- El dise ce el es felis **do** el abita. — उसले भन्छ कि ऊ बसेको ठाउँमा नै खुसी छ।
- On no ia permete ce me fa la cosas **como** me ia desira. — मलाई आफूले चाहेअनुसार काम गर्ने अनुमति थिएन।

## *नामिक उपवाक्य*

**नामिक उपवाक्य**ले नामको भूमिका निभाउँछ : सो उपवाक्य क्रियापद वा सम्बन्ध कारकको कर्ता वा कर्म हुन सक्छ। वाक्यमा नामिक उपवाक्यको परिचय गराउनका लागि **ce** वा **esce** विशेष सापेक्ष संयोजक, **ci** र **cual** सार्वनामिक सापेक्ष संयोजक किंवा कुनै सापेक्ष क्रियाविशेषणको प्रयोग गर्न सकिन्छ।

कुनै उपवाक्य वास्तवमा नै नामिक उपवाक्य हो कि होइन भनेर थाहा पाउनका लागि सो उपवाक्यको ठाउँमा "उनी" राख्नुहोस्। त्यसो गर्दा अर्थपूर्ण वाक्य बन्छ भने सो उपवाक्य नामिक उपवाक्य हो। नामिक उपवाक्य सामान्यतया विचार, बोध वा भावनासँग सम्बन्धित क्रियापदका कर्म हुन्छन् :

- Me vide **do** tu es. — तँ कहाँ छस् भनेर मैले देख्छु।
- **Cuando** me va parti, me no sabe. — म कहिले जान्छु भनेर मलाई थाहा छैन।
- Me sabe **de do** tu veni. — तिमी कताबाट आउँछौ भनेर मलाई थाहा छ।
- Me sabe **ci** ia dise acel. — त्यो कसले भन्यो भनेर मलाई थाहा छ।
- Me ia oia **cual** tu ia dise. — तिमीले के भन्यौ भनेर मैले सुनेँ।
- Me pote divina **cual** el leje. — उसले कुन चाहिँ पढिरहेको छ भनेर मैले अन्दाज गर्न सक्छु।

धेरैजसो नामिक पदको परिचय गराउन **ce** वा **esce** विशेष सापेक्ष संयोजकहरूको प्रयोग गरिन्छ :

- Me pensa **ce** el es bela. — मलाई लाग्छ कि उनी सुन्दर छिन् ।
- Me pensa **ce** el pote salta a un metre alta. — मलाई लाग्छ कि ऊ एक मिटरमाथिसम्म हाम फाल्न सक्छ ।
- Me pensa **ce** si. — मलाई त्यसो लाग्छ ।
- Me duta **esce** el pote salta a un metre alta. — ऊ एक मिटरमाथिसम्म हाल फाल्न सक्छ भन्ने मलाई सन्देह छ ।

नामिक पदले प्रायः कसैले भनेको, सोधेको वा सोचेको कुराबारे जानकारी गराउँछ । सबै स्थितिमा नामिक पदको काल मौलिक बोली, सोच वा प्रश्नको कालमा नै प्रस्तुत गरिन्छ :

- Me ia dise: "Me **veni** de London." → Me ia dise ce me **veni** de London.
  मैले भनेँ, "म लन्डनबाट आउँछु ।" → मैले भनेँ कि म लन्डनबाट आउँछु ।

- El pensa: "La tren **ia es** tarda." → El pensa ce la tren **ia es** tarda.
  उसले सोच्छे, "रेल ढिलो भयो ।" → उसले रेल ढिलो भयो भनेर सोची ।

- El ia demanda: "Cuando nos **va parti**?" → El ia demanda cuando nos **va parti.**
  उनले सोधे, "हामी कहिले जाने ?" → उनले हामी कहिले जाने भनेर सोधे ।

- Me va vole sabe: "Do la selebra **es**?" → Me va vole sabe do la selebra **es.**
  मलाई जान्न मन लाग्ने छ, "भोज कता हुन्छ ?" → मलाई भोज कता हुन्छ भन्ने जान्न मन लाग्ने छ ।

सम्बन्धवाचक र क्रियायोगी उपवाक्य कहिलेकाहीँ हेर्नमा नामिक उपवाक्य झैँ हुन्छन् । त्यस्तो भ्रम नहोस् भन्नका लागि **cual** वा **ci** को अगाडि नाम वा सर्वनाम हाल्न सकिन्छ :

- Me no comprende **la ata** cual tu intende. — तिमीले गर्न चाहेको काम मैले बुझिनँ ।
- Me ia oia **lo** cual tu ia dise. — तिमीले भनेको मैले सुनेँ ।
- Me pensa **ce** si. — मलाई त्यसो लाग्छ ।
- Me no conose **el** ci tu ia indica. — तिमीले औँल्याएको मान्छेलाई म चिन्दिनँ ।
- Me no sabe **la ora** cuando me va parti. — म कति बजे निस्कन्छु भनेर मलाई थाहा छैन ।

## *निरपेक्षाकृत उपवाक्य*

निरपेक्ष संयोजकको प्रयोग गरी दुइटा मुख्य उपवाक्यलाई जोड्न सकिन्छ । संयोजकको अगाडि प्रायः अल्पविराम राखिन्छ :

- Me ia desira la auto, **ma** me no ia ave la mone. — मलाई कार चाहिएको थियो तर मसँग पैसा थिएन ।

- Me desira un bon carera **e** me vole ance trove un sposa bela. **—** मलाई एउटा राम्रो काम चाहिन्छ र म एक सुन्दर श्रीमती पनि खोज्न चाहन्छु।

त्यस्ता उपवाक्यहरू संयोजकको प्रयोग गरे-नगरे पनि स्वतन्त्र वाक्यका रूपमा खडा हुन सक्छन् :

- El ia vole canta **e** el ia vola dansa, **ma** el ia teme. **—** उसलाई गाउन मन थियो र उसलाई नाच्न मन थियो तर ऊ भयभीत थियो।
- El ia vole canta. **E** el ia vole dansa. **Ma** el ia teme. **—** उसलाई गाउन मन थियो। र उसलाई नाच्न मन थियो। तर ऊ भयभीत थियो।
- El ia vole canta. El ia vole dansa. El ia teme. **—** उसलाई गाउन मन थियो। उसलाई नाच्न मन थियो। ऊ भयभीत थियो।

# गणनाक्रम

## *निश्चित सङ्ख्या*

एलेफेन व्याकरणअनुसार निश्चित सङ्ख्यालाई निम्न प्रस्तुत गरिएको छ :

- **zero** — सुन्ना
- **un** — एक
- **du** — दुई
- **tre** — तीन
- **cuatro** — चार
- **sinco** — पाँच
- **ses** — छ
- **sete** — सात
- **oto** — आठ
- **nove** — नौ
- **des** — दस
- **sento** — सय
- **mil** — हजार
- **milion** — दस लाख

९९९ सम्मका सङ्ख्यालाई तीन अंशसम्म रहेको योजक चिह्नले छुट्ट्याइको एकल शब्दको रूपमा लेखिन्छ। प्रत्येक अंशले एउटा अङ्कलाई जनाउँछ र त्यसमा **un** तथा **nove** का बिच रहेको निश्चित सङ्ख्यालाई समावेश गरिएको हुन्छ। सङ्ख्याले दस वा सयको गुणालाई जनाउँछ भने त्यसमा **des** वा **sento** जोडिएको हुन्छ। दस र सयको एक गुणालाई **un** नजोडी सामान्य रूपमा **des** र **sento** भनिन्छ। सङ्ख्यामा सुन्नाको गुणालाई पूर्णतः नकारिन्छ :

- **des-un** — ११
- **des-du** — १२
- **des-nove** — १९
- **dudes** — २०
- **dudes-un** — २१
- **dudes-sinco** — २५
- **sento-un** — १०१
- **sento-des-du** — ११२
- **tresento-dudes-un** — ३२१
- **cuatrosento** — ४००
- **novesento-sinco** — ९०५

**Mil** र **milion** लाई सधैँ प्रत्येक तीन अङ्कका सङ्ख्यालाई छुट्ट्याउने शब्दका रूपमा छुट्टै लेखिन्छ :

- **mil setesento-sesdes-tre** — १७६३
- **du mil un** — २००१
- **tre mil des-cuatro** — ३०१४

- **cuatrodes-sinco mil sessento-setedes-oto** — ४५ ६७८
- **novosento-otodes-sete milion sessento-sincodes-cuatro mil tresento-dudes-un balones roja** — ९८७ ६५४ ३२१ राता बेलुनहरू

अङ्कका रूपमा सङ्ख्याको प्रतिनिधित्व गर्दा एलेफेनमा माथि प्रस्तुत गरिए झैं तीन अङ्कका बिच खाली ठाउँ छोडिन्छ । दशमलवका लागि इच्छाअनुसार बिन्दु वा अल्पविरामको प्रयोग गरिन्छ र त्यसैगरी **punto** वा **virgula** उच्चारण गरिन्छ । दशमलवका पछाडिका अङ्कलाई एक-एक गरी उच्चार गरिन्छ :

- **tre punto un cuatro un ses** — ३.१४१६
- **du virgula zero nove** — २,०९

ऋणात्मक सङ्ख्याका लागि **min** को प्रयोग गरिन्छ :

- **min sinco grados** — माइनस पाँच डिग्री

### *दस लाखका हजार गुणा*

एलेफेनमा अत्यन्तै ठुला सङ्ख्यालाई दस लाखका गुणाका रूपमा प्रस्तुत गरिन्छ :

- **mil milion** — १ ००० ००० ०००
- **milion milion** — १ ००० ००० ००० ०००
- **mil milion milion** — १ ००० ००० ००० ००० ०००

**Bilion**, **trilion** र **cuadrilion** जस्ता शब्द एलेफेनमा खासै प्रयोग गरिँदैन तर तिनको प्रयोग गरेमा तिनको अर्थ खुलाउनु आवश्यक हुन्छ ।

वैज्ञानिक लेखनमा अन्तर्राष्ट्रिय उपसर्गको प्रयोगलाई मान्यता दिइन्छ :

- **deca-** (da) — १०
- **hecto-** (h) — १००
- **cilo-** (k) — $१०^{३}$
- **giga-** — $१०^{९}$
- **tera-** — $१०^{१२}$
- **peta-** — $१०^{१५}$
- **exa-** — $१०^{१८}$
- **zeta-** — $१०^{२१}$
- **iota-** — $१०^{२४}$

### *क्रमसूचक सङ्ख्या*

नामको *अगाडि* आउने सङ्ख्या निश्चित सङ्ख्या हुन्छ र त्यसले निश्चित परिमाणको प्रतिनिधित्व गर्छ :

- **tre** omes e **cuatro** femes — तीन पुरुष र चार महिला

यद्यपि, नामको *पछाडि* आउने सङ्ख्या क्रमसूचक सङ्ख्या हुन्छ जसले सो नामको स्थानलाई बुझाउँछ :

- la **om tre** — तेस्रो पुरुष
- la **pato ses** — छैटौं हाँस
- la **paje un** — पहिलो पाना

क्रमसूचक **un** को सट्टामा सामान्यतया **prima** को प्रयोग गरिन्छ । यद्यपि, १ मा टुङ्गिने ठुला सङ्ख्यालाई क्रमसूचक बनाउनका लागि **un** को नै प्रयोग गनुपर्छ :

- la **paje prima** — पहिलो पाना
- sala **sento-un** — १०१ औँ कोठा

क्रमसूचक सङ्ख्याको समर्थनका लागि **numero** लाई प्रतिरूपी नामको रूपमा प्रयोग गर्न सकिन्छ :

- El es **numero tre.** — ऊ तेस्रो हो ।
- A cual paje tu es? Me es a **numero setedes.** — तिमी कुन पानामा छौ ? म सत्तरियौँमा छु ।
- **Numero tre,** me vole grasia la furnores de come. — तेस्रो, म भोजनका व्यवस्थापकहरूलाई धन्यवाद दिन चाहन्छु ।

### *भिन्न*

भिन्नको प्रतिनिधित्व गर्ने शब्द बनाउनका लागि निश्चित सङ्ख्याका अन्त्यमा **-i** प्रत्ययको प्रयोग गरिन्छ :

- **dui** — आधा
- **tri** — तिहाइ
- **cuatri** — चौथाइ
- **desi** — दशमांश
- **des-dui** — बाह्रौँ भाग
- **cuatrodesi** — चालिसौँ भाग
- **senti** — शतांश
- **tresento-sesdes-sinci** — १/३६५
- **mili** — १/१०००
- **dudes-mili** — १/२० ०००

भिन्नमा सामान्य नामका नियमहरू नै लागु गरिन्छ :

- **un tri** de la tarte — पाईको एक तिहाइ
- **du tris** de la tarte — पाईको दुई तिहाइ
- **esta tri ardeda** de la tarte — पाईको यो डढेको तिहाइ
- **un cuatri** de un sentenio — शताब्दीको एक चौथाइ
- **tre tredes-duis** de un diton — एक इन्चका तीन बत्तिसौँ भाग

भिन्न प्रस्तुत गर्नका लागि अन्य उपायहरू पनि छन् :

- **tre e un dui** oras — साढे तीन घण्टा
- tre oras e **un dui** — साढे तीन घण्टा
- **sete e un dui** milion anios — साढे सत्तरी लाख वर्ष
- **des persentos** de la popla — दस प्रतिशत मानिस
- **des sentis** de la popla — दस प्रतिशत मानिस
- **du punto sete sinco oto** metres — २.७५८ मिटर

वैज्ञानिक लेखनमा अन्तर्राष्ट्रिय उपसर्गको प्रयोगलाई मान्यता दिइन्छ :

- **desi-** (d) — १/१०
- **senti-** (c) — १/१००
- **mili-** (m) — $१०^{-३}$
- **micro-** (µ) — $१०^{-६}$
- **nano-** (n) — $१०^{-९}$
- **pico-** (p) — $१०^{-१२}$
- **femto-** (f) — $१०^{-१५}$
- **ato-** (a) — $१०^{-१८}$
- **zepto-** (z) — $१०^{-२१}$
- **iocto-** (y) — $१०^{-२४}$

### *गुणा*

गुणाका लागि सङ्ख्याका नामपछाडि **-uple** प्रत्यय जोडिन्छ :

- **duple** — दोबर, द्वय
- **truple** — तेबर, त्रय
- **cuatruple** — चौबर

**Ves** वा **veses** लागेका वाक्यांशले कुनै कुरा कति पटक दोहोरिएको छ भन्ने बुझाउँछ :

- **a un ves** — एकपल्ट
- **a du veses** — दुईपल्ट
- **a tre veses** — तीनपल्ट

**Ves** ले गणितीय गुणालाई बुझाउँदैन ।

### *अङ्कगणित*

जोडलाई बुझाउनका लागि **plu** वा **e** को प्रयोग गरिन्छ :

- Un **plu** un es du. — एक जोड एक दुई हुन्छ ।
- Du **e** du no es sinco. — दुई जोड दुई पाँच हुँदैन ।

घटाउलाई बुझाउनका लागि **min** को प्रयोग गरिन्छ :

- Ses **min** tre es tre. — छबाट तीन घटाए तीन बाँकी हुन्छ ।

गुणनलाई बुझाउनका लागि **multiplicada par** वा सामान्य रूपमा **par** को प्रयोग गरिन्छ :

- Du **multiplicada par** tre es ses. — दुई तियाँ छ हुन्छ ।
- Ses **par** cuatro es dudes-cuatro. — छ चौका चौबिस हुन्छ ।

भागलाई बुझाउनका लागि **divideda entre** वा सामान्य रूपमा **entre** को प्रयोग गरिन्छ :

- Des **divideda entre** du es sinco. — दसलाई दुईले भाग गर्दा पाँच हुन्छ ।
- Sinco **entre** du es du e un dui. — पाँचलाई दुईले भाग गर्दा साढे दुई हुन्छ ।
- Sinco **entre** du es du punto sinco. — पाँचलाई दुईले भाग गर्दा २.५ हुन्छ ।
- Sinco **entre** du es du virgula sinco. — पाँचलाई दुईले भाग गर्दा २,५ हुन्छ ।

घाताङ्कका लागि **a potia** र क्रमसूचक सङ्ख्याको प्रयोग गरिन्छ । वर्ग र घनका अवस्थामा वैकल्पिक रूपमा क्रमशः **cuadrida** र **cubida** को प्रयोग गर्न सकिन्छ :

- Tre **a potia du** es nove. — तीनको घाताङ्कको मान दुई हुँदा नौ हुन्छ ।
- Tre **cubida** es dudes-sete. — तीनको घाताङ्कको मान तीन हुँदा सत्ताइस हुन्छ ।
- des **a potia min nove** — १०<sup>-९</sup>
- des **a potia sento** — १०<sup>१००</sup>

मूलका लागि **a radis** र क्रमसूचक सङ्ख्याको प्रयोग गरिन्छ :

- 256 **a radis cuatro** es 4. — २५६ को मूलको मान चार हुँदा ४ हुन्छ ।
- La **radis cuadral** de 64 es 8. — ६४ को वर्गमूल ८ हो ।
- La **radis cubo** de 27 es 3. — २७ को घनमूल ३ हो ।

### *मापन*

भौतिक मापनलाई विभिन्न तरिकाले प्रस्तुत गर्न सकिन्छ :

- **Cuanto alta es** la tore? — टावर कति अग्लो छ ?
- **Cuanto de altia** la tore ave? — टावरको उचाइ कति छ ?
- La tore **es cuanto alta**? — टावर कति अग्लो छ ?
- La tore **ave cuanto de altia**? — टावरको उचाइ कति छ ?
- La tore **es 40 metres alta.** — टावर ४० मिटर अग्लो छ ।
- La tore **ave 40 metres de altia.** — टावरको उचाइ ४० मिटर छ ।
- La tore **es un metre plu alta ca** la casa. — टावर घरभन्दा एक मिटर अग्लो छ ।
- La tore **ave un metre plu de altia ca** la casa. — टावरको उचाइ घरको उचाइभन्दा एक मिटर बढी छ ।
- La tore **es du veses plu alta ca** la casa. — टावर घरभन्दा दुईगुना अग्लो छ ।
- La tore **ave du de la altia de** la casa. — टावरको उचाइ घरको उचाइको दोबर छ ।
- La casa **ave un dui de la altia de** la tore. — घरको उचाइ टावरको उचाइको आधा छ ।
- La tore **es duple plu alta ca** la casa. — टावर घरभन्दा दुईगुना अग्लो छ ।
- La tore **ave duple la altia de** la casa. — टावरको उचाइ घरको उचाइको दोबर छ ।

एलेफेनमा मापनको प्रस्तुतीकरणको आधारभूत सिद्धान्त यो हो कि एउटासँग उचाइ छ (**ave altia**) भने अर्को अग्लो छ (**es alta**) ।

यसरी नै मापनका अन्य उपायलाई रूपान्तरण गर्न सकिन्छ :

- **larga, largia**
- **grande, grandia**
- **pesosa, pesa**

- **longa, longia**
- **longa, tempo**
- **vea, eda**
- **basa, basia**
- **profonda, profondia**
- **frecuente, frecuentia**
- **rapida, rapidia**
- **densa, densia**

# शब्दरचना

एलेफेनमा रहेका शब्दहरूमा विभिन्न उपसर्ग वा प्रत्यय जोडी नयाँ शब्दको निर्माण गर्न सकिन्छ । यसका साथै दुइटा शब्दको समासबाट नयाँ नामको रचना गर्न सकिन्छ ।

एलेफेनमा रूपमा फेरबदल नगरी विशेषण र क्रियापदलाई पनि नामको रूपमा प्रयोग गर्न सकिन्छ ।

## *उपसर्ग*

**Anti-** ले नेपाली उपसर्ग "अ" को काम गर्छ । यसले अभाव वा निषेधको अर्थ बुझाउँछ :

- **sosia** — समाज → **antisosial** — असामाजिक
- **avion** — विमान → **antiavion** — विमानभेदी
- **proton** — धनात्मक कण → **antiproton** — ऋणात्मक कण

**Auto-** ले नेपाली उपसर्ग "स्व" को काम गर्छ । यसले निजको अर्थ बुझाउँछ :

- **respeta** — सम्मान → **autorespeta** — आत्मसम्मान
- **flue** — प्रवाह → **autoflue** — शब्द वेष्टन
- **adere** — टाँसिनु → **autoaderente** — आश्लिष्ट

**Des-** ले नेपाली उपसर्ग "निस्" को काम गर्छ । यसले पूर्ववत् गरेको अर्थ बुझाउँछ । S, Z, X र J को अगाडि प्रयोग हुँदा सो उपसर्ग सरलीकृत भई **de-** बन्छ ।

- **botoni** — टाँक लगाउनु → **desbotoni** — टाँक खोल्नु
- **infeta** — सङ्क्रमण गर्नु → **desinfeta** — निस्सङ्क्रमण गर्नु
- **jela** — जमाउनु → **dejela** — पगाल्नु
- **sifri** — इनकोड गर्नु → **desifri** — डिकोड गर्नु

**Inter-** ले नेपाली उपसर्ग "अन्तर" को काम गर्छ । यसले आधारपदका सन्दर्भको माझमा अथवा परस्परको अभिप्रायको अर्थ बुझाउँछ :

- **cambia** — बदल्नु → **intercambia** — विनिमय गर्नु
- **nasional** — राष्ट्रिय → **internasional** — अन्तर्राष्ट्रिय

**Media-** ले नेपाली "मध्य" को काम गर्छ । यसले केन्द्रको अर्थ बुझाउँछ :

- **note** — रात → **medianote** — मध्यरात
- **estate** — ग्रीष्म → **mediaestate** — मध्यग्रीष्म
- **punto** — बिन्दु → **mediapunto** — मध्य बिन्दु

**Non-** ले पनि नेपाली उपसर्ग "अ" कै काम गर्छ । यसले अभाव वा निषेधको अर्थ बुझाउँछ । N को अगाडि प्रयोग हुँदा सो उपसर्ग सरलीकृत भई **no-** बन्छ ।

- **justa** — न्यायपूर्ण → **nonjusta** — अन्यायपूर्ण
- **ativa** — सक्रिय → **nonativa** — निष्क्रिय
- **nativa** — स्वदेशी → **nonativa** — विदेशी
- **nesesada** — आवश्यक → **nonesesada** — अनावश्यक

- **crede** – विश्वास → **noncrede** – अविश्वास

**Pos-** ले नेपाली "पश्च" को काम गर्छ । यसले पछाडिको अर्थ बुझाउँछ :

- **graduada** – स्नातक → **posgraduada** – स्नातकोत्तर
- **media** – मध्य → **posmedia** – मध्याह्न
- **alveolo** – वर्त्स्य → **posalveolo** – पश्च वर्त्स्य

**Pre-** ले नेपाली "पूर्व" को काम गर्छ । यसले अगाडिको अर्थ बुझाउँछ :

- **graduada** – स्नातक → **pregraduada** – पूर्वस्नातक
- **istoria** – इतिहास → **preistoria** – प्रागितिहास
- **judi** – निर्णय लिनु → **prejudi** – पूर्वानुमान गर्नु

**Re-** ले नेपाली उपसर्ग "पुनः" को काम गर्छ । यसले फेरि काम गरेको वा उल्टो काम गरेको अर्थ बुझाउँछ :

- **comensa** – सुरु गर्नु → **recomensa** – फेरि सुरु गर्नु
- **pleni** – भर्नु → **repleni** – फेरि भर्नु
- **paia** – तिर्नु → **repaia** – फेरि तिर्नु
- **veni** – आउनु → **reveni** – फिर्ता आउनु

**Su-** ले नेपाली उपसर्ग "अधो" को काम गर्छ । यसले तल्लो स्तरको अर्थ बुझाउँछ :

- **teninte** – लप्टन → **suteninte** – उपलप्टन
- **divide** – भाग गर्नु → **sudivide** – प्रतिभाग गर्नु
- **consensa** – चेतन → **suconsesa** – अवचेतन
- **indise** – सूची → **suindise** – अधोलेख
- **campion** – च्याम्पियन → **sucampion** – रनर अप

**Supra-** ले नेपाली उपसर्ग "अति" को काम गर्छ । यसले माथिल्लो स्तरको अर्थ बुझाउँछ :

- **computador** – कम्प्युटर → **supracomputador** – सुपरकम्प्युटर
- **pasa** – पास हुनु → **suprapasa** – पार गर्नु
- **dramosa** – नाटकीय → **supradramosa** – अतिशयोक्तिपूर्ण
- **fem** – महिला → **suprafem** – सुपरवुमन
- **natural** – प्राकृतिक → **supranatural** – अलौकिक

**Vis-** ले नेपाली उपसर्ग "उप" को काम गर्छ । यसले सहायकको अर्थ बुझाउँछ :

- **presidente** – राष्ट्रपति → **vispresidente** – उपराष्ट्रपति
- **re** – राजा → **visre** – सुबेदार

**Bon-** र **mal-** ले क्रमशः राम्रो र नराम्रोका अर्थ बुझाउँछन् :

- **parla** – बोल्नु → **bonparlante** – मृदुभाषी
- **vende** – बेच्नु → **bonvendeda** – सबभन्दा बढी बिक्री हुने
- **dise** – भन्नु → **bondise** – आशीर्वाद दिनु
- **veni** – आउनु → **bonveni** – स्वागत गर्नु
- **acusa** – दोष दिनु → **malacusa** – निन्दा गर्नु

- **comprende** — बुझ्नु → **malcomprende** — गलत बुझ्नु
- **nomida** — नामक → **malnomida** — गलत नाम दिइएको
- **odorosa** — गन्धमय → **malodorosa** — दुर्गन्धमय

केही शब्दहरूमा सङ्ख्या तथा भिन्नलाई उपसर्गका रूपमा प्रयोग गरिन्छ । त्यसो गर्नाले पारिवारिक नातागोता वा अनुक्रमको अर्थ बुझिन्छ :

- **avo** — हजुरबुबा → **duavo** — जिज्यू
- **neta** — नातिनी → **treneta** — जनातिनी
- **peda** — खुट्टा → **cuatropede** — चौपाया
- **sore** — दिदी / बहिनी → **duisore** — सौतिनी दिदी / बहिनी
- **galon** — ग्यालन → **cuatrigalon** — क्वार्ट

## *प्रत्यय*

एलेफेनमा ज्यादाबिधि प्रत्यय स्वरवर्णबाट सुरु हुन्छन् । जब स्वरवर्णमा टुङ्गिने शब्दमा प्रत्यय लगाइन्छ, तब सो स्वरवर्णलाई हटाइन्छ । यदि सो शब्दमा एउटा मात्र स्वरवर्ण थियो भने सो स्वरवर्णलाई शब्दमा जस्ताको तस्तै राखिन्छ :

- **fruta** — फल → **frutosa** — फली
- **jua** — खेल → **jueta** — खेलौना
- **fe** — अप्सरा → **fein** — अप्सरा जस्तो

प्रत्यय जोड्दा एलेफेनमा अस्वीकृत स्वरानुक्रम बन्छ भने उक्त स्वरानुक्रमको दोस्रो स्वरवर्णलाई हटाइन्छ :

- **comedia + -iste** → (comediiste) → **comediste** — हास्य कलाकार

यस नियमका दुइटा अपवाद छन् :

- **tre + -i** → **tri**
- **tre + -uple** → **truple**

## *क्रियापद बनाउने प्रत्यय*

अन्य क्रियापद झैं प्रत्यय लगाएर बनाइएको क्रियापदलाई पनि सकर्मक र अकर्मक क्रिया वा नामको रूपमा प्रयोग गर्न सकिन्छ ।

नाम र विशेषणलाई क्रियापदमा रूपान्तर गर्नका लागि **-i** प्रत्ययको प्रयोग गरिन्छ :

- **arco** — चाप → **arci** — चापाकारमा फैलाउनु
- **roja** — रातो → **roji** — रातो हुनु
- **umida** — आलो → **umidi** — भिजाउनु
- **duple** — दोबर → **dupli** — दोबर गर्नु
- **saliva** — र्‍याल → **salivi** — र्‍याल चुहाउनु
- **flor** — फूल → **flori** — फुल्नु

**-i** ले कुनै साधनको प्रयोग गरेर अथवा कुनै उपाय अपनाएर काम गर्ने अर्थ पनि बुझाउँछ :

- **boton** — टाँक → **botoni** — टाँक लगाउनु

- **telefon** — फोन → **telefoni** — फोन गर्नु
- **sponja** — स्पन्ज → **sponji** — सोस्नु
- **pinta** — रङ → **pinti** — रङ लगाउनु
- **nom** — नाम → **nomi** — नाम दिनु

### *विशेषण बनाउने प्रत्यय*

अन्य विशेषण झैं प्रत्यय लगाएर बनाइएका विशेषणलाई पनि गुण वा दोष बुझाउने शब्द र सो गुण वा दोष भएको व्यक्ति वा वस्तुलाई चिनाउने नामका रूपमा प्रयोग गर्न सकिन्छ ।

**-i** ले कुनै विशेष गुण वा दोषसँग सम्बन्ध रहेको अवस्थालाई बुझाउँछ :

- **ami** — साथी → **amin** — मित्रवत्
- **enfante** — बच्चा → **enfantin** — बचकाना
- **fantasma** — भूत → **fantasmin** — भूते
- **monstro** — राक्षस → **monstrin** — राक्षसी
- **serpente** — सर्प → **serpente** — सर्पिल

**-osa** ले केही कुराले भरिपूर्ण रहेको अवस्थालाई बुझाउँछ :

- **zucar** — चिनी → **zucarosa** — गुलियो
- **oro** — सुन → **orosa** — सुनौलो
- **capel** — कपाल → **capelosa** — धेरै कपाल भएको
- **crea** — बनाउनु → **creosa** — सृजनात्मक
- **jua** — खेल → **juosa** — चञ्चल
- **caos** — अराजकता → **caososa** — अराजक

**-al** ले केही कुरासँग सामान्य सम्बन्ध रहेको अवस्थालाई बुझाउँछ :

- **fotografia** — फोटोग्राफ → **fotografial** — फोटोग्राफिक
- **nasion** — राष्ट्र → **nasional** — राष्ट्रिय
- **siensa** — विज्ञान → **siensal** — वैज्ञानिक
- **verbo** — क्रियापद → **verbal** — क्रियापदीय
- **erita** — दाय → **erital** — वंशानुगत
- **mito** — कल्पना → **mital** — कल्पित
- **monce** — सन्न्यासी → **moncal** — मठ

**-iste** ले कुनै विश्वास अथवा सम्प्रदायमा लागेका व्यक्ति वा सोसँग सम्बन्धित वस्तुलाई बुझाउँछ । नामको अन्त्यमा **-isme** छ भने त्यसको सट्टामा **-iste** लाग्छ । व्यक्तिवाचक नामको स्थितिमा भने अन्त्यमा रहेको स्वरवर्णलाई जस्ताको तस्तै छोडिन्छ :

- **bigamia** — द्विविवाह → **bigamiste** — द्विविवाही
- **otimisme** — आशावाद → **otimiste** — आशावादी
- **puria** — शुद्धता → **puriste** — शुद्धतावादी
- **Mitra** — मिथ्रा → **mitraiste** — मिथ्रावाद

**-an** ले कुनै स्थान वा समयसँग सम्बन्ध रहेको अर्थ बुझाउँछ :

- **suburbe** — उपनगर → **suburban** — उपनगरीय
- **Victoria** — भिक्टोरिया → **victorian** — भिक्टोरियन

**-an** भाषा तथा जनसमूहलाई बुझाउने पाँच प्रत्ययमध्ये एक हो । अन्य चार प्रत्ययअन्तर्गत **-es**, **-ica**, **-i** र **-sce** पर्दछन् । एलेफेनमा शब्दलाई सकेसम्म मूल भाषाको शब्दसँग मिलाउन खोजिन्छ जसकारण कहिलेकाहीँ शब्दमा गैर-एलेफेन प्रत्यय जोडिन्छ, कहिलेकाहीँ प्रत्यय नै जोडिँदैन र कहिलेकाहीँ भने मूल शब्दमा नै परिवर्तन गरिन्छ :

- **Africa** — अफ्रिका → **african** — अफ्रिकाली
- **Frans** — फ्रान्स → **franses** — फ्रेन्च
- **Elas** — युनान → **elinica** — युनानी
- **Arabia** — अरब → **arabi** — अरबी
- **Rusia** — रुस → **rusce** — रुसी
- **Europa** — युरोप → **european** — युरोपेली
- **Deutxland** — जर्मनी → **deutx** — जर्मन
- **Britan** — बेलायत → **brites** — बेलायती

यद्यपि, वक्ताको इच्छाअनुसार सबै देशको नाममा **-an** प्रत्यय जोड्न सकिन्छ :

- **Frans** — फ्रान्स → **fransan** — फ्रेन्च
- **Elas** — युनान → **elas** — युनानी
- **Arabia** — अरब → **arabian** — अरबी
- **Rusia** — रुस → **rusian** — रुसी
- **Deutxland** — जर्मनी → **deutxlandan** — जर्मन
- **Britan** — बेलायत → **britanan** — बेलायती

रोग, मानसिक समस्या वा उस्तै प्रकारका समस्याका नामको पछाडि **-ica** प्रत्यय जोडी सो समस्याले ग्रस्त व्यक्तिलाई बुझाउन सकिन्छ :

- **catalesia** — धनुष्टङ्कार → **catalesica** — धनुष्टङ्कार लागेको व्यक्ति
- **xenofobia** — पक्षपात → **xenofobica** — पक्षपाती

क्रियापदको अन्त्यमा **-nte** प्रत्यय जोडी सो क्रियापदको सक्रिय कृदन्त बनाउन सकिन्छ जसले सो क्रियाको कर्ताको अर्थ बुझाउँछ । **Es** को सक्रिय कृदन्त **esente** हो :

- **ama** — माया गर्नु → **amante** — माया गर्ने
- **depende** — भर पर्नु → **dependente** — परतन्त्र
- **dormi** — सुत्नु → **dorminte** — सुतिरहेको
- **obedi** — मान्नु → **obedinte** — आज्ञाकारी
- **pare** — देखिनु → **parente** — स्पष्ट
- **es** — हुनु → **esente** — हुँदै गरेको

**-nte** मा टुङ्गिने नामलाई क्रियाका नामको रूपमा प्रयोग गर्न मिल्दैन :

- La **covrente** es sur la caxa. — ढकनी बाकसमाथि छ ।
- **Covre** la caxa es un bon idea. — बाकसलाई छोप्ने योजना राम्रो छ ।

क्रियापदको अन्त्यमा **-da** प्रत्यय जोडी सो क्रियापदको सक्रिय कृदन्त बनाउन सकिन्छ जसले सो क्रियाको कर्मको अर्थ बुझाउँछ :

- **ama** — माया गर्नु → **amada** — प्रिय
- **clui** — बन्द गर्नु → **cluida** — बन्द
- **conose** — जान्नु → **conoseda** — जानिएको
- **jela** — जमाउनु → **jelada** — जमाइएको
- **nesesa** — चाहनु → **nesesada** — आवश्यक
- **es** — कुहिनु → **esente** — कुहिएको

**-da** लाई क्रियाको भूतकालीन रूप जनाउनका लागि प्रयोग गर्न मिल्दैन :

- La caxa es **covreda** par la tela. — बाकस कपडाले ढाकिएको छ ।
- La tela **ia covre** la caxa. — कपडाले बाकसलाई ढाकेको थियो ।

**-able** ले योग्यता वा दक्षताको अर्थ बुझाउँछ :

- **ama** — माया गर्नु → **amable** — स्नेहिलो
- **come** — खानु → **comable** — खाद्य
- **infla** — फुलाउनु → **inflable** — फुलाउन सकिने
- **loda** — सराहना गर्नु → **lodable** — सराहनीय
- **nota** — उल्लेख गर्नु → **notable** — उल्लेखनीय
- **titila** — काउकुती लगाउनु → **titilable** — काउकुती लाग्ने

### *नाम बनाउने प्रत्यय*

क्रियापदको पछाडि **-or** लगाउँदा त्यसले सो काम गर्ने व्यक्तिलाई बुझाउँछ । नामको पछाडि लगाउँदा त्यसले सो नामसँग सम्बन्धित काममा संलग्न व्यक्तिलाई बुझाउँछ :

- **aida** — सहयोग गर्नु → **aidor** — सहायक
- **deteta** — पत्ता लगाउनु → **detetor** — गुप्तचर
- **dirije** — निर्देश गर्नु → **dirijor** — निर्देशक
- **fumi** — धूम्रपान गर्नु → **fumor** — धूम्रपान गर्ने
- **gania** — जित्नु → **ganior** — विजेता
- **jogla** — जादु गर्नु → **joglor** — जादुगर
- **parla** — बोल्नु → **parlor** — वक्ता
- **pexa** — माछा पकड्नु → **pexor** — माझी
- **carne** — मासु → **carnor** — कसाई
- **vaso** — भाँडो → **vasor** — कुमाले
- **futbal** — फुटबल → **futbalor** — फुटबल खेलाडी
- **tenis** — टेनिस → **tenisor** — टेनिस खेलाडी

**-ador** ले भने कार्यको समापनका लागि प्रयोग गरिएको साधन वा उपकरणलाई बुझाउँछ :

- **caldi** — तताउनु → **caldador** — हिटर
- **computa** — हिसाबकिताब गर्नु → **computador** — कम्प्युटर

- **fax** — फ्याक्स गर्नु → **faxador** — फ्याक्स मेसिन
- **lava** — धुनु → **lavador** — वासिङ मेसिन
- **parla** — बोल्नु → **parlador** — लाउड स्पिकर
- **surfa** — ब्राउज गर्नु → **surfador** — वेब ब्राउजर
- **umidi** — आलो बनाउनु → **umidador** — ह्युमिडिफायर

नाम वा क्रियापदको पछाडि **-eria** को प्रयोग गर्दा सो वस्तु पाइने ठाउँ वा सो कार्य गरिने ठाउँ भन्ने बुझिन्छ :

- **cafe** — कफी → **caferia** — क्याफे
- **pan** — पाउरोटी → **paneria** — बेकरी
- **beli** — सजाउनु → **beleria** — सैलुन
- **campana** — घण्टी → **campaneria** — घण्टाघर
- **fruto** — फल → **fruteria** — फलोद्यान
- **monce** — सन्यासी → **monceria** — मठ
- **planeta** — ग्रह → **planeteria** — ताराघर
- **xef** — मुख्य → **xeferia** — मुख्यालय

**-ia** ले गुण वा दोषको भाववाचक नामको रचना गर्छ । **-ia** मा टुङ्गिने शब्दमा नै सो प्रत्ययको प्रयोग गर्दा शब्दको स्वरूपमा कुनै परिवर्तन हुँदैन :

- **ajil** — फुर्तिलो → **ajilia** — फुर्ती
- **felis** — प्रसन्न → **felisia** — प्रसन्नता
- **jelosa** — ईर्ष्यालु → **jelosia** — ईर्ष्या
- **neutra** — निष्पक्ष → **neutria** — निष्पक्षता
- **madre** — आमा → **madria** — मातृत्व
- **enfante** — बालक → **enfantia** — बाल्यकाल
- **sultan** — सुलतान → **sultania** — सलतनत
- **fria** — चिसो → **fria** — चिसो
- **vea** — बुढो → **veia** — बुढेसकाल

**Enfantia** र **veia** जस्ता शब्दहरूले विशेष गुण वा दोषको समयलाई बुझाउँछन् ।

अध्ययनका विभिन्न क्षेत्रका नामको अन्त्यमा **ia** वा **ica** लागेका भए तापनि ती प्रत्यय जोडिएर बनेका शब्द नभई मूल शब्द नै हुन् । ती क्षेत्रमा अध्ययनरत वा कार्यरत व्यक्तिलाई बुझाउनका लागि शब्दमा **-iste** प्रत्यय लगाइन्छ । विभिन्न सम्प्रदाय वा विश्वासलाई अँगालेका व्यक्तिलाई बुझाउन पनि सो प्रत्ययको प्रयोग गरिन्छ :

- **jeografia** — भूगोल → **jeografiste** — भूगोलविद्
- **psicolojia** — मनोविज्ञान → **psicolojiste** — मनोवैज्ञानिक
- **cimica** — रसायनशास्त्र → **cimiciste** — रसायनशास्त्री
- **eletrica** — विद्युत् → **eletriciste** — इलेक्ट्रिसियन
- **musica** — सङ्गीत → **musiciste** — सङ्गीतकार
- **Crixna** — कृष्ण → **crixnaiste** — कृष्णवादी
- **ideal** — आदर्श → **idealiste** — आदर्शवादी
- **gitar** — गितार → **gitariste** — गितार वादक

- **solo** — एकल → **soliste** — एकल कलाकार
- **jornal** — पत्रिका → **jornaliste** — पत्रकार
- **sicle** — साइकल → **sicliste** — साइकल चालक

**-isme** ले भने विभिन्न कुराका मत वा सिद्धान्तलाई बुझाउँछ :

- **dauiste** — ताओ धर्मावलम्बी → **dauisme** — ताओ धर्म
- **altruiste** — परहितवादी → **altruisme** — परहितवाद
- **raziste** — वर्णभेदी → **razisme** — वर्णभेद
- **sindicatiste** — श्रमाधिपत्यवादी → **sindicatisme** — श्रमाधिपत्यवाद
- **turiste** — पर्यटक → **turisme** — पर्यटन
- **simbol** — प्रतीक → **simbolisme** — प्रतीकवाद
- **canibal** — नरभक्षी → **canibalisme** — नरभक्षण

### *कम फलदार प्रत्यय*

निम्न प्रत्ययलाई शब्दकोशमा परिभाषित केही शब्दहरूमा मात्र लगाइन्छ ।

**-eta** ले नामको लघुतावाची अर्थ जनाउँछ । लघुतावाची अर्थअन्तर्गत भित्री लुगा तथा जनावरका बच्चा पर्दछन् । क्रियापद तथा विशेषणमा **-eta** प्रत्यय लगाउँदा सो कार्य वा विशेषताको लघु अर्थलाई बुझाउँछ :

- **bebe** — शिशु → **bebeta** — नवजात शिशु
- **caro** — ठेलागाडी → **careta** — चक्कागाडी
- **imaje** — तस्बिर → **imajeta** — थमनेल
- **lente** — लेन्स → **lenteta** — कन्टचाक्ट लेन्स
- **mone** — पैसा → **moneta** — सिक्का
- **orolojo** — घडी → **orolojeta** — हाते घडी
- **bove** — गाई → **boveta** — बाछो
- **ovea** — भेडा → **oveta** — पाठो
- **calsa** — स्टकिङ → **calseta** — मोजा
- **camisa** — कमिज → **camiseta** — टिसर्ट
- **jaca** — कोट → **jaceta** — इस्टकोट
- **pluve** — पानी पर्नु → **pluveta** — सिमसिम पानी पर्नु
- **rie** — हाँस्नु → **rieta** — खित्का छोड्नु
- **parla** — बोल्नु → **parleta** — बातचित गर्नु
- **bela** — सुन्दर → **beleta** — आकर्षक

**-on** ले विशिष्ट तरिकाले विस्तार गरिएको वस्तुको नाम बनाउँछ । यसअन्तर्गत बाहिरी लुगा पनि पर्दछ :

- **abea** — मौरी → **abeon** — भमरो
- **caxa** — बाकस → **caxon** — क्रेट
- **dente** — दाँत → **denton** — खाग
- **dito** — औंलो → **diton** — अँगुठो
- **padre** — बुबा → **padron** — पितृसत्तात्म
- **sala** — कोठा → **salon** — बैठक कक्ष

- **seja** — कुर्सी → **sejon** — आरामकुर्सी
- **calsa** — स्टकिङ → **calson** — टाइट्स
- **jaca** — कोट → **jacon** — ओभरकोट

**-eta** र **-on** भने **peti** र **grande** का पर्यायवाची शब्द होइनन् । एलेफेनमा **un careta grande** र **un salon peti** हुनु पनि सम्भव छ । यिनले खासमा नयाँ शब्दका रचना गर्छन् जसलाई यत्तिकै कुरा गर्दा मूल शब्दका साना वा ठुला रूप भन्न सकिन्छ ।

परिवारका सदस्यलाई सम्बोधन गर्ने नाममा **-o** र **-a** लगाई क्रमशः ती शब्दका पुलिङ्गी र स्त्रीलिङ्गी शब्द बनाउन सकिन्छ :

- **tio, tia** — काका / मामा, काकी / माइजू

फलको नाममा रहेको अन्तिम **-a** लाई हटाएर त्यसको सट्टामा **-o** राख्दा सो फल फल्ने रूखको अर्थ बुझिन्छ :

- **pera** — नास्पाती → **pero** — नास्पातीको रूख

कहिलेकाहीँ ऐतिहासिक सामाजिक भूमिकाका पदको नाममा **-esa** प्रत्यय लगाई सो पदलाई स्त्रीलिङ्गी बनाइन्छ :

- **prinse** — राजकुमार → **prinsesa** — राजकुमारी

## *प्राविधिक शब्दरचना पद्धति*

ज्यादाबिधि अन्तर्राष्ट्रिय वैज्ञानिक तथा प्राविधिक शब्दावली युनानी तथा रोमन मूलमा प्राविधिक उपसर्ग र प्रत्यय जोडेर बनाइएको छ । तद्रूप पद्धतिको प्रयोग गरी एलेफेनको लिप्यन्तर नियमावलीको आधारमा एलेफेनमा प्राविधिक तथा पारिभाषिक शब्दको रचना गरिन्छ ।

भिन्न तथा गुणा जनाउनका लागि **-i** र **-uple** प्रत्ययहरूको प्रयोग गरिन्छ ।

## *समस्त शब्द*

क्रियापदलाई त्यसको कर्मसँग संयोजन गरी समस्त शब्दको निर्माण गर्न सकिन्छ । सो समस्त शब्दले उल्लिखित वस्तुमाथि उल्लिखित काम गर्ने व्यक्ति वा वस्तुलाई बुझाउँछ :

- **corti, ungia** — छोट्ट्याउनु, नङ → **cortiungia** — नङ काट्ने
- **covre, table** — छोप्नु, टेबुल → **covretable** — टेबुल पोस
- **fura, bolsa** — चोर्नु, झोली → **furabolsa** — चोर
- **lansa, petra** — फाल्नु, ढुङ्गा → **lansapetra** — गुलेली
- **para, morde** — रोक्नु, दंश → **paramorde** — मुखरोधनी
- **para, pluve** — रोक्नु, वर्षा → **parapluve** — छाता
- **pasa, tempo** — बिताउनु, समय → **pasatempo** — मनोविनोद
- **porta, mone** — बोक्नु, पैसा → **portamone** — बटुवा
- **porta, vose** — बोक्नु, आवाज → **portavose** — प्रवक्ता
- **brinca, dorso** — उफ्रनु, ढाड → **brincadorsa** — मेण्ढक कुद (*खेल*)

**Portavion** मा झैँ कर्मको सुरुवातमा रहेको स्वरवर्ण र क्रियापदको अन्त्यमा रहेको स्वरवर्ण एउटै नभएसम्म दुइटै स्वरवर्णलाई समस्त शब्दमा जस्ताको तस्तै राखिन्छ ।

एलेफेनमा दुइटा नामबाट समस्त शब्द बनाउन मिल्दैन । दुइटा नामको बिचमा एउटा सम्बन्ध कारक राख्नुपर्ने हुन्छ । उदाहरणका लागि,

- avia **de** mar — समुद्री पक्षी
- casa **per** avias — चिडियाघर
- xef **de** polisia — प्रहरी महानिरीक्षक

कहिलेकाहीँ यस्ता समस्त शब्दहरूले विशेष अर्थ दिन्छन् र तिनीहरूलाई एउटै शब्दको दर्जा लिइन्छ। उदाहरणका लागि, **leon-de-mar** (समुद्री सिंह) वास्तवमा सिंह होइन। त्यस्ता स्थितिमा शब्दहरूलाई योजक चिह्नले जोडिन्छ र विशेषणलाई दोस्रो नामको पछाडि राखिन्छ। सिधा अर्थ दिने समस्त शब्दका लागि पनि स्पष्टताका लागि योजक चिह्नले जोड्न सकिन्छ :

- un **leon-de-mar** grande — एउटा ठुलो समुद्री सिंह
- un **leon** grande **de mar** — समुद्रबाट आएको एउटा ठुलो सिंह
- un **avion** grande **de mar** — एउटा ठुलो जलविमान (*किनभने जलविमान पनि एक प्रकारको विमान नै त हो*)
- un **avion-de-mar** grande — एउटा ठुलो जलविमान (*वैकल्पिक*)
- un **avion de mar** grande — एउटा ठुलो जलविमान (*अस्पष्ट, समुद्र ठुलो छ भनेको हुन सक्छ*)

# सङ्क्षेपक चिह्न

एलेफेनमा धेरै **सङ्क्षेपक चिह्न**को प्रयोग गरिन्छ र तिनलाई लेख्दा बिचमा लाघव चिह्न वा बिन्दुको प्रयोग गरिँदैन ।

सामान्य प्रयोगमा आउने शब्द तथा वाक्यांशका लागि पनि सङ्क्षेपक चिह्नको प्रयोग गरिन्छ । तिनलाई वाक्यको सुरुवातमा नआएसम्म लघ्वक्षरमा नै लेखिन्छ :

- **acc** (ance conoseda como) — उर्फ
- **aec** (ante la eda comun) — इसापूर्व
- **ec** (de la eda comun) — सन्
- **etc** (e tal cosas, e tal continuante) — आदि
- **lfn** — लिङ्ग्वा फ्राङ्का नोभा
- **n** (numero) — नम्बर
- **nb** (nota bon) — कृपया टिपोट गर्नुहोस्
- **ovn** (ojeto volante nonidentifiada) — उडनतस्तरी
- **p** (paje, pages) — पृष्ठ
- **pd** (per dise) — अर्थात्
- **pe** (per esemplo) — उदाहरणका लागि
- **pf** (per favore) — कृपया
- **ps** (pos scrive) — पुनश्च
- **tv** (televisa, televisador) — टेलिभिजन
- **v** (vide) — हेर्नुहोस्

अन्तर्राष्ट्रिय मान्यता प्राप्त गरेका सङ्क्षेपक चिह्नलाई एलेफेनमा तद्रूप नै प्रयोग गरिन्छ :

- **cd** (disco compata) — कम्प्याक्ट डिस्क
- **pc** (computador personal) — व्यक्तिगत कम्प्युटर
- **cm** (sentimetre) — सेन्टिमिटर
- **km** (cilometre) — किलोमिटर
- **mg** (miligram) — मिलिग्राम
- **µm** (micrometre) — माइक्रोमिटर
- **MB** (megabait) — मेगाबाइट

व्यक्तिवाचक नाम तथा उपाधिका सङ्क्षेपक चिह्नमा बृहदाक्षरको प्रयोग गरिन्छ । यद्यपि, **la** र **de** जस्ता सानातिना शब्दलाई न त बृहदाक्षरमा लेखिन्छ न त सङ्क्षेपक चिह्नमा समावेश नै गरिन्छ । त्यस्ता नामलाई सङ्क्षेपक चिह्नको रूपमा प्रस्तुत गर्दाखेरि पनि तिनको अगाडि **la** को प्रयोग गरिन्छ :

- **Dr** (dotor) — डाक्टर
- **Sr** (senior) — श्रीमान्
- **Sra** (seniora) — श्रीमती
- la **NU** (Nasiones Unida) — संयुक्त राष्ट्र सङ्घ
- la **RU** (Rena Unida) — संयुक्त अधिराज्य
- la **SUA** (Statos Unida de America) — संयुक्त राज्य अमेरिका

विश्वविख्यात सङ्क्षेपक चिह्नलाई एलेफेनमा तद्रूप नै प्रयोग गरिन्छ :

- **IBM** — इन्टरनेसनल बिजनेस मेसिन कर्पोरेसन
- **KGB** — कमितेत गसुदात्स्र्वनय बिजापास्नस्ती

# लेख्य चिह्न

एलेफेनमा **लेख्य चिह्न**सम्बन्धी कुनै कडा नियम छैन । स्पष्टता र सङ्गतिलाई ध्यानमा राखेर लेख्य चिह्नको प्रयोग गर्नु पर्याप्त हुन्छ । यद्यपि, एलेफेनमा लेख्य चिह्नको प्रयोगका लागि बनाइएका नियमहरू युरोपेली भाषाहरूमा लेख्य चिह्नको प्रयोगका नियमहरूमा आधारित छन् ।

वाक्यको पहिलो शब्दको सुरुवातमा बृहदाक्षरको प्रयोग गर्नुपर्छ ।

## *प्राथमिक लेख्य चिह्न*

सामान्य वाक्यको अन्त्यमा **पूर्णविराम** (.) को प्रयोग गरिन्छ ।

वाक्य प्रत्यक्ष प्रश्न हो भने त्यसको अन्त्यमा **प्रश्नवाचक चिह्न** (?) को प्रयोग गरिन्छ ।

वाक्यमा आश्चर्य, खुसी, अफसोच, घृणा आदि भाव बुझाइएको छ भने त्यसको अन्त्यमा **उद्गार चिह्न** (!) को प्रयोग गरिन्छ ।

**अल्पविराम** (,) ले वाक्यमा विश्रामको सूचना गर्छ अथवा वाक्यका भागलाई स्पष्ट पार्नका लागि त्यसको प्रयोग गरिन्छ । सूचीमा रहेका वस्तुलाई छुट्ट्याउनका लागि पनि अल्पविरामको प्रयोग गरिन्छ ।

सङ्ख्या लेख्दा दशमलवका लागि लेखकको इच्छाअनुसार अल्पविराम वा बिन्दुको प्रयोग गरिन्छ ।

**निर्देशक चिह्न** (:) ले कुनै कुराको सूचना दिन्छ । निर्देशक चिह्नको प्रयोग गरेपछि सम्पूर्ण वाक्य लेख्ने भए सो वाक्यको पहिलो वर्णलाई बृहदाक्षरमा लेख्नुपर्छ नभए वाक्यांश तथा सूचीका लागि लघ्वक्षर नै ठिक हुन्छ ।

**अर्धविराम** (;) लाई अन्तिम वाक्यको समर्थनमा आउने उपवाक्यको पछाडि प्रयोग गरिन्छ । यसले धेरै अल्पविराम भएका लामा उपवाक्यलाई छुट्ट्याउने काम पनि गर्छ ।

प्राथमिक लेख्य चिह्नको देब्रेपट्टि खाली ठाउँ छोड्नु हुँदैन । यद्यपि, अनुच्छेदको अन्त्यमा बाहेक अन्य प्रयोगमा लेख्य चिह्नको दाहिनेपट्टि खाली ठाउँ छोड्नुपर्छ ।

## *उद्धरण चिह्न*

प्रत्यक्ष भनाइ प्रस्तुत गर्दा **उद्धरण चिह्न**को प्रयोग गरिन्छ । विश्वभर उद्धरण चिह्नका रूपमा विभिन्न चिह्नको प्रयोग गरिन्छ । एलेफेनमा भने “” लाई मान्यता दिइन्छ । प्रत्यक्ष कथनभित्र नै अर्को कथन आएमा '' को प्रयोग गरिन्छ । यद्यपि, दैनिक बातचितको प्रसङ्गमा उद्धरण चिह्नको खासै महत्त्व छैन । कथन र उद्धरण चिह्नको बिचमा खाली ठाउँ छोड्नु हुँदैन ।

केही भाषाहरूमा कथनको बिचमा नै अर्को व्यक्तिले बोल्न थालेमा उद्धरण चिह्नको सट्टामा – को प्रयोग गरिन्छ । एलेफेनमा त्यसो नगर्ने सल्लाह दिइन्छ किनभने सो चिह्नका अन्य प्रयोग पनि छन् जसकारण भ्रम पैदा हुन सक्छ ।

कथामा पात्रले भनेको कुरालाई प्रस्तुत गर्दा सो पात्रको नाम र सो कथनको बेलाको हाउभाउलाई समेत कथामा समावेश गरिन्छ । त्यस्तो बेलामा चाहिँ हाउभाउको वर्णन र कथनको बिचमा – को प्रयोग गर्ने सल्लाह दिइन्छ । त्यसो गर्दा कथित वाक्यमा रहेको लेख्य चिह्नमा परिवर्तन गर्नुपर्दैन :

- La vendor murmura – “Ma lo no es tan simple, mea ami.”
- “Me acorda.” – la om responde felis.
- “Perce tu es asi?” – la fem demanda.
- “Cisa” – la bonvolor sujesta – “me pote aida.”

- "Me ave un ami nomida Freda," – el esplica – "ci es un tortuga."

विशेष शब्दमा ध्यान दिनुपर्दा एकोहोरो उद्धरण चिह्नको प्रयोग गरिन्छ :

- Me gusta la parola "xuxa".
- Sua sposa ia comenta – "Me gusta la parola 'xuxa'."

## *अतिरिक्त लेख्य चिह्न*

**अनेक बिन्दु** (...) ले छोटो विश्राम वा कुनै शब्द छुटेको बुझाउँछ।

**योजक चिह्न** (- वा –) र **कोष्ठ चिह्न** ((...)) ले वाक्यको सामान्य प्रवाहमा थपिएको टिप्पणीलाई बुझाउँछन्।

**सङ्क्षेपक चिह्न** (') ले स्वरवर्णको लोपलाई बुझाउँछ। प्रायः काव्यमा स्वरवर्णको यस्तो लोप हुन्छ।

एलेफेनमा देशको चलनअनुसार **मौद्रिक चिह्न** (€, ¥, £, $) लाई मूल्यको अगाडि वा पछाडि राखिन्छ।

यीबाहेक अन्य लेख्य चिह्न त छन् तर तिनका लागि एलेफेनमा कडा नियम छैनन्।